# वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश अन्तर्गत कार्यालयहरूको आ.व. २०८३/८४ मा सञ्चालन हुने कार्यक्रमहरूको

# कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८३

गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

पोखरा, नेपाल

वन अधिकृत

महाशाखा प्रमुख

सचिव

गण्डकी प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

कार्यालय कोड: ३२९००३९०१४

☎ ०६१-५९०३०४
५९०३०५/५९०३०६
पोखरा, नेपाल

पत्र संख्याः २०८३/८४
चलानी नं. ३१५

मितिः २०८३।०५।२५

विषय: स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८३
पठाइएको सम्बन्धमा।

श्री वन निर्देशनालय, गण्डकी प्रदेश, पोखरा ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, गण्डकी प्रदेश, पोखरा ।
श्री डिभिजन वन कार्यालय (सबै), गण्डकी प्रदेश।
श्री भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँ र पर्वत।

प्रस्तुत विषयमा यस मन्त्रालय र अन्तगर्तका कार्यालयहरुको चालु ,आ.व. २०८३।८४ मा सञ्चालन हुने कार्यक्रमहरुको **कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८३** मिति २०८३।०५।२५ मा माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भएकोले, प्रचलित नेपाल सरकार एवं गण्डकी प्रदेश सरकारका कानूनका परिधि भित्र रही नियमानुसारको कार्यान्वयनको लागि यसै पत्रसाथ संलग्न गरी पठाईएको बेहोरा आदेशानुसार अनुरोध छ।

(राजेश पौडेल)
वन अधिकृत

Email : moitfe4@gmail.com

Website- mofesc.gandaki.gov.np

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

**कार्यक्रम तथा बजेट कार्यान्वयन गर्दा देहायका बुँदाहरूमा ध्यान दिनुपर्नेछः**

(१) यस मापदण्ड अनुसार प्रदेश सरकारबाट स्वीकृत भएको कार्यक्रमहरू सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका निर्देशिका, कार्यविधि र मापदण्डको पालना गरी कार्यान्वयन गर्नु पर्नेछ। संघीय सशर्तका कार्यक्रमहरूको हकमा नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय र मातहतका विभागहरूबाट जारी भएका निर्देशिका, कार्यविधि र मापदण्ड समेतलाई आधार मानी सञ्चालन गर्नु पर्नेछ।

(२) यस मापदण्डमा उल्लिखित विषयहरूको पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) तोकिएको त्रैमासिकभित्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यदि समयमा कुनै कार्यक्रम सञ्चालन गर्न नसकिएमा कारण सहितको विवरण समयमै मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(४) यस मापदण्ड बमोजिम स्वीकृत वार्षिक कार्यक्रमहरू बजेटको परिधिभित्र रही प्रचलित संघीय ऐन नियम (सार्वजनिक खरिद सम्बन्धी ऐन नियम, भ्रमण खर्च नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन नियम, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन) तथा गण्डकी प्रदेश सरकारको प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन नियम, प्रदेश खर्चको मापदण्ड, गण्डकी प्रदेश बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१) को पालना गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(५) यस मापदण्डमा उल्लिखित कार्यक्रमहरू महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृत एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (छैठौं परिमार्जन सम्म) बमोजिमका चालु र पूँजीगत शीर्षकको बजेट तथा कार्यक्रमहरू सोही प्रकृतिका क्रियाकलापहरूमा मात्र खर्च गर्नुपर्नेछ।

(६) पूँजीगत खर्च शीर्षक अन्तर्गतका क्रियाकलापहरु सम्पन्न भए पछि कायदिश/सम्झौता, लागत अनुमान, सक्कल बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन, ठेक्का बिल, जाँचपास प्रतिवेदन, कार्य चरणको फोटो लगायतका आवश्यक कागजातहरु समावेश गरी भुक्तानीको लागि पेस गर्नु पर्नेछ। एक लाख रुपैया भन्दा माथिका निर्माण कार्य सम्पन्न पश्चात योजना सूचना पाटी टाँस गर्नु पर्नेछ।

(७) कार्यक्रम कार्यन्वयनको क्रममा यस सम्बन्धी प्रचलित कुनै ऐन, नियम, निर्देशिका र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(८) कार्यक्रम सञ्चालन गर्दा जैविक विविधता संरक्षण, मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण, स्थानीय समुदायको आयआर्जनमा टेवा पुग्ने र सामाजिक एवम् वातावरणीय दृष्टिकोणले सकारात्मक प्रभाव पर्ने कार्यहरूलाई एकीकृत रुपमा सञ्चालन गर्नुपर्नेछ।

(९) यस मापदण्डमा उल्लेख नभएको तर उस्तै प्रकृतिका कार्यक्रम भएमा विगतका आ.व हरुका मापदण्ड/कार्यविधिहरु बमोजिम गर्न सकिनेछ।

(१०) यस मापदण्डले नसमेटेको तर वन तथा भू-संरक्षण विभागको स्वीकृत कार्यविधिमा उल्लेख भएका क्रियाकलापहरू सोही बमोजिम सञ्चालन गर्न सकिनेछ।



वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

# विषय सूची

## परिच्छेद-१

## प्रारम्भिक


१. संक्षिप्त नाम र प्रारम्भः ........ १

२. परिभाषाः ........ १


## परिच्छेद २


**वन तथा वातावरणसँग सम्बन्धित क्रियाकलाप** ........ २

३. बिरुवा उत्पादनः ........ २

४. बहुवर्षीय बिरुवाको हेरविचार र रेखदेखः ........ २

५. जडीबुटी/गैरकाष्ठ वन पैदावार बिरुवा रोपण सहयोग (सतुवा, टिमुर, ओखर, निरमसी समेत): ........ ३

६. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयनः ........ ३

७. वार्षिक/त्रैमासिक प्रगति समीक्षा तथा योजना तर्जुमा गोष्ठीः ........ ४

८. समन्वय बैठक (अतिक्रमण नियन्त्रण समन्वय समिति/वन क्षेत्र समन्वय समिति/WCCB समन्वय वैठक वा संस्थागत विकास गर्ने): ........ ४

९. प्रचारप्रसार सामग्री प्रकाशन तथा वितरण/छपाई खर्चः ........ ५

१०. वन, वातावरण जलाधार तथा जलवायु आदि सम्बन्धी गुनासो उजुरी छानबिन/वन वन्यजन्तु अपराध तथा उजुरी छानबिन (अ,दु.अ.आयोगबाट प्राप्त समेत): ........ ५

११. अदालतबाट वकपत्रको लागि बोलावट हुँदाको लागि भत्ताः ........ ६

१२. भवन मर्मत सुधार तथा स्तरोन्नति/ निर्माण कार्यक्रम/ काठ दाउराको घाटघद्दि व्यवस्थापनका लागि सेडहाउस निर्माणः ........ ६

१३. सव डिभिजन वन कार्यालय सञ्चालन तथा व्यवस्थापनः ........ ६

१४. सव डिभिजन वन कार्यालयहरूको सवलिकरण तथा व्यवस्थापनः ........ ७

१५. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी तथा वन हस्तान्तरणः ........ ७

१६. सा.व.उ.स.को कार्ययोजना नवीकरण सहयोग (उत्सर्जन न्यूनीकरण तथा गरिव, महिला र दलित लक्षित, जलवायू परिवर्तन अनुकूलन योजना): ........ ८

१७. सामुदायिक वनमा पोल थिनिङ समेत गरी व्यवस्थापनः ........ ९

१८. सामुदायिक वन उपभोक्ता समूह संस्थागत सुदृढीकरण तथा लेखा व्यवस्थापन कोचिङ/क्षमता विकासः १०




वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नन्दु गुरुङ

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल


१९. सामुदायिक वनमा स्थलगत अभ्यास: ............ १०

२०. सामुदायिक वन उपभोक्ता समूहका महिलाहरूको सीप अभिबृद्धिका लागि वन पैदावारमा आधारित हस्तकला निर्माण तालिम: ............ १०

२१. महिला उद्यमीको लागि वन उद्यम (अल्लो धागोबाट कपडा बुन्ने) तालिम: ............ ११

२२. वनमा रहेका ज्वलनशील पदार्थ तथा मिचाह प्रजातिको व्यवस्थापन तथा संकलन गरि प्राङ्गरिक मल उत्पादन: ११

२३. संरक्षण पोखरी निर्माण /एक सामुदायिक वन एक पोखरी: ............ १२

२४. हरियाली प्रवर्द्धन कार्यक्रम- स्टम्प रोपण र सुरक्षा समेत/तारजाली ............ १२

२५. जिल्लाको वन क्षेत्रको आवधिक योजना सहितको रणनीतिक योजना तयारी (वातावरणीय अध्ययन सहित) १३

२६. वन संरक्षण कार्यक्रम तथा वन अपराध नियन्त्रणको लागि गस्ती परिचालन: ............ १४

२७. सव डिभिजन वन कार्यालयबाट वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रणका लागि गस्ती परिचालन: १५

२८. दिवस/समारोह: ............ १५

२९. कबुलियती वन समूह गठन र कार्ययोजना तयारी (जीविकोपार्जन सुधार योजना समेत): ............ १६

३०. कबुलियती वन कार्ययोजना नवीकरण: ............ १६

३१. कबुलियती वनमा सामाजिक परिचालन सेवा: ............ १७

३२. वन डढेलो तथा अतिक्रमण नियन्त्रण र वन, वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी स्कुल शिक्षा कार्यक्रम: ............ १८

३३. नर्सरी मर्मत सम्भार/स्तरोन्नति: ............ १८

३४. पञ्चासे वन संरक्षण क्षेत्रमा प्राविधिक सहयोग (रेञ्जर, सुपरभाइजर र फिल्ड सहयोगी): ............ १८

३५. इकाइ तथा परिषदको सुदृढीकरण: ............ १९

३६. मेशिनरी औजार/सामान/आकस्मिक रुख कटान तथा व्यवस्थापन गर्नका लागि चेन स (Chain Saw) खरिद/फर्निचर फिक्चर्स खरिद: ............ २०

३७. कृषि वन विकास तथा विस्तार कार्यक्रम: ............ २०

३८. सहरी हरित पार्क/सौंदर्यीकरण/रोड साईड प्लान्टेसन कार्यक्रम: ............ २१

३९. मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा वन्यजन्तु उद्दार: ............ २२

४०. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण (तारबार/मेस जाली/पर्खाल निर्माण तथा वन क्षेत्र घेरबार): ............ २२

४१. सामुदायिक वनहरूको अनुगमन तथा प्रतिवेदन तयारी/कबुलियती वनको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयारी: ............ २३




वन अधिकृत

शाखा प्रमुख

प्रदेश सचिव

गुरुङ
माननीय मन्त्री

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

४२. वार्षिक प्रगति पुस्तिका प्रकाशन तथा वितरणः ........ २४
४३. पर्यापर्यटन/वनस्पति/हरित पार्क/हरित बाल उद्यान/नक्षत्र वाटिका निर्माण/मर्मत/स्तरोन्नतिः ........ २४
४४. पञ्चासे वन संरक्षण क्षेत्रमा संचालन हुने मेला, महोत्सव सहयोग/अनुदान कार्यक्रमः ........ २५
४५. ढलापडा, बेवारिसे तथा बरामदी काठ संकलनः ........ २६
४६. वन व्यवस्थापन गरी काठ दाउरा उत्पादनः ........ २६
४७. विकास र वातावरण विच समन्वय तथा जलवायू परिवर्तनको असरलाई न्यून गर्नका लागि स्थानिय तहसँग समन्वय गोष्ठीः ........ २७
४८. भूसंवेदनशील क्षेत्रमा समुदाय मार्फत अम्रिसो/बाँस लगायतका प्रजाति रोपण कार्यक्रमः ........ २७
४९. जोखिमयुक्त रुखको व्यवस्थापनः ........ २८
५०. वन्यजन्तुबाट भएको क्षतिको राहत सम्बन्धी जाँचबुझ तथा प्रतिवेदन तयारीः ........ २९
५१. वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण ........ २९
५२. वर पिपल शमी रोपण चौतारा निर्माण, मर्मत तथा सौन्दर्यीकरण/चौतारो संरक्षण/ स्तरोन्नतिः ........ २९
५३. वन्यजन्तु उद्दार, व्यवस्थापन तथा पुनर्स्थापनाः ........ २९
५४. पचभैया प्राणी उद्यान विकास तथा वन्यजन्तु उद्दार केन्द्रमा पुर्वाधार निर्माण / उद्दार केन्द्रको सूरक्षाको लागि ट्रष्ट हाउस निर्माणः ........ ३०
५५. वन तथा वन्यजन्तु सम्बन्धी उजुरीको अनुसन्धान, तहकिकात र मुद्धा दायरीः ........ ३०
५६. पुरानो काठ दाउराको पुन नापजाँच गरी रेकर्ड अद्यावधिक गर्ने कार्य/घाटगद्दी व्यवस्थापन गर्नेः ........ ३०
५७. गण्डकी प्रदेश स्थापना देखि हालसम्म भएको वन पैदावार उत्पादन एवं विक्री वितरण, मानव वन्यजन्तु राहतउद्दार लगायतका उपलब्धिहरुको एकिकृत तथ्याङ्क प्रतिवेदन तयारीः ........ ३१
५८. अन्य प्रयोजनका लागि वन क्षेत्रको जग्गाको यथोचित उपयोग, अनुगमन र प्रतिवेदन तयारीः ........ ३१
५९. वातावरण अध्ययन प्रतिवेदन सम्बन्धमा प्राविधिक समितिको व्यवस्थापन, सञ्चालन तथा स्वीकृत प्रतिवेदन कार्यान्वयनको नियमनः ........ ३२
६०. आन्तरिक पर्यटन प्रर्वद्धन कार्यक्रमः ........ ३२
६१. वन डढेलो नियन्त्रणका लागि Rapid Response टिम गठन र परिचालनः ........ ३२
६२. सरोकारवालासँग समन्वय गोष्ठी (पञ्चासे समेत)/ वन डढेलो नियन्त्रण वन व्यवस्थापन र चोरी शिकार नियन्त्रण गोष्ठीः ........ ३३
६३. सव डिभिजन वन कार्यालय मार्फत संवेदनशील वन क्षेत्रको पहिचान गरी अग्निरेखा सरसफाई तथा Control Burning: ........ ३३
६४. प्रदुषण र फोहरमैला व्यवस्थापन कार्यक्रमः ........ ३४
६५. सिमसार संरक्षण तथा व्यवस्थापन कार्यक्रमः ........ ३४



वन अधिकृत
शाखा प्रमुख
प्रदेश सचिव
नन्दु गुरुङ

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

६६. वृक्षारोपण: ........ ३४

६७. सामुदायिक वनमा वन उद्यम प्रवर्धन कार्यक्रम: ........ ३५

६८. अन्नपूर्ण जलवायु सम्मेलनः कालीगण्डकी संवादः ........ ३५

६९. प्रदेशको उत्कृष्ट सामुदायिक वन उपभोक्ता समूह र कबुलियती वन उपभोक्ता समूहलाई पुरस्कारः.... ३६

७०. वन व्यवस्थापन सूचना प्रणाली (Forest Management Information System-FMIS) को विकास तथा सञ्चालन: ........ ३७

७१. वन, वातावरण, जलाधार, जलवायु परिवर्तन तथा वन्यजन्तु संरक्षण एवं सेवामूलक कार्य गर्ने संस्थाहरूलाई दिइने अनुदान: ........ ३७

७२. जलवायु परिवर्तन तथा वातावरण संरक्षण सम्बन्धी सचेतनामूलक कला प्रदर्शनी कार्यक्रम: ........ ३७

७३. ठोट्नेखोला सा.व. पोखरा १८ मा सिताके च्याउ उत्पादनको लागि आवश्यक पूर्वाधार निर्माण (प्लास्टिक टनेल समेत): ........ ३८

७४. ठोट्नेखोला सामुदायिक वनमा अग्नी रेखा तथा वन पथ निर्माण: ........ ३९

७५. अर्किड संरक्षणका लागि अर्किड पथ/ सर्किट विकास निर्माण: ........ ३९

७६. जडीबुटी तथा गैरकाष्ठ खेती प्रवर्द्धन प्रोत्साहन कार्यक्रम: ........ ३९

७७. कालिका सामुदायिक वनमा दिगो वन व्यवस्थापन मार्फत जलवायु परिवर्तन अनुकूलन कार्यक्रम, राइनास न.पा.-८, लमजुङ: ........ ४०

७८. गैरकाष्ठ तथा जडिबुटी जन्य बिरुवा उत्पादन जलवायु अनुकुलन हाइ टेक नर्सरी स्थापना लोमानथाङ गा.पा. मुस्ताङ: ........ ४०

**परिच्छेद-३**

**भू तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित कार्यक्रम** ........ ४१

७९. सिंचाई कुलो संरक्षण/स्तरोन्नति/कुलो मुहान संरक्षण/बाँध संरक्षण: ........ ४१

८०. खोला नियन्त्रण/बाढी नियन्त्रण/नदी नियन्त्रण/खोला तटवन्धन/कटान संरक्षण/खोल्सी संरक्षण/नियन्त्रण/ तटवन्धन कार्य: ........ ४२

८१. खेतवारी संरक्षण कार्यक्रम: ........ ४२

८२. पोखरी संरक्षण/पोखरी निर्माण/रिचार्ज पोखरी निर्माण/ ताल दह संरक्षण व्यवस्थापन/ताल सिमसार संरक्षण: ४३

८३. कम खर्चिलो भू संरक्षण प्रविधिको प्रयोग गरी पहिरो रोकथाम तथा खोला कटान नियन्त्रण: ........ ४३

८४. गल्छी तथा पहिरो उपचार/पहिरो नियन्त्रण/पहिरो भू संरक्षण/पहिरो रोकथाम/भूक्षय नियन्त्रण/ भलबाढी नियन्त्रण/पहिरो व्यवस्थापन/जग्गा संरक्षण/जलाधार क्षेत्र संरक्षण/भू संरक्षण/संरक्षण: ........ ४४

८५. बाँसको कल्म कटिङ तयारी रोपण/बाँस, निगालो तथा राइजोम खरिद/वितरण: ........ ४५

वन अधिकृत
महाशाखा प्रमुख
प्रदेश सचिव
नम्दु गुरुङ

८६. पानी/खानेपानी मुहान/पधेरो कुवा संरक्षण/मर्मत कार्यक्रमः ........ ४५

८७. कम खर्चिलो भू संरक्षण प्रविधिको प्रयोग गरी नमूना क्षेत्र/प्रदर्शन स्थल (Demonstration site) स्थापना: ४६

८८. आकस्मिक भूक्षय नियन्त्रण तथा जलउत्पन्न प्रकोप नियन्त्रण कार्यक्रमः ........ ४६

८९. नदी उकास जग्गा पुनर्स्थापना तथा संरक्षणः ........ ४७

९०. कम खर्चिलो भू-संरक्षण प्रविधि तालिमः ........ ४७

९१. स्थानीय तह तथा सरोकारवाला बीच समन्वय गोष्ठीः ........ ४८

९२. सडक संरक्षण कार्यक्रमः ........ ४८

९३. ताल पूर्वाधार निर्माण तथा सौन्दर्यीकरणः ........ ४९

९४. वस्ती संरक्षण/वस्ती व्यवस्थापनः ........ ४९

९५. गोरेटो बाटो सुधार/ पदमार्ग निर्माणः ........ ४९

९६. बायोइन्जिनियरिङ्ग वा कम खर्चिलो भू संरक्षण प्रविधिको प्रयोग गर्नु पर्नेः ........ ५०

**परिच्छेद-४**

**अध्ययन, अनुसन्धान र तालिम तथा प्रशिक्षण कार्यक्रम** ........ ५१

९७. मर्स्याङ्गदी वृहत जलाधार क्षेत्रमा जलवायू परिवर्तनले जैविक विविधता र पर्यापर्यटनमा पारेको प्रभाव अध्ययनः ........ ५१

९८. वन विज्ञान अध्ययन संस्थानसँगको सहकार्यमा वन क्षेत्रगत अनुसन्धान ........ ५१

९९. वन विज्ञान अध्ययन संस्थान पोखराको अनुसन्धात्मक नर्सरी संचालनः ........ ५२

१००. वन विज्ञान अध्ययन संस्थान पोखराका विघार्थीलाई ईन्टर्नसिप मार्फत सेवाप्रवाहमा सवलिकरणः ........ ५३

१०१. कर्मचारी टिम विल्डिङ कार्यक्रमः ........ ५४

१०२. सार्वजनिक खरिद (E-Bidding) तथा जिन्सी व्यवस्थापन तालिम/GIS सम्बन्धी तालिम /वन श्रोत सर्वेक्षण मापन तथा कार्ययोजना तयारी सम्बन्धी तालिम (वन रक्षक र फरेष्टर)/ वन विकास निर्माण तथा भू संरक्षण कार्यमा लागि डिजाईन तथा लागत अनुमान तयार गर्ने तालिम/ वन संवर्धनमा आधारित दिगो वन व्यवस्थापन तालिम/मुद्दा अनुसन्धान तहकिकात तथा अभियोजन सम्बन्धी तालिम/ कर्मचारीहरुका लागि तनाब व्यवस्थापन र सुशासन प्रवर्धन तालिम कार्यक्रम सञ्चालन प्रक्रिया तथा सेवा सुविधाः ........ ५४

१०३. प्रचलित कानुन बमोजिम हुनेः ........ ५६

अनुसूचीहरु

वन अधिकृत    महाशाखा प्रमुख    प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

# कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८३

**प्रस्तावनाः** गण्डकी प्रदेशको वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रमलाई एकरुपता कायम गर्दै व्यवस्थित, पारदर्शी, मितव्ययी र प्रभावकारी कार्यान्वयन गरी लक्ष्य अनुरूपको उद्देश्य हासिल गर्न आवश्यक भएकोले,

गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयले देहायको मापदण्ड बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अंर्थ नलागेमा यस मापदण्डमा,-

क) "उपभोक्ता" भन्नाले गण्डकी प्रदेशभित्र स्थायी बसोबास गर्ने प्राकृतिक स्रोत व्यवस्थापन समूह/ समितिमा आवद्ध घरधुरीलाई सम्झनु पर्छ।

ख) "उपभोक्ता समिति" भन्नाले गण्डकी प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा २६ बमोजिम गठन गरिने उपभोक्ता समिति सम्झनु पर्छ।

ग) "कार्यक्रम" भन्नाले मन्त्रालय तथा मातहतका निकायको वार्षिक विकास कार्यक्रम तथा बजेट सम्झनु पर्छ।

घ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको डिभिजन वन कार्यालयहरू, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू र वन्यजन्तु उद्दार तथा व्यवस्थापन केन्द्र सम्झनु पर्छ।

ङ) "कार्यविधि" भन्नाले गण्डकी प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ सम्झनु पर्छ।

च) "नर्सरी" भन्नाले वृक्षारोपण प्रयोजनका लागि बिरुवा हुर्काउने, बढाउने तथा निश्चित अवधिसम्म सुरक्षित गरी राख्ने स्थान वा संरचनालाई सम्झनु पर्छ।

छ) "निर्देशनालय" भन्नाले प्रदेश वन निर्देशनालयलाई सम्झनु पर्छ।

ज) "पर्यापर्यटन" भन्नाले वातावरण संरक्षण र स्थानीय समुदायको हितको प्रतिकूल नहुने गरी वन क्षेत्रमा गरिने वन, वन्यजन्तु, वातावरण लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधीलाई सम्झनु पर्छ र सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने क्रियाकलापलाई समेत सम्झनु पर्छ।

झ) "केन्द्र" भन्नाले मन्त्रालय मातहतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र सम्झनु पर्छ।



वन अधिकृत

शाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ

ञ) "प्राविधिक" भन्नाले मन्त्रालय र अन्तर्गतका कार्यालयहरूमा कार्यरत विभिन्न सेवा, समूहका प्राविधिक कर्मचारीलाई सम्झनु पर्छ।

ट) "बायोइन्जिनियरिङ" भन्नाले भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्रियाकलापहरूमा जैविक तथा भौतिक संरचना सँगसँगै राखी निर्माण वा स्थापना गर्ने प्रविधि सम्झनु पर्छ।

ठ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

ड) "मुद्दा" भन्नाले वन र वन्यजन्तु सम्बन्धी कसुरमा सम्बन्धित अदालतमा पेस भएको अभियोजन पत्र सम्झनु पर्छ।

## परिच्छेद २

## वन तथा वातावरणसँग सम्बन्धित क्रियाकलाप

३. **बिरुवा उत्पादन:** (१) यस कार्यक्रमको मुख्य उद्देश्य स्थानीय माग र अनुकूलता अनुसार रुख काष्ठ तथा विभिन्न प्रजातिका वहुउपयोगी गुणस्तरीय बिरुवाहरू उत्पादन र वितरण गरी हरियाली प्रवर्द्धन गर्ने रहेको छ।

(२) यस कार्यक्रममा देहाय बमोजिमका क्रियाकलापहरू समेट्नु पर्नेछः

क) कम्तीमा ३"x ७" को पोलिब्यागमा बिरुवा उत्पादन,

ख) स्थानीय माग बमोजिमका प्रजातिका बिउ/कटिङ खरिद,

ग) बिरुवाको उचाइ कम्तीमा १ फिट (ढिलो बढ्ने प्रजाति वाहेक),

घ) नर्सरी नाइकेको पारिश्रमिक,

ङ) यस कार्यक्रमबाट नर्म्स अनुसारको रोप्न योग्य बिरुवाको उत्पादन लागत प्रति बिरुवा बढीमा पन्ध्र रुपैयाँ हुनेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेटको लागि कार्यान्वयनका लागि कार्यालयबाट कार्यदिशा दिँदा उत्पादन गर्ने बिरुवाका प्रजाति उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको क्रियाकलाप सम्पन्न भएपछि बिल भरपाई र फोटो सहितको कार्यसम्पादन प्रतिवेदन पेस गर्नु पर्नेछ।

४. **बहुवर्षीय बिरुवाको हेरविचार र रेखदेख:** (१) विगतका आर्थिक वर्षहरूमा उत्पादन भइ नर्सरीमा मौज्दात रहेका बिरुवाहरूको संरक्षण, रेखदेख, गोडमेल, ग्रेडिङ, रुट प्रुनिङ, मलजल, किटनाशक औषधी, घेराबार,

वन अधिकृत महाशाखा प्रमुख २ प्रदेश सचिव नम्दु गुरुङ

छहारी मर्मत सुधार, सिंचाई आदि कार्य गर्न कामदार परिचालन गर्न सकिनेछ। यसका लागि प्रचलित नर्म्स र जिल्ला दररेटको प्रयोग गरी लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको परिचालित कामदारको ज्याला भुक्तानी, बिरुवा रेखदेखको लागि सामग्री खरिद लगायतका कार्यहरू यस कार्यक्रममा विनियोजित रकमबाट गर्न सकिनेछ।

५. **<u>जडीबुटी/गैरकाष्ठ वन पैदावार बिरुवा रोपण सहयोग (सतुवा, टिमुर, ओखर, निरमसी समेत)</u>:** (१) यस कार्यक्रम कार्यान्वयनका लागि डिभिजन वन कार्यालयको कार्य क्षेत्रको भौगोलिक अवस्था, हावापानी र अनुकूलता सुहाउँदो र जिल्ला जडीबुटी फोकल टिमको बैठकबाट निर्णय गरी छनोट भएका प्रजाति (जस्तैः सतुवा, टिमुर, दाँते ओखर, लौठसल्ला, निरमसी, अतिस, चिराइतो आदि) का बिरुवा वृक्षारोपण गर्न/गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम वृक्षारोपण गर्न/गराउनका लागि इच्छुक कृषि समूह, कृषि सहकारी, कृषि फर्म, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह, निजी वन धनीबाट सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इच्छुक व्यक्ति/संस्था/समूहले पेस गरेको प्रस्तावको नियमानुसार मूल्याङ्कन, छनोट, सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) यस कार्यक्रममा विनियोजित रकम डिभिजन वन कार्यालयबाट फिल्ड भेरिफिकेसन, व्यक्ति/संस्था/समूहलाई वृक्षारोपण सम्बन्धी अभिमुखीकरण तालिम, बिरुवा खरिद, ढुवानी, वितरण, रोपण लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

(५) कार्यक्रम सम्पन्न भए पछि नियमानुसार भुक्तानीको लागि खर्चको विल भरपाई कागजातहरू र फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

६. **<u>वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन</u>:** (१) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन गर्दा देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) डिभिजन वन कार्यालयले विगत वर्षहरूको डढलोको तथ्याङ्क, क्षति भएको वन क्षेत्र र सिकाइको आधारमा वन डढेलो नियन्त्रण र व्यवस्थापनका लागि चालु आ.व.मा जिल्लामा हुन सक्ने वन डढेलो घटनाको अनुमान र आँकलन गरी जिल्लास्तरीय वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

ख) समूह संजाल गठन र परिचालन, प्रचारप्रसार सामग्री उत्पादन तथा वितरण, जनचेतना अभिबृद्धि, सञ्चार माध्यमबाट सन्देशमूलक सूचना प्रसारण, अग्नि समन टोली (Fire Fighting Team) परिचालन, वन डढेलो नियन्त्रण सामग्री तथा फिल्ड गियर खरिद एवम् वितरण र वन क्षेत्रमा समूह परिचालन गरी अग्निरेखा निर्माण र डढेलो नियन्त्रण, मौसमी हेरालो/ अग्नी नियन्त्रणको परिचालन लगायत कार्य गर्न सकिनेछ।

वन अधिकृत



महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ

(२) आकस्मिक रुपमा लागेको वन डढेलो नियन्त्रणका लागि घटनास्थलमा परिचालित हुने/खटिने कर्मचारी र सुरक्षाकर्मीको पारिश्रमिक एवम् विमा, खाजा, खाना, पानी र सवारी इन्धन तथा मर्मत लगायतका शीर्षकहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

(३) मनाङ्ग र मुस्ताङ्ग बाहेकका अन्य जिल्लामा अनुसूची १ का शिर्षक बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ।

७. **<u>वार्षिक/त्रैमासिक प्रगति समीक्षा तथा योजना तर्जुमा गोष्ठी:</u>** (१) प्रदेश स्तरीय वार्षिक/त्रैमासिक प्रगति समीक्षा तथा योजना तर्जुमा गोष्ठी मन्त्रालयको समन्वयमा वन निर्देशनालयले आयोजना गर्नेछ। यस कार्यक्रममा मन्त्रालय मातहतका निकायहरूको गत आ.व.को वार्षिक प्रगति समीक्षा, चालु आ.व. को दोस्रो त्रैमासिक र तेस्रो त्रैमासिक प्रगति समीक्षा तथा आगामी आ.व.को योजना तर्जुमा गोष्ठी सञ्चालन गर्नुपर्नेछ। गोष्ठीमा मन्त्रालय, निर्देशनालय, कार्यालय, केन्द्रका प्रमुख र अन्य कर्मचारीहरू, अन्य विषयगत मन्त्रालय तथा प्रदेश नीति तथा योजना आयोग, कार्यक्रमसँग सम्बन्धित परियोजनाका प्रमुखहरू र आवश्यकता अनुसार सरोकारवाला तथा लाभग्राही निकायको सहभागिता गराउन सकिनेछ।

(२) जिल्लास्तरीय वार्षिक योजना तर्जुमा गोष्ठी/समीक्षा गोष्ठीमा जिल्लाभित्र रहेका सव डिभिजन वन कार्यालयहरू, वन उपभोक्ता समूहका प्रतिनिधि तथा सम्बन्धित विषयगत सरोकारवालाहरू समेतको सहभागितामा गराउनु पर्नेछ।

(३) यस कार्यक्रम अन्तर्गतको गोष्ठी सञ्चालनका लागि विनियोजित बजेट सहभागीले नियमानुसार पाउने दैनिक भ्रमण भत्ता वा बैठक भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, खाना, हल भाडा, सञ्चार, स्टेशनरी आदिमा प्रदेश खर्चको मापदण्ड र प्रचलित सार्वजनिक खरिद ऐन नियमको परिधिभित्र रही खर्च गर्न सकिनेछ।

(४) कार्यक्रम सम्पन्न गर्ने निकाय तथा कर्मचारीले गोष्ठी सम्पन्न भएपछि नियमानुसार आवश्यक कागजात सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेस गर्नु पर्नेछ।

८. **<u>समन्वय बैठक (अतिक्रमण नियन्त्रण समन्वय समिति/वन क्षेत्र समन्वय समिति/WCCB समन्वय वैठक वा संस्थागत विकास गर्ने):</u>** (१) वन क्षेत्रमा भएको अतिक्रमणलाई समयमानै नियन्त्रण गर्न तथा सम्भावित वन अतिक्रमण हुने क्षेत्रलाई व्यवस्थापन तथा संरक्षण गर्न, वन तथा वन्यजन्तु संरक्षणका कार्यलाई प्रभावकारी बनाउनका लागि जिल्ला स्थित सुरक्षा निकाय एवम् सरोकालवालासँग सकारात्मक समन्वय आवश्यक पर्दछ।

(२) डिभिजन वन कार्यालयले प्रचलित कानुन अनुसार समन्वय तथा सहकार्य स्थापित गर्न तथा आवश्यक निर्णय लिनका लागि अतिक्रमण नियन्त्रण समन्वय समितको बैठक/वन क्षेत्र समन्वय समिति/ WCCB समन्वय वैठक वा संस्थागत विकास गर्न यो कार्यक्रम राखिएको हो।

(३) प्रचलित ऐन कानुनले तोकेको पदाधिकारीहरूको सहभागितामा बैठक सञ्चालन गर्नुपर्ने छ।

वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव नम्डु गुरुङ

(४) यस कार्यक्रम अन्तर्गतको बैठक सञ्चालनका लागि विनियोजित बजेट सहभागीले नियमानुसार पाउने बैठक भत्ता, खाजा/खाना, हल भाडा, सञ्चार, स्टेशनरी, यातायात खर्च आदिमा प्रचलित कानुन बमोजिम हुनेछ।

(५) कार्यक्रम सम्पन्न गर्ने निकाय तथा कर्मचारीले बैठक सम्पन्न भएपछि नियमानुसार आवश्यक कागजात (उपस्थिति विवरण, निर्णयको छाँया प्रति, खर्च बिल भरपाई, फोटो आदि) सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेस गर्नु पर्नेछ।

९. **<u>प्रचारप्रसार सामग्री प्रकाशन तथा वितरण/छपाई खर्चः</u>** (१) प्रचारप्रसार सामग्री उत्पादन तथा वितरण/वन डढेलो सम्बन्धी प्रचारप्रसार (सन्देशमूलक सूचना सामग्री/ श्रव्यदृश्य सामाग्री, पत्रपत्रिकामा प्रकाशन, रेडियो तथा टेलिभिजनमा प्रसारण)/ वन र वन्यजन्तु संरक्षण सम्बन्धी प्रचारप्रसार/ जलाधार व्यवस्थापन कार्यक्रम सम्बन्धी प्रचारप्रसारका लागि होर्डिङबोर्ड निर्माण, भित्तेलेखन, लिफ्लेट, पम्प्लेट, ब्रोसर, डायरी, स्टिकर, फ्लेक्स, अनुकरणीय सफलताका कथा, असल अभ्यास एवम् सफल कार्यक्रमहरूको सँगालो पुस्तिका तयारी, प्रकाशन तथा वितरण, विद्यालय शिक्षण, संरक्षणसँग सम्बन्धित छोटो भिडियो, वृतचित्र आदि सामग्री उत्पादन, प्रसारण तथा वितरण लगायतका कार्यहरूको लागि खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रचार सामग्री उत्पादन तथा प्रसारण गर्दा कायदिश/सम्झौता गरी कार्यक्रम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमको कार्यान्वयन परामर्श सेवा मार्फत पनि सञ्चालन गर्न सकिनेछ।

(४) कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ। प्रचारप्रसार सम्बन्धी नमुना सामग्री प्रमाणको रुपमा सम्बन्धित निकायमा अनिवार्य पेस गरेको हुनु पर्नेछ।

१०. **<u>वन, वातावरण जलाधार तथा जलवायु आदि सम्बन्धी गुनासो उजुरी छानबिन/वन वन्यजन्तु अपराध तथा उजुरी छानबिन (अ.दु.अ.आयोगबाट प्राप्त समेत)</u>**:(१) नियमन गर्ने निकाय/तालुक कार्यालय/व्यक्ति विशेषबाट कार्यालयमा प्राप्त हुने वन, वन्यजन्तु, वातावरण, जलाधार र जलवायु सम्बन्धी गुनासो एवम् अपराध सम्बन्धी उजुरीको छानबिन गरी तोकिएको समयभित्र प्रतिवेदन तयार गरी पेस गर्ने र अभिलेख दुरुस्त राख्नुको साथै थप कारवाही प्रक्रिया अघि बढाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) कार्यालयले उजुरीको छानबिन एवम् अनुसन्धानका लागि कर्मचारी तोक्ने वा टोली गठन गरी खटाउने कार्य गर्न सक्नेछ।

(३) यस शीर्षकको रकम उजुरी/गुनासो छानबिनमा संलग्न कर्मचारीको दैनिक भ्रमण भत्ता तथा ईन्धन लगायतमा खर्च गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

११. **अदालतबाट बकपत्रको लागि बोलावट हुँदाको लागि भत्ताः** यस कार्यक्रममा स्वीकृत भएको रकम अदालतमा अभियोग पत्र दायर भइसकेपछि मुद्दाको प्रक्रियामा सम्बन्धित डिभिजन वन कार्यालय र अदालतबाट बकपत्रको लागि प्रतिवेदक/जाहेरीवाला/साक्षी/प्रतिनिधि र संलग्न कर्मचारीलाई बोलावट भइ बकपत्रमा उपस्थित हुने व्यक्तिलाई नियमानुसार दैनिक भ्रमण भत्ता वा यातायात खर्च उपलब्ध गराउन सकिनेछ।

१२. **भवन मर्मत सुधार तथा स्तरोन्नति/ निर्माण कार्यक्रम/ काठ दाउराको घाटगद्दि व्यवस्थापनका लागि सेडहाउस निर्माणः** (१) स्वीकृत कार्यक्रममा भवन लगायतका संरचना मर्मत सुधार तथा स्तरोन्नति, सेडहाउस निर्माणका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्न पर्नेछः

क) बजेटको सिमा भित्र रही विषयगत प्राविधिक कर्मचारीबाट डिजाइन तथा लागत अनुमान तयार गरी स्वीकृत डिजाइन तथा लागत अनुमान अनुसार सार्वजनिक खरिद ऐन नियम बमोजिम कार्यक्रम सम्पन्न गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको भवन मर्मत सुधार, स्तरोन्नति तथा निर्माण कार्य सम्पन्न पछि कायदिश अनुसारको नापी किताब, बिल र कार्य सम्पन्न प्रतिवेदन लगायतको कागजात पेस गर्नु पर्नेछ। नापी किताब र कार्य सम्पन्न प्रतिवेदन बमोजिम चेकजाँच एवम् निरीक्षण गरी अन्तिम भुक्तानी दिनु पर्नेछ।

१३. **सव डिभिजन वन कार्यालय सञ्चालन तथा व्यवस्थापनः** (१) डिभिजन वन कार्यालय अन्तर्गत रहेका सव डिभिजन वन कार्यालयहरूको काम कारवाहीलाई चुस्त, दुरुस्त, प्रभावकारी, सेवाग्राही मैत्री, सफा, सुन्दर बनाउन र कर्मचारीको व्यवस्थापकीय क्षमता बृद्धि, नेतृत्व विकास, मनोबल अभिबृद्धि एवं अन्य नियमित प्रशासनिक तथा प्राविधिक कार्य सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यदिशा सम्बन्धित सव डिभिजन वन कार्यालयको प्रमुखलाई दिनु पर्नेछ।

(३) यस शीर्षक अन्तर्गत विनियोजित रकमबाट सव डिभिजन वन कार्यालय सञ्चालनका लागि आवश्यक कार्यालय व्यवस्थापन तथा विविध खर्च, अतिथि सत्कार खर्च, सञ्चार, खाजा/ खाना, पानी, कार्यालय सरसफाई तथा सौन्दर्यीकरणका लागि आवश्यक सामाग्री, होर्डिङ बोर्ड मर्मत तथा पेन्टिङ, कार्यालय तथा फिल्डमा प्रयोग हुने साना उपकरण तथा सामग्री खरिद, फर्निचर तथा विजुली मर्मत, धारा जडान तथा मर्मत, दुई पाङ्ग्रे मर्मत, इन्धन, मोबिल, गाडी भडा, गस्ती तथा अनुगमन लगायतमा कार्यमा खर्च गर्न सकिनेछ।

(४) डिभिजन वन कार्यालयले सव डिभिजन वन कार्यालयमार्फत सञ्चालन भएका कार्यहरूको नियमित अनुगमन, अभिलेखीकरण तथा समीक्षा गर्नुपर्नेछ। कार्यक्रम सम्पन्न भएपछि सम्बन्धित सव डिभिजन वन कार्यालयको प्रमखले सम्पन्न भएका कार्य, खर्चको विवरण, विल भरपाई, फोटो तथा आवश्यक प्रमाण कागजात सहितको प्रतिवेदन डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

१४. **सव डिभिजन वन कार्यालयहरूको सवलिकरण तथा व्यवस्थापनः** (१) यस कार्यक्रममा विनियोजित बजेट सव डिभिजन वन कार्यालयको लागि आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर, इन्भर्टर, सोलर, फर्निचर तथा फर्निसिङ खरिद कार्यलाई प्राथमिकता दिई खर्च गर्नु पर्नेछ। यस कार्यक्रमको बजेटबाट सव डिभिजन वन कार्यालयको सामान्य मर्मत तथा रङरोगन समेत गर्न सकिनेछ।

(२) यस कार्यक्रम अन्तर्गत खरिद गरिएका सामानहरूको डिभिजन र सव डिभिजन वन कार्यालयमा अभिलेख राखी वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(३) यस कार्यक्रममा विनियोजन गरिएको बजेट सम्बन्धित सव डिभिजन वन कार्यालयबाट सिफारिससाथ माग भए बमोजिम सव डिभिजनको अवस्था र आवश्यकता हेरी प्राथमिकताका आधारमा स्टाफ मिटिङमा निर्णय गरी खर्च गर्नु पर्नेछ।

१५. **सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी तथा वन हस्तान्तरणः** (१) सामुदायिक वन उपभोक्ता समूह गठन गरी नयाँ दर्ताका लागि समूह सञ्चालन विधान तयारी गर्ने र ती उपभोक्ताबाट विगत देखि चर्चिंदै आएका पायक पर्ने राष्ट्रिय वन क्षेत्र नयाँ सामुदायिक वनको रुपमा हस्तान्तरणका लागि वन कार्ययोजना तयार गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रममा देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) समूह गठन तथा कार्ययोजना तयार गर्न प्रचलित वन ऐन र नियमावली र सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनले निर्धारण गरेको प्रक्रियाहरू अवलम्बन गर्नु पर्नेछ।

ख) उपभोक्ता समूहको सहभागितामा प्रचलित कानुनमा भएका विषय वस्तुहरू समावेश भएको विधान र कार्ययोजना तयार गर्नु पर्नेछ।

ग) विधान र कार्ययोजना तयारीको लागि प्राविधिक सहयोग डिभिजन/सव डिभिजन वन कार्यालयबाट हुनेछ।

घ) दलित, महिला, गरिब लक्षित समुदायको लागि आयआर्जन कार्यक्रम तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजनाहरू समावेश गर्नुपर्नेछ।

ङ) समूहको विधान र वन कार्ययोजनाको मस्यौदा उपर डिभिजनल वन अधिकृत र डिभिजन वन कार्यालय योजना तथा अनुगमन शाखाका प्राविधिकबाट सल्लाह सुझाव लिनु पर्नेछ।

च) उपभोक्ता समूह दर्ता र वन हस्तान्तरणका लागि तोकिएको ढाँचामा निवेदन साथ विधान (चार प्रति) र कार्ययोजना (चार प्रति) सम्बन्धित वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

छ) समूहको विधान र वन कार्ययोजना कम्तीमा रेन्जर तहका वन प्राबिधिकबाट स्वीकृतिका लागि सिफारिस भएको हुनु पर्नेछ।

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

ज) उपभोक्ता समूहबाट पेस भएको विधान र कार्ययोजना चेकजाँच गरी प्रचलित कानुन अनुसार देखिएमा स्वीकृतिको लागि योजना तथा वन व्यवस्थापन शाखाले डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ। डिभिजनल वन अधिकृतबाट स्वीकृति भएपछि सामुदायिक वन उपभोक्ता समूहको दर्ता भई सामुदायिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्न सकिनेछ।

(३) यसमा शीर्षकमा विनियोजित बजेट टोल/समुदाय छलफल गोष्ठी सञ्चालन, वन स्रोत सर्वेक्षण तथा विश्लेषण, नक्सा तयारी समेतको कार्य गर्न प्राविधिक परिचालन, खाजा, इन्धन, विधान र कार्ययोजनाको मस्यौदा तयारी र सोको अध्ययन, चेकजाँच, राय सुझावका लागि छलफल सञ्चालन तथा फिल्ड निरीक्षण, विधान तथा कार्ययोजनाको टाइपिङ, प्रिन्टिङ र बाइन्डिङ लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

१६. <u>सा.व.उ.स.को कार्ययोजना नवीकरण सहयोग (उत्सर्जन न्यूनीकरण तथा गरिब, महिला र दलित लक्षित, जलवायू परिवर्तन अनुकूलन योजना)</u>: (१) सामुदायिक वन कार्ययोजनाको अवधि समाप्त भएका र आम्दानी स्रोत नभएका समूहको वन कार्ययोजना पुनरावलोकन कार्यमा सहयोग गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रममा देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) प्रचलित वन ऐन, वन नियमावली र सामुदायिक वन विकास कार्यक्रमको मागदर्शनले निर्धारण गरेका प्रक्रियाहरू अवलम्बन गरी प्रचलित कानुनमा व्यवस्था भएका विषय वस्तुहरू र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजना समावेश भएको कार्ययोजना तयार गर्नु पर्नेछ।

ख) वन कार्ययोजना पुनरावलोकनमा छुट्टयाइएको रकम म्याद समाप्त भइसकेका वनहरूको कार्ययोजना नवीकरणमा प्राथमिकता दिनु पर्नेछ। कार्ययोजनाको अवधि बाँकी रहेको वन कार्ययोजना संशोधन गर्न यस कार्यक्रममा विनियोजित बजेट खर्च गरिने छैन।

ग) यो कार्यक्रम डिभिजन वन कार्यालयका कर्मचारी र सेवा प्रदायकबाट समेत सञ्चालन गर्न सकिनेछ।

घ) कार्ययोजना तयार गर्दा डिभिजनल वन अधिकृत लगायतका प्राविधिकहरूबाट सल्लाह सुझाव लिन सकिनेछ।

ङ) सम्बन्धित सब डिभिजन वन कार्यालयको प्रमुखले सिफारिस र उपभोक्ता समूहको बैठकको निर्णय साथ कार्ययोजना (चार प्रति) सम्बन्धित वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

च) डिभिजनल वन अधिकृतबाट स्वीकृति भएपछि समूहले वन कार्ययोजना कार्यान्वयन गर्न सक्नेछ।

वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव नन्दु गुरुङ माननीय मन्त्री

(३) यस कार्यक्रममा उपलब्ध बजेटबाट टोल/समुदाय छलफल गोष्ठी सञ्चालन, वन स्रोत सर्वेक्षण तथा विश्लेषण, नक्सा तयारी समेतको कार्य गर्न प्राविधिक एवम् विज्ञ परिचालन, सेवा प्रदायक परामर्श सेवा शुल्क, दैनिक भ्रमण भत्ता, खाजा, इन्धन, कार्ययोजना मस्यौदा तयारी र सो उपर अध्ययन, चेकजाँच, राय सुझाव संकलनका लागि छलफल र फिल्ड निरीक्षण, कार्ययोजना टाइपिङ, प्रिन्टिङ र बाइन्डिङ समेतको कार्यमा खर्च गर्न सकिनेछ।

१७. <u>सामुदायिक वनमा पोल थिनिङ समेत गरी व्यवस्थापनः</u> (१) लामो समयदेखि संरक्षण हुदै आएका सामुदायिक वनहरू पोल वनको रुपमा विकसित भएकोले त्यस्ता पोलहरूको आवश्यक काँटछाँट गरी वनको स्वस्थ बृद्धिमा टेवा पुर्‍याई स्थानीय उपभोक्ताको साना काठ दाउराको आवश्यकता परिपूर्ति गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्न सकिनेछः

क) सव डिभिजन .वन कार्यालयले थिनिङ (पतल्याउने) गर्न आवश्यक र उपयुक्त सामुदायिक वनको नाम, ठेगाना, खण्ड, क्षेत्रफल, मुख्य प्रजाति, समूहको वन कार्ययोजना तथा कार्यतालिका सहितका विवरण खुलाइ सिफारिस गरी डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

ख) डिभिजन वन कार्यालयबाट आवश्यक परे स्थलगत निरीक्षण र उपभोक्ता समूहसँग छलफल समेत गरी सिफारिस भइ आएका सामुदायिक वनहरू मध्येबाट सामुदायिक वनको छनोट गर्नुपर्नेछ।

ग) छनोट भएका सामुदायिक वनको स्वीकृत वन कार्ययोजना हेरी कार्यान्वयन गरिने खण्ड वा उपखण्डमा रहेका पोल (व्यास १० देखि ३० से.मि. सम्म) हरूको सम्बन्धित समूहबाट नापजाँच तथा गणना (प्रजाति, गोलाइ, उचाइ, अवस्था, प्रकृति) र मुल्याङ्कन गरी पतल्याउने योजना सहितको लागत स्वीकृतिको लागि सव डिभिजन वन कार्यालयमार्फत डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

घ) पेस भएको पतल्याउने योजना डिभिजन वन कार्यालयबाट स्वीकृत भएपछि कार्यक्रम कार्यान्वयन गर्न पर्नेछ।

(३) पोल थिनिङका लागि साल, सिसौ, चाँप, खोटेसल्ला, असना, उत्तिस, कटुस-चिलाउने लगायतका अन्य प्रजाति मिश्रित काष्ठ प्रजातिको बाहुल्यता भएका सामुदायिक वनलाई प्राथमिकता दिनु पर्नेछ।

(४) यस कार्यक्रममा विनियोजित बजेटबाट फिल्ड अवलोकन, पतल्याउने योजना तयारी र वन संवर्धन क्रियाकलाप अभिमुखीकरण, कटान औजार/सामग्री खरिद, पोलको नम्बरिङ र रङ लगाउने, कटान-मुछान-ढुवानी-घाटगद्दी खर्च, आवश्यकता अनुसार पोल वन संरक्षणको लागि घेराबार, अनुगमन खर्च (खाजा, सञ्चार, इन्धन) आदि कार्यहरूमा रकम खर्च गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नम्डु गुरुङ

१८. **सामुदायिक वन उपभोक्ता समूह संस्थागत सुदृढीकरण तथा लेखा व्यवस्थापन कोचिङ/क्षमता विकासः** (१) यस कार्यक्रमको उद्देश्य सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत सुधारका लागि समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु रहेको छ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछः

क) पहिले तालिम प्राप्त नगरेका समूहलाई प्राथमिकता दिनु पर्नेछ। सहभागीको रुपमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र कार्यालय सचिवहरू मध्ये कम्तीमा कुनै दुई जनालाई छनोट गर्नु पर्नेछ।

ख) कार्यक्रम सञ्चालनका लागि कार्यदिश प्राप्त गर्ने कर्मचारी/संस्थाले बिषयबस्तु सहितको प्रशिक्षण योजना बनाइ स्थलगत रुपमा प्रशिक्षण दिनु पर्नेछ।

ग) यस कार्यक्रममा विनियोजित बजेट खाजा, स्टेशनरी, यातायात खर्च, प्रतिवेदन, ह्याण्डसआउट र सहजीकरण शुल्क लगायतको तालिम व्यवस्थापन कार्यमा खर्च गर्न सकिनेछ।

घ) प्रशिक्षणको उपलव्धीलाई परिणाममुखी वनाउन सहभागीहरूबाट आ-आफ्नो समूहको कार्ययोजना बनाउन लगाउनु पर्नेछ।

ङ) तालिम कार्यक्रम सम्पन्न भएपछि फोटो सहितको प्रतिवेदन भुक्तानीका लागि डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

१९. **सामुदायिक वनमा स्थलगत अभ्यासः** (१) सामुदायिक वनको प्रकार, किसिम तथा अवस्थाको आधारमा वन संवर्धन क्रियाकलापहरू सञ्चालन गर्ने, वनको हैसियत सुधार गर्ने, साना काठ/दाउरा उपभोक्तालाई उपलव्ध गराउने, वन डढेलो न्यूनीकरण गर्ने लगायतका उद्देश्यले कम्तीमा दुई दिन सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो। यस कार्यक्रममा वन संवर्द्धनका क्रियाकलापहरू (झाडी सफाइ, थिनिङ, एक्ल्याउने, प्रुनीङ, इम्प्रुभमेन्ट फेलिङ, वृक्षारोपण, गोडमेल, बिउ संकलन) समेट्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सम्पन्न भए पश्चात फोटो सहितको प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) यस शीर्षकको बजेटबाट स्थलगत अभ्यास गरेका समूहहरूका लागि वन संवर्धन कार्य सम्बन्धी आवश्यक औजार समेत खरिद गरी वितरण गर्न सकिनेछ।

(४) यस कार्यक्रममा विनियोजित बजेट खाजा, स्टेशनरी, यातायात खर्च, प्रतिवेदन, कार्यपत्र, ज्यामी खर्च र सहजीकरण शुल्क लगायतको तालिम व्यवस्थापन कार्यमा खर्च गर्न सकिनेछ।

२०. **सामुदायिक वन उपभोक्ता समूहका महिलाहरूको सीप अभिवृद्धिका लागि वन पैदावारमा आधारित हस्तकला निर्माण तालिमः** (१) यो कार्यक्रमबाट स्थानीयस्तरमा पाईने वन पैदावारबाट निर्माण गरिने हस्तकलामा सामग्री जस्तैः अम्रिसोको कुचो बनाउने, दुना टपरी बनाउने, अल्लाको रेसा निकाल्ने, रेसाबाट



वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव नम्दु गुरुङ माननीय मन्त्री

टोपी, झोला आदि बुन्ने, मौरीघार निर्माण गर्ने, बेत/बाँस/निगालोको चोयाबाट भकारी, डोको, नाङ्लो, नाम्लो, मान्द्रो, थुम्से, छत्री, पेरूङ्गो, घुम, स्याखु आदि बनाउने, बायोब्रिकेट र बायोचार बनाउने लगायतका सिपमूलक/प्रयोगात्मक तालिम सञ्चालन गर्न सकिनेछ। यसका लागि एकै समूह वा नजिकमा रहेका दुई वा दुई भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहका महिलाहरूलाई समावेश गरी तालिम दिन सकिनेछ।

(२) यस कार्यक्रमबाट सामुदायिक वन उपभोक्ता समूहका महिलाहरूको सीप अभिबृद्धि भई आयाआर्जनमा टेवा पुग्ने साथै स्थानीय वन पैदावारको सदुपयोग हुनेछ।

(३) कार्यक्रम सम्पन्न भए पश्चात सञ्चालन गरिएका क्रियाकलापहरू समेटी फोटो सहितको प्रतिवेदन तयार गर्नुपर्ने छ।

(४) तालिम सञ्चालनका लागि आवश्यक सामग्री, कच्चा पदार्थ खरिद, स्रोत व्यक्तिको सहजीकरण शुल्क, खाजा, भ्रमण भत्ता, सहभागी भत्ता, यातायात लगायतका शीर्षकहरूमा खर्च गर्न सकिनेछ।

२१. **महिला उद्यमीको लागि वन उद्यम (अल्लो धागोबाट कपडा बुन्ने) तालिमः** (१) महिला उद्यमीहरूलाई अल्लो धागोबाट कपडा बुन्ने सीप प्रदान गरी स्थानीय स्रोतको उपयोगमार्फत आयआर्जन तथा स्वरोजगारका अवसर सिर्जना गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) कार्यक्रम सम्पन्न भए पश्चात सञ्चालन गरिएका क्रियाकलापहरू समेटी फोटो सहितको प्रतिवेदन तयार गर्नुपर्ने छ।

(३) तालिम सञ्चालनका लागि आवश्यक सामग्री, कच्चा पदार्थ खरिद, स्रोत व्यक्तिको सहजीकरण शुल्क, खाजा, भ्रमण भत्ता, सहभागी भत्ता, सञ्चार, यातायात लगायतका शीर्षकहरूमा खर्च गर्न सकिनेछ।

२२. **वनमा रहेका ज्वलनशील पदार्थ तथा मिचाह प्रजातिको व्यवस्थापन तथा संकलन गरि प्राङ्गरिक मल उत्पादनः** (१) वन डढेलो जोखिम रहेको वन क्षेत्रहरूमा रहेको प्रज्वलनशील पदार्थहरू हटाई तोकिएको स्थानमा व्यवस्थापन गर्न तथा सामुदायिक वन क्षेत्रका प्रजातिहरूको बृद्धि विकासमा असर पुऱ्याउने गरी व्यापक रुपमा फैलिदै गरेका वनमारा, माइकेनिया लगायतका मिचाहा प्रजातिहरूको नियन्त्रणको साथसाथै ती मिचाहा प्रजातिहरू र स्थानीय रुपमा पाइने अन्य अनावश्यक झारपातहरूको प्रयोग गरी प्राङ्गरिक मल उत्पादन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम सञ्चालनका लागि कम्तीमा पन्ध्र दिने सूचना जारी गरी जिल्लाभित्रका इच्छुक सामुदायिक वन उपभोक्ता समूहहरूबाट अवधारणा सहितको प्रस्तावना माग गर्नु पर्नेछ।

(३) प्राप्त प्रस्तावनाहरूको मूल्याङ्कन गर्दा वन क्षेत्रमा कच्चा पदार्थको उपलब्धता र उत्पादन हुने मलको खपत समेतलाई ध्यान दिई कुनै एक समूह छनोट गर्नु पर्नेछ।

वन अधिकृत



महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

(४) यस कार्यक्रम डिभिजन वन कार्यालयले सामुदायिक वन उपभोक्ता समूहसँग सम्झौता गरी सञ्चालन गर्न सकिनेछ।

(५) यस कार्यक्रममा विनियोजित बजेट प्राङ्गरिक मल उत्पादनको लागि मेशिनरी सामग्री खरिद, कच्चा पदार्थ संकलन कार्य, कम्पोष्ट तयारीका लागि आवश्यक पूर्वधार तयारी, प्याकेजिङ लगायतका शीर्षकमा खर्च गर्न सकिनेछ।

२३. **<u>संरक्षण पोखरी निर्माण /एक सामुदायिक वन एक पोखरीः</u>** (१) वन क्षेत्रमा पानी संकलन गर्न, जमिनमा पानी पुनर्भरण गर्न, वन्यजन्तुलाई सुख्खा समयमा पानी उपलब्ध गराई वासस्थान सुधार गर्ने, वन डढेलो नियन्त्रणमा पानीको प्रयोग गर्न र स्थानीय जलवायुमा सकारात्मक परिवर्तन ल्याउन यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रममा देहाय बमोजिमका क्रियाकलापहरू समेट्न सकिनेछ।

क) पानी पोखरी निर्माण तथा सम्भार व्यवस्थापन, पुनर्स्थापना, पुनर्भरण कार्य सञ्चालनका लागि डिजाइन, नक्सा, लागत ईष्टिमेट तयार गरी स्वीकृत भएको हुनु पर्नेछ। लागत इष्टिमेट बमोजिमको कार्य सम्पन्न गर्न उपभोक्ता समूहको योगदानलाई समेत सुनिश्चित गर्नु पर्नेछ।

ख) यस कार्यक्रम अन्तर्गत मुहानबाट पोखरीसम्म पानी ल्याउने पाइप तथा Water Channel को व्यवस्था, वर्षादको पानी संकलन र भल व्यवस्थापन कार्य गर्न सकिनेछ।

ग) नयाँ पानी पोखरी निर्माण कार्य गर्दा गराउँदा परम्परागत साना पोखरी भएका क्षेत्र तथा सम्भव भएसम्म रुखबिरुवा नभएको सामुदायिक वनको खाली क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ।

घ) स्थानीय तह र सामुदायिक वन उपभोक्ता समूहको सह-लगानीमा यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

ङ) पूराना पानी पोखरीको मर्मत सम्भार एवम् सुधार गर्नु पर्ने देखिएमा यस कार्यक्रमको रकम खर्च गर्न सकिनेछ।

च) कार्य सम्पन्न पछि प्राविधिकबाट नापजाँच गरी/गराई नापी किताब, बिल भरपाई, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन भुक्तानीका लागि पेस गर्नु पर्नेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेट पोखरी खाडल खन्ने तथा गाह्रो लगाउने सामग्री संकलन तथा खरिद, ढुवानी, कामदार ज्याला लगायतको कार्यमा खर्च गर्न सकिनेछ।

२४. **<u>हरियाली प्रवर्द्धन कार्यक्रम- स्टम्प रोपण र सुरक्षा समेत/तारजाली:</u>** (१) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नम्डु गुरुङ

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

क) सार्वजनिक तथा नदी खोला किनारको खाली जग्गामा हरियाली प्रवर्द्धन गर्नका लागि स्थानीय तह तथा समूहसँगको समन्वयमा स्टम्प रोपण, स्थानीय स्तरमा अनुकूल हुने बिरुवा रोपण गर्नु पर्नेछ।

ख) यस कार्यक्रममा विनियोजित बजेटबाट स्टम्प खरिद, स्टम्प ढुवानी, वृक्षारोपण, संरक्षण (हेरालु), घेराबार, ढुंगाको संरक्षण पर्खाल निर्माण, जैविकबार लगाउने, होर्डिङ्गबोर्ड राख्ने लगायतका कार्यमा नियमानुसार नक्सा सहितको लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ।

ग) मनाङ र मुस्ताङ जिल्लामा वृक्षारोपण वा हरियाली प्रवर्धनका लागि स्टम्प रोपण गर्दा ठूला कटिङ्ग बिरुवा लगाउनु पर्ने हुँदा उक्त स्थानहरूमा जैविकबार, मेस जाली वा ढुंगाको पर्खाल लगाई संरक्षण गर्न सकिनेछ। मेसजाली वा ढुंगाको पर्खाल निर्माण गर्दा नर्म्स र स्वीकृत जिल्ला दररेट अनुसार गर्नु पर्नेछ।

घ) जैविकबार लगाउनु परेमा स्थानीयरुपमा उपलब्ध हुन सक्ने सजिलै सर्ने खालका वनस्पतिको प्रयोग गर्नुपर्दछ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पन्न भए पछि वृक्षारोपण क्षेत्रको GPS मा आधारित नक्शा, बिरुवाको प्रजाति र संख्या, विल भरपाई, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन लगायत संलग्न राखी कार्यालयमा भुक्तानीको लागि पेस गर्नु पर्नेछ।

२५. <u>जिल्लाको वन क्षेत्रको आवधिक योजना सहितको रणनीतिक योजना तयारी (वातावरणीय अध्ययन सहित)</u>:

(१) प्राकृतिक स्रोतको उचित व्यवस्थापनको माध्यमबाट स्थानीय रोजगारीको अवसर सिर्जना हुनुको साथै सरकारी राजस्व समेत बढोत्तरी गर्न सकिन्छ। जिल्लाको समग्र वन क्षेत्रको संरक्षण, संवर्धन, विकास र व्यवस्थापनका लागि हरेक डिभिजन वन कार्यालयले आवधिक योजना सहितको रणनीतिक योजना तयार गर्नु/गराउनु पर्दछ। आवधिक योजनाको म्याद समाप्त भएका डिभिजन वन कार्यालयको आवधिक योजना सहितको रणनीतिक योजना तयार गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) व्यवस्थापन योजना तयारीको लागि डिभिजन वन कार्यालयले वातावरणीय अध्ययनको कार्यसूची (TOR) तयार गरी र स्वीकृत गराउनु पर्नेछ।

ख) प्रचलित वन र वातावरण सम्बन्धी ऐन र नियमावलीमा उल्लेख भएका आधारहरू एवम् तोकिएको ढाँचामा IEE प्रतिवेदन र आवधिक योजना तयार गर्नु पर्नेछ।

ग) IEE प्रतिवेदन र आवधिक योजनाको मस्यौदा मन्त्रालय प्रतिनिधिको उपस्थितिमा निर्देशनालयमा प्रस्तुत गर्नु पर्नेछ। प्रस्तुतीको क्रममा प्राप्त सुझावहरू समावेश गरी अन्तिम मस्यौदा तयार गरी स्वीकृतिको लागि डिभिजन वन कार्यालयले निर्देशनालय मार्फत मन्त्रालयमा पेस गर्नु पर्नेछ।



वन अधिकृत
महाशाखा प्रमुख
प्रदेश सचिव
मन्दु गुरुङ
माननीय मन्त्री

घ) यो कार्यक्रम डिभिजन वन कार्यालयका कर्मचारी वा सेवाप्रदायकबाट सम्पादन गर्न सकिनेछ।

ङ) IEE प्रतिवेदन र आवधिक योजना सहितको रणनीतिक योजना मन्त्रालयको स्वीकृति पछि कार्यान्वयन गर्न सकिनेछ।

(३) यस कार्यक्रममा स्वीकृत बजेट सूचना प्रकाशन, सरोकारवालासँग छलफल, अन्तरकृया, प्राविधिक समितिको बैठक सञ्चालन समन्वय एवम् व्यवस्थापन, विवरण संकलन लगायतको प्राविधिक कार्यहरूमा जनशक्ति परिचालन, दैनिक भ्रमण भत्ता, स्टेशनरी, फोटो नक्सा, अति आवश्यक फिल्ड सामग्री खरिद, जिल्लाको वन क्षेत्रको आवधिक योजना सहितको रणनीतिक योजना तयारी वातावरणीय अध्ययन सहित टाइपिङ, प्रिन्टिङ, बाइन्डिङ् लगायतको कार्यमा खर्च गर्न सकिनेछ।

२६. <u>वन संरक्षण कार्यक्रम तथा वन अपराध नियन्त्रणको लागि गस्ती परिचालनः</u> (१) वन तथा वन्यजन्तु अपराध नियन्त्रण गर्न र वन अतिक्रमण हुन नदिन नियमित गस्ती गरी वन क्षेत्रको संरक्षण र व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) वन तथा वन्यजन्तुसँग सम्बन्धित अपराधहरू नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि प्रचारप्रसार, गस्ती परिचालन गर्न सकिनेछ।

ख) डिभिजन वन कार्यालय मार्फत सुरक्षा निकायसँगको समन्वय र स्थानीय प्रशासन सहयोगमा वन अपराध तथा अतिक्रमण नियन्त्रण गरिनुका साथै सो सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ।

ग) वन पैदावार चोरी कटानी र चोरी सिकारी सम्बन्धी सूचना संकलन गरी वन अपराधीलाई पक्राउ, हातहतियार, मालसामान र सवारी साधन वरामद, बरामदी सामग्री ढुवानी, अपराध, अनुसन्धान तथा मुद्दा दायरी, अतिक्रमित वन क्षेत्र खाली गर्ने जस्ता कार्यहरू गरिनेछ।

घ) कार्यक्रम सम्पन्न पश्चात गरिएका कृयाकलापहरू देखिने फोटो सहितको प्रतिवेदन तयार गरी भुक्तानीको लागि पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका क्रियाकलापहरूको सञ्चालनको साथै वन अपराध नियन्त्रणको लागि सरोकारवाला बिच समन्वय बैठक सञ्चालन, सूचना संकलनका लागि सुराकी परिचालन, आवश्यक सुरक्षा सामग्री र मसलन्द खरिद, गस्ती परिचालनका लागि इन्धन/गाडी भाडा, गाडी मर्मत, गस्तीमा परिचालित हुने व्यक्तिहरूको खाना, खाजा लगायतको कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

तर यस कार्यक्रममा विनियोजित बजेट दैनिक भ्रमण भत्ताका लागि खर्च गर्न पाइने छैन।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

२७. **सव डिभिजन वन कार्यालयबाट वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रणका लागि गस्ती परिचालन:**(१) सव डिभिजन वन कार्यालयले आफ्नो क्षेत्र भित्र रहेका वन अतिक्रमण तथा चोरी निकासी हुन सक्ने सम्भावित क्षेत्रहरूमा नियमित गस्ती र निगरानी गरी वन क्षेत्रको संरक्षण र व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) वन तथा वन्यजन्तुसँग सम्बन्धित अपराधहरू नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि प्रचारप्रसार, सचेतना, गस्ती परिचालन गर्न सकिनेछ।

ख) सव डिभिजन वन कार्यालयका फिल्ड कर्मचारी एवम् आवश्यकता अनुसार सशस्त्र वन सुरक्षा शाखाका सशस्त्र वन रक्षक तथा सम्बन्धित सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ताहरू समेत परिचालन गर्न सकिनेछ।

ग) वन पैदावार चोरी कटानी र चोरी सिकारी सम्बन्धी सूचना संकलन गरी वन अपराधीलाई पक्राउ, हातहतियार, मालसामान र सवारी साधन वरामद, बरामदी सामग्री ढुवानी, अपराध, अनुसन्धान तथा मुद्दा दायर, अतिक्रमित वन क्षेत्र खाली गर्ने जस्ता कार्यहरू गरिनेछ।

(३) उपदफा (१) बमोजिमका क्रियाकलापहरूको लागि आवश्यक सुरक्षा सामग्री र मसलन्द खरिद, गस्तीमा परिचालित हुने व्यक्तिहरूको खाना, खाजा, पानी, इन्धन, सवारी मर्मत, यातायात खर्च लगायतका कार्यहरूमा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

तर यस कार्यक्रममा विनियोजित बजेट दैनिक भ्रमण भत्ताका लागि खर्च गर्न पाइने छैन।

(४) कार्यक्रम सम्पन्न भए पश्चात सव डिभिजन प्रमुखले गस्तीमा संलग्न कर्मचारीहरूको, वन समूहका सदस्यहरूको विवरण, सञ्चालित गतिविधि एवम् उपलब्धि, फोटो र खर्च बिल भरपाई सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।

२८. **दिवस/समारोहः** (१) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलापहरू समेट्नु पर्नेछः

क) सामुदायिक वन/ वातावरण/ वृक्षारोपण/ भूसंरक्षण/ जैविक विविधता/ विश्व सिमसार/ पृथ्वी दिवस जस्ता समारोह सञ्चालनका साथै लोकतन्त्र/ गणतन्त्र/ निजामती सेवा/ प्रदेश स्थापना दिवस आदिको अवसरमा वृक्षारोपण गर्ने कार्यलाई समेत प्रदेश र जिल्लास्तरमा गर्न सकिनेछ।

ख) कार्य सम्पन्न भएपछि फोटो सहितको प्रतिवेदन तयार गरी भुक्तानीका लागि पेस गर्नु पर्नेछ।

(२) यस कार्यक्रमा विनियोजन गरिएको बजेट स्टेशनरी, व्यानर, खाजा, खाना, इन्धन, वृक्षारोपण तयारी, प्रचारप्रसार सामग्री खरिद, पुरस्कार वितरण लगायतका क्रियाकलापहरूमा खर्च गर्न सकिने छ।

वन अधिकृत



महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

२९. **कबुलियती वन समूह गठन र कार्ययोजना तयारी (जीविकोपार्जन सुधार योजना समेत):** (१) गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरण कार्ययोजना बनाइ वनको संरक्षण र विकास हुने गरी गरिब तथा विपन्न घरधुरीहरूको जीविकोपार्जन सुधार ल्याउने आयआर्जनका कार्यक्रम समेत सञ्चालन गर्ने गरी समूहलाई कबुलियती वन हस्तान्तरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलापहरू समेट्नु पर्नेछः

क) प्रचलित वन ऐन, नियमावली र मार्गदर्शनमा व्यवस्था भएको प्रक्रियाहरूको अवलम्बन र विषयवस्तुहरूं समावेश गरी समूह गठन र कार्ययोजना तयारी गर्नु पर्नेछ।

ख) विधान र कार्ययोजना तयारीको लागि प्राविधिक सहयोग डिभिजन/सब डिभिजन वन कार्यालयबाट उपलब्ध हुनेछ।

ग) कबुलियती वन समूह दर्ता र वन हस्तान्तरणका लागि तोकिएको ढाँचामा निवेदन साथ सब डिभिजन वन कार्यालयका प्रमुखबाट सिफारिस भएको विधान (चार प्रति) र कार्ययोजना (चार प्रति) सम्बन्धित समूहले स्वीकृतिका लागि डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

घ) समूहबाट पेस भएको विधान र कार्ययोजना डिभिजनल वन अधिकृतबाट स्वीकृति भएपछि कबुलियती वन समूहको दर्ता भइ कार्ययोजनाको कार्यान्वयन गर्न सकिनेछ।

(३) यस शीर्षकमा विनियोजित बजेट कृषक सदस्यसँगको छलफल गोष्ठी सञ्चालन, वन सिमाना र स्रोत सर्वेक्षण तथा विश्लेषण, नक्सा तयारी समेतको कार्य गर्न प्राविधिक परिचालन, खाजा, इन्धन, विधान र कार्ययोजनाको टाइपिङ, प्रिन्टिङ र बाइन्डिङ लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

३०. **कबुलियती वन कार्ययोजना नवीकरण:** (१) कार्ययोजनाको अवधि समाप्त भएका कबुलियती वनको कार्ययोजना नवीकरण कार्यमा सम्बन्धित समूहलाई सहयोग गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलापहरू समेट्नु पर्नेछः

क) प्रचलित वन ऐन तथा वन नियमावलीले निर्धारण गरेको आवश्यक प्रक्रियाहरूको अवलम्बन र विषयवस्तुहरू समावेश गरी कार्ययोजना तयार गर्नु पर्नेछ।

ख) यो कार्यक्रम डिभिजन वन कार्यालयका कर्मचारी र सेवा प्रदायकबाट समेत सञ्चालन गर्न सकिनेछ।

ग) समूहको बैठकको निर्णय सहितको पत्र साथ कम्तीमा रेन्जर तहका वन र प्राबिधिकबाट सिफारिस भएको जीविकोपार्जन सुधार योजना समेतको कबुलियती कार्ययोजना (चार प्रति) सम्बन्धित समूहले स्वीकृतिको लागि डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

घ) समूहबाट पेस हुन आएको वन कार्ययोजना डिभिजनल वन अधिकृतबाट स्वीकृति भएपछि कार्यान्वयन गर्न सक्नेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेटबाट समूह छलफल गोष्ठी सञ्चालन, वन स्रोत सर्वेक्षण तथा विश्लेषण, नक्सा तयारी समेतको कार्य गर्न प्राविधिक परिचालन, सेवा प्रदायक परामर्श सेवा शुल्क, खाजा, इन्धन, यातायात दैनिक भ्रमण भत्ता कार्ययोजना टाइपिङ, प्रिन्टिङ र बाइन्डिङको लागत अनुमान तयार गरी स्वीकृत गराइ खर्च गर्न सकिनेछ।

३१. **कबुलियती वनमा सामाजिक परिचालन सेवाः** (१) कलष्टरमा रहेका कबुलियती वन समूहहरूलाई जिल्ला सुपरभाइजर र समूह सहयोगीहरू मार्फत सहयोग उपलव्ध गराइ समूहको सामाजिक समावेशीकरण, संस्थागत सुदृढीकरण र सकृयता बृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) यस कार्यक्रमबाट आवश्यकता र औचित्यताको आधारमा जिल्ला सुपरभाइजर (एक जना मात्र) र समूह सहयोगीहरूको छनोट गरी काम काजमा लगाउन सकिनेछ।

ख) जिल्ला सुपरभाइजर र समूह सहयोगीहरूको छनोट गर्दा विगतदेखि कार्यरतलाई प्राथमिकता दिनु पर्नेछ।

ग) जिल्ला सुपरभाइजरको हकमा कम्तीमा बाह्र कक्षा उत्तीर्ण गरेको जिल्लावासी तथा समूह सहयोगीको हकमा कम्तीमा दस कक्षा उत्तिर्ण गरेको सम्बन्धित कलष्टर/समूह भित्रको महिलालाई प्राथमिकता दिनु पर्नेछ। सुपरभाइजर हकमा जिल्लाको आवश्यकता बमोजिम प्राविधिक प्रमाणपत्र तह वा रेन्जर कोर्ष गरेको प्राविधिक समेत छनोट गर्न सकिनेछ। सुपरभाइजरको सेवा सुविधाको हकमा समान तहको निजामती कर्मचारीले पाउने आधारभूत तलव स्केलमा नबढ्ने गरी र समूह सहयोगीको सेवा र सुविधाको हकमा नेपाल सरकारबाट निर्धारण भएको न्यूनतम मासिक पारिश्रमिकमा नघटाई उपलव्ध गराउन सकिनेछ।

घ) छनोट भएका सामाजिक परिचालकको कार्यविवरण तयार गरी काममा लगाउनु पर्नेछ।

ङ) सामाजिक परिचालकहरू मध्ये जिल्ला सुपरभाइजरले सम्पादन गरेका मासिक कार्य प्रगति विवरण योजना तथा व्यवस्थापन शाखा प्रमुखको सिफारिस र समूह सहयोगीहरूले सम्पादन गरेको मासिक कार्य प्रगति विवरण जिल्ला सुपरभाइजरको सिफारिस र सम्बन्धित सव डिभिजन वन कार्यालय प्रमुखबाट प्रमाणित गराइ डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेट सामाजिक परिचालकको पारिश्रमिक भुक्तानी तथा यातायातमा खर्च गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

३२. **<u>वन डढेलो तथा अतिक्रमण नियन्त्रण र वन, वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी स्कुल शिक्षा कार्यक्रम:</u>** (१) वन डढेलो तथा अतिक्रमण नियन्त्रण र वन, वातावरण तथा जैविक विविधताको महत्व र तिनको संरक्षणका बारेमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू समेट्न सकिनेछः

क) विद्यालयमा बाल इको क्लव गठन तथा सञ्चालन,वन डढेलो तथा अतिक्रमण नियन्त्रण, वन, वातावरण र जैविक विविधता सम्बन्धी प्रस्तुति, विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन, वक्तृत्वकला, हाजिरी जवाफ तथा आवश्यकता अनुसार अन्य क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

ख) विद्यालयहरूमा वातावरण सम्बन्धी सृजनात्मक/सन्देशमूलक/चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेटबाट विद्यार्थीहरूलाई चिया, खाजा, यातायात खर्च र प्रशिक्षण शुल्क, मसलन्द, उत्कृष्ट प्रतिभालाई पुरस्कार लगायतका कार्यमा स्वीकृत लागत अनुमान बमोजिम खर्च गर्न सकिनेछ।

३३. **<u>नर्सरी मर्मत सम्भार/स्तरोन्नतिः</u>** (१) कार्यालयहरूको पुराना नर्सरीहरूको सामान्य मर्मत, सुधार तथा नर्सरीहरूको स्तरोन्नतिका लागि यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहायका क्रियाकलापहरू समेट्न सकिनेछः

क) नर्सरी वेड, नर्सरीमा सिंचाईको स्थायी व्यवस्था, सुरक्षाको लागि स्थायी तारबार वा पर्खाल, ओभरहेड वाटर ट्याङ्की, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, हरेक बेडमा पाईप स्प्रिङकल जडान, नर्सरी बाटो, होर्डिङ बोर्ड लगायतका नर्सरी मर्मत सुधार तथा स्तरोन्नति सम्बन्धी कार्यहरू गर्न सकिनेछ।

ख) यस कार्यक्रम कार्यान्वयन सकेसम्म प्रथम त्रैमासिक अवधिमा सम्पन्न गर्नु पर्नेछ।

(३) नर्सरीको मर्मत सुधार/स्तरोन्नतिका कार्य सम्पन्न भएपछि बिल भरपाई र नर्सरी मर्मत सुधार सम्बन्धी कार्यको फोटो सहितको प्रतिवेदन पेस गर्नु पर्नेछ।

३४. **<u>पञ्चासे वन संरक्षण क्षेत्रमा प्राविधिक सहयोग (रेञ्जर, सुपरभाइजर र फिल्ड सहयोगी):</u>** (१) पञ्चासे वन संरक्षण क्षेत्रका उपभोक्ताहरूको सामाजिक तथा संस्थागत सुदृढिकरण, वन र वन्यजन्तुको संरक्षण, जनतालाई जैविक विविधता संरक्षणको सचेतना अभिबृद्धि र सीप विकास तथा क्षमता अभिबृद्धि तालिम लगायतका प्रचार प्रसार सम्बन्धी कार्य सञ्चालन लागि प्राविधिक सहयोग उपलव्ध गराउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू समेट्नु पर्नेछः

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

क) रेञ्जर, सुपरभाइजर र फिल्ड सहयोगीको छनोट गरी सम्झौता गरी काममा खटाउनु पर्नेछ। रेञ्जरको हकमा कम्तीमा वन विज्ञान विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनु पर्नेछ। सुपरभाइजरको हकमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको सम्बन्धित जिल्लावासी वा क्षेत्रका महिलाहरू र फिल्ड सहयोगीको हकमा साधारण लेखपढ गर्न सक्ने सोही क्षेत्रको बासिन्दा हुनु पर्नेछ।

ख) छनोट गर्दा विगतदेखि कार्यरत रेञ्जर, सुपरभाइजर र फिल्ड सहयोगीलाई प्राथमिकता दिन सकिनेछ।

ग) सेवा र सुविधा विभागीय नर्म्सले तोकेको सीमा वा समान तहको निजामती कर्मचारीले प्रचलित नियम अनुसार पाउने मासिक आधारभूत तलब स्केलमा नबढ्ने गरी उपलब्ध गराउन सकिनेछ।

घ) छनोट भएका कर्मचारीहरूलाई पञ्चासे वन संरक्षण क्षेत्रका प्रबन्धकले कार्य विवरण दिई काममा खटाउनु पर्नेछ।

ङ) सुपरभाइजर र फिल्ड सहयोगीले सम्पादन गरेका कार्यको प्रत्येक महिनामा बैठक बसी समीक्षा गरी प्रतिवेदन कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) यस कार्यक्रम अन्तर्गत प्राविधिक सहयोगका लागि विनियोजित बजेट रेञ्जर, सुपरभाइजर र फिल्ड सहयोगीको न्युनतम सेवा सुविधाका लागि बढि हुने भएमा प्रचारप्रसार, उपभोक्ताहरू सीप विकास तालिम, कर्मचारी क्षमता अभिबृद्धि तालिम, सवारी साधन मर्मत सम्भार/इन्धन, कर्मचारी परिचालन तथा दैनिक भ्रमण भत्ता, पञ्चासे क्षेत्रको धार्मिक तथा साँस्कृतिक मेला महोत्सव व्यवस्थापन जस्ता कार्यहरू गर्न सकिनेछ।

(४) कार्य सम्पन्न भएपछि फोटो सहितको प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ।

(५) यस कार्यक्रमका लागि विनियोजित बजेट सेवा करारमा लिइएका रेञ्जर, सुपरभाइजर र फिल्ड सहयोगीको सेवा सुविधा र चालु खर्च अन्तर्गतका स्वीकृत अन्य क्रियाकलापहरूको सम्पन्न गर्ने कार्यमा खर्च गर्न सकिनेछ।

३५. **<u>इकाइ तथा परिषदको सुदृढीकरणः</u>** (१) पञ्चासे वन संरक्षण क्षेत्र अन्तर्गत पर्ने कास्की, स्याङ्जा र पर्वत जिल्लाका मौजुदा १/१ गोटा पञ्चासे वन संरक्षण इकाइ परिषद्को संस्थागत अवस्था सुदृढ र इकाइमा आवद्ध उपभोक्ताहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम कार्यान्वयन गर्दा देहायका क्रियाकलापहरू समेट्न सकिनेछः

क) कार्यालय सञ्चालन तथा व्यवस्थापन सामग्री (टेबल, कुर्ची, दराज, कार्पेट, मसलन्द, आदि) खरिद,

ख) इकाइ परिषद्को समन्वय बैठक सञ्चालन,

ग) इकाइ परिषद्का पदाधिकारीहरूको संस्था सञ्चालन सम्बन्धी क्षमता विकास तालिम/गोष्ठी व्यवस्थापन आदि,

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

(३) उपदफा (२) मा उल्लेख भएका क्रियाकलापहरूको व्यवस्थापन एवम् सञ्चालनका लागि स्वीकृत लागत अनुमान बमोजिमको कार्यहरू सम्पन्न गरी कार्यक्रम कार्यान्वयनका लागि विनियोजन भएको बजेट खर्च गर्न सकिनेछ।

३६. **मेशिनरी औजार/सामान/आकस्मिक रुख कटान तथा व्यवस्थापन गर्नका लागि चेन स (Chain Saw) खरिद/फर्निचर फिक्चर्स खरिदः** (१) कार्यालयको संस्थागत सुदृढिकरणसंगै नागरिक सेवा सहितको कामकाजलाई छिटो छरितो एवम् चुस्त दुरुस्त बनाइ समयसापेक्ष प्रविधिमैत्री गराउदै लैजाने उद्देश्यले यस्ता कार्यक्रमहरू राखिएका हुन्।

(२) यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिमको सामग्रीहरू खरिद, ढुवानी र सोको रकम भुक्तानीमा खर्च गरिनेछ। मेशिनरी औजार, वन सर्वेक्षण मापनसँग सम्बन्धित उपकरण, वन डढेलो नियन्त्रण सामग्री तथा फर्निचर फिक्चर्स लगायतको सामग्रीहरू खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन नियमको अधिनमा रही गर्नु पर्नेछ।

३७. **कृषि वन विकास तथा विस्तार कार्यक्रमः** (१) वन क्षेत्रको उचित व्यवस्थापन अभावको कारण वन्यजन्तुको बासस्थानमा आहाराको अभाव भइ वन्यजन्तु मानव वस्ती र खेतीवाली तिर आउने गरेको हुदाँ मानव वन्यजन्तुको द्वन्द्वको सिर्जना भैरहेको छ र युवाहरूको शहरतिर बसाइसराई र विदेश पलायनका कारण निजी खेतीयोग्य जमिन बाँझोमा परिणत भएको अवस्था छ। वन्यजन्तु द्वन्द्व न्युनिकरण तथा बाँझो जमिनलाई उपयोग गर्ने उद्देश्यले वन वाली र कृषि वालीको एक साथ खेती विस्तार गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) अगुवा किसान, कृषि सहकारी, कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह मार्फत यो कार्यक्रम सञ्चालन गरिनेछ र सम्भव भए तिनको क्लस्टर अनुसार वा स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क (सञ्जाल) गठन गर्नु पर्नेछ।

ख) निजी जग्गामा कृषि वन प्रवर्द्धन गर्न भौगोलिक अनुकूलताका उपयुक्त फलफूल, डालेघाँस, जडीबुटी प्रजातिका बिरुवा तथा बहुवर्षीय रुख प्रजातिका बिरुवा रोपण गर्न सकिनेछ।

ग) फिल्ड कोचिङ प्याकेज तालिम दिने, कृषि वन विस्तारका लागि समूह मार्फत बिरुवा उपलब्ध गराउने, बिरुवा ढुवानी र वृक्षारोपण कार्यमा सहयोग उपलब्ध गराउन सकिनेछ।

घ) कृषि वन सम्बन्धी असल अभ्यास भएका स्थानहरूको अवलोकन भ्रमण समेत गर्न सकिनेछ। यस कार्यक्रममा विनियोजित सम्पूर्ण रकम अवलोकन भ्रमणमा खर्च गर्न पाइने छैन।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

ङ) यो क्रियाकलाप सम्पन्न गर्नका लागि आवश्यकतानुसार स्थानीय कृषि ज्ञान केन्द्र तथा अन्य निकायसँग पनि समन्वय गर्न सकिनेछ।

च) यस कार्यक्रम अन्तर्गत रोपणका लागि वितरण गरिएको बिरुवाको जात, संख्या, लगत, रोपण स्थान, सम्बन्धित कृषकको नाम, कृषक समूहको नाम, प्राविधिक सहयोग गर्ने व्यक्ति/ निकाय आदि विवरण समावेश गरी फोटो सहितको प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) मा उल्लेख भए बमोजिमका कार्यक्रमहरू मध्ये आवश्यकता र औचित्यताको आधारमा सञ्चालन गर्न र कार्यक्रमको व्यवस्थापन गर्न विनियोजित बजेट खर्च गर्न सकिने छ।

३८. **सहरी हरित पार्क/सौंदर्यीकरण/रोड साईड प्लान्टेसन कार्यक्रमः** (१) सहरी क्षेत्रमा जनघनत्वमा बृद्धिको क्रम बढ्दो छ भने पर्यावरण प्रदुषित हुदै गइरहेको छ। विग्रदो शहरी वातावरणलाई हरियाली बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्न सकिनेछः

क) सम्बन्धित स्थानीय तह, उपभोक्ता समूह र सरोकारवालाहरूसँग छलफल गरी नगरपालिका तथा सहरोन्मुख गाउँपालिकाका सार्वजनिक खाली क्षेत्र तथा सडक किनार लगायतका स्थानहरूको पहिचान गर्ने, सर्वेक्षण, बहुवर्षिय ठूला बिरुवा खरिद, वृक्षारोपण तथा बिरुवा संरक्षणका कार्यहरू गर्न सकिनेछ।

ख) हरियाली प्रवर्द्धन कार्यका लागि स्थानीय तह, निजी, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, संरक्षण समिति, टोल सुधार संस्था र अन्य संघसंस्थाहरूको साझेदारी एवम् सहलगानीमा वृक्षारोपण साथै सार्वजनिक पर्ति, अतिक्रमण हटाईएको जग्गामा वृक्षारोपण तथा संरक्षण गर्न सकिनेछ।

ग) सम्बन्धित उपभोक्ता समूह/सरोकारवाला निकायसँग कार्यसम्पादन गर्न सम्झौता गर्नु पर्नेछ र करार सम्झौतामा नै संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ।

घ) स्वीकृत वार्षिक कार्यक्रम अनुसारका क्रियाकलापहरू प्रचलित नर्म्स, जिल्ला दररेट, सार्वजनिक खरिद ऐन, नियम, मापदण्ड अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

ङ) स्थानीय रुपमा पाईने सामग्री (काठ वा बाँस) बाट निर्मित वा फलामको Tree Guard तथा मेश जालीद्वारा बिरुवाको संरक्षण एवम् स्याहार सम्भार गर्न सकिनेछ।

च) कार्य सम्पन्न भएपछि होर्डिङबोर्ड राखी सम्पादित कामको फोटो, क्षेत्रफल (जि.पि.एस.कोअर्डिनेट), रोपिएका बिरुवा संख्या, प्रजाति (बिरुवाको ट्याग समेत लगाई) को नाम, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातहरू तयार गर्नु पर्नेछ र अभिलेख व्यवस्थित गरी सम्बन्धित कार्यालयले राख्नु पर्नेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

(३) यस कार्यक्रमका लागि विनियोजित बजेट स्थान छनोट, बिरुवा खरिद, ढुवानी, रोपण, सौंदर्यीकरण तथा संरक्षणका कार्यहरू र सोको अनुगमन एवम् व्यवस्थापन सम्बन्धी कार्यमा खर्च गर्न सकिनेछ।

३९. **मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा वन्यजन्तु उद्धारः** (१) मानव र वन्यजन्तुबीच सहअस्तित्व कायम गरी वन्यजन्तु संरक्षण/व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने विभिन्न किसिमका क्रियाकलापहरू सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) वन्यजन्तुहरूको उद्धार, पुनर्स्थापना, आहारको व्यवस्था, मानव वन्यजन्तु द्वन्द्वको अवस्था सर्वेक्षण एवम् विश्लेषण, प्रचारप्रसार कार्यक्रमहरू (जनचेतनामूलक कार्यक्रम, रेडियो तथा पत्रपत्रिकामा सन्देशमूलक सूचना प्रसारण, बुकलेट, छपाइ, पुस्तिका प्रकाशन तथा वितरण),

ख) जिल्ला वन्यजन्तु अपराध नियन्त्रण ईकाई (DWCCB), समुदायमा आधारित चोरी शिकारी नियन्त्रण इकाइ (CBAPU) तथा द्रुत टोली परिचालन (RRT) बैठक तथा गोष्ठी सञ्चालन, सिकार प्रतिरोध अपरेशन सञ्चालन, वन्यजन्तुउद्धार तथा नियन्त्रण सम्बन्धी तालिम सञ्चालन।

ग) वन्यजन्तु उद्धारका लागि केज खरिद/निर्माण/मर्मत तथा अन्य उद्धार सामाग्री खरिद गर्ने तथा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनको क्रममा फिल्डमा टोली परिचालन।

घ) वन्यजन्तु उद्धार कार्यका लागि बाह्य विज्ञको सहयोग लिन सकिनेछ।

ङ) सम्पन्न क्रियाकलापहरूको फोटो सहितको प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) मा उल्लेख भए बमोजिमका कार्यक्रमहरू मध्ये आवश्यकता र औचित्यताको आधारमा सञ्चालन गर्न सकिनेछ।

(४) कार्यक्रमका लागि विनियोजित बजेट उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न र खाजा, खाना, इन्धन, फिल्ड गियर, यातायात, छपाइ लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

४०. **मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण (तारबार/मेस जाली/पर्खाल निर्माण तथा वन क्षेत्र घेरबार)**: (१) यस कार्यक्रमको उद्देश्य वन्यजन्तुबाट आवादी र वस्ती क्षेत्रमा हुने अन्नबाली र अन्य क्षति न्यूनीकरण गरी मानव र वन्यजन्तु बीच सहअस्तित्व कायम गर्नु रहेको छ।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

वन अधिकृत　　महाशाखा प्रमुख　　प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

क) वन्यजन्तुबाट मानव वस्ती तथा खेतीपाती संरक्षणको लागि PCC/RCC पर्खाल निर्माण, तारबार, मेस जाली बारवन्देज लगायतका कार्यहरू आवश्यकता र औचित्यताको आधारमा सञ्चालन गर्न सकिनेछ।

ख) डिभिजन वन कार्यालय र सम्बन्धित समूह/समिति मार्फत सम्झौता गरी यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

ग) सम्पन्न क्रियाकलापहरूको फोटो सहितको प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) यस कार्यक्रमका लागि विनियोजित बजेट स्वीकृत लागत अनुमान बमोजिमका कार्यहरू सम्पन्न गर्न र सोको अनुगमन तथा निरीक्षण लगायतका व्यवस्थापन सम्बन्धी कार्यहरूमा खर्च गर्न सकिनेछ।

४१. <u>सामुदायिक वनहरूको अनुगमन तथा प्रतिवेदन तयारी/कबुलियती वनको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयारीः</u> (१) सम्बन्धित वन समूहहरूले स्वीकृत विधान र वन कार्ययोजना बमोजिम वर्षभरी गरेका क्रियाकलापहरूको जानकारी विवरण सहित समस्याहरूको पहिचान र अभिलेखीकरण गर्ने, सबल र दुर्बल पक्षहरूको विश्लेषण गर्ने, सुझाउने र वन कार्यालय र वन समूहहरू बिच सहज सम्पर्कको वातावरण सिर्जना गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) अनुगमन फाराम तयार गर्ने।

ख) अनुगमन फाराम भर्ने तरिकाको बारेमा स्टाफ बैठकमा अभिमुखिकरण गर्ने।

ग) सम्बन्धित समूहको कार्यालयमा गई तोकिएको कर्मचारीले उपभोक्ता समूहका पदाधिकारीसँग फाराममा भएका सूचना विवरणहरू (समूह घरधुरी सम्बन्धी विवरण, कोष परिचालन, वन पैदावार संकलन र बिक्री वितरण आदि तथ्याङ्कहरू) भर्ने।

घ) अनुगमन फाराम तीन प्रति तयार गरी समूह, सब डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयमा एक एक प्रति बुझाउने।

ङ) फाराममा पेस भएको तथ्याङ्क एवम् सूचना तोकिएको कर्मचारीले कम्प्युटर प्रविष्टी गरी विश्लेषण समेत गरी र डिभिजन वन कार्यालयमा बुझाउने।

च) प्राप्त विश्लेषण सहितको विवरणको सार सूचना विश्लेषण, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन/पुस्तिका छपाइ र वितरण गर्ने।

छ) तथ्याङ्क प्रविष्टी तथा विश्लेषणको वाह्य सेवा लिन सकिनेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेट अनुगमन तथा निरीक्षण फाराम छपाइ, फाराम बारे कर्मचारी अभिमुखिकरण, विवरण संकलन, तथ्याङ्क प्रविष्टी तथा विश्लेषण कार्यमा खटिने कर्मचारीको लागि स्टेशनरी, खाजा, खाना, सञ्चार, यातायात, प्रतिवेदन तयारी लगायतका कार्यहरूमा खर्च गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

४२. **वार्षिक प्रगति पुस्तिका प्रकाशन तथा वितरणः** (१) जिल्लाको समग्र वन क्षेत्रको व्यवस्थापनको वस्तुगत अवस्था र तथ्याङ्क विवरणहरूलाई अद्यावधिक तथा कार्यालयबाट वर्षभरी सम्पादन गरिएका वार्षिक कार्यहरूको प्रगति विवरणलाई अभिलेखीकरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनको क्रममा देहाय बमोजिमका क्रियाकलापहरू गर्न सकिनेछः

क) जिल्लाको वन क्षेत्रको समग्र तथ्याङ्क विवरणहरू, वन संरक्षण र विकासका लागि व्यवस्था गरिएको मौजुदा सरकारी संरचना र जनशक्ति परिचालनको अवस्था, कार्यालयहरूबाट वर्षभरि सम्पादन गरेका स्वीकृत वार्षिक कार्यक्रमहरूको प्रगति विवरण, कार्यक्रंम सञ्चालनमा देखापरेका समस्याहरू र समाधानको लागि अवलम्बन गरिएका प्रयासहरू, वन संरक्षण र व्यवस्थापन सम्बन्धी वर्तमान सवालहरू, वन अतिक्रमण, वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा उपयोग, वन क्षेत्रबाट प्राप्त सरकारी राजस्व/आम्दानी र कार्यालयले सम्पादन गरिरहेको कानुन कार्यान्वयन तथा नियमन सम्बन्धी कार्यहरूको एकीकृत विवरण संकलन र दस्तावेजीकरण,

ख) वार्षिक प्रगति पुस्तिका प्रकाशन,

ग) प्रकाशित सामग्रीको डिजिटल कपी कार्यालयको वैबसाईटमा अनिवार्य रुपमा प्रविष्ट गर्नु पर्नेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेट तथ्यांक संकलन, विश्लेषण, मसलन्द, प्रगति पुस्तिका छपाइ आदि कार्यमा खर्च गर्न सकिनेछ।

४३. **पर्यापर्यटन/वनस्पति/हरित पार्क/हरित बाल उद्यान/नक्षत्र वाटिका निर्माण/मर्मत/स्तरोन्नतिः** (१) स्थानीय क्षेत्रमा पर्यापर्यटनको प्रवर्द्धन गर्न, वस्ती क्षेत्र भित्र वा नजिक रहेको वन क्षेत्र वा सार्वजनिक खाली पर्ती जग्गाको उचित उपयोग गरी हरियाली प्रवर्द्धन र पर्यावरणीय सुन्दरताको विकास गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्न सकिनेछः

क) पर्यापर्यटन पार्क, हरित पार्क, उद्यान, धार्मिक वाटिका निर्माण गर्दा कार्यालय र सम्बन्धित विषयगत प्राविधिकबाट स्थलगत अवलोकन गरी डिजाइन र लागत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन नियमको अधीनमा रही उपभोक्ता समूह वा निर्माण व्यवसायीबाट काम गराउन सकिनेछ।

ख) हरित उद्यान (Green Park) को अवधारणालाई आत्मसात गरी सौन्दर्यीकरण कार्य (फलफूल बगैंचा, हरित सौन्दर्य प्रदायक रुख बिरुवा रोपण, बिरुवाको नामाकरण, गोडमेल, रेखदेख आदि), सूचना होर्डिङ्गबोर्ड, वनस्पति ट्याग, पद चिन्ह आदि तयार गर्न सकिनेछ।

ग) पार्क वा उद्यानभित्र प्रकृतिमैत्री मनोरञ्जनात्मक क्रियाकलाप पनि समावेश गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

घ) तोकिएको स्थानमा नै कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तह र सरोकारवाला बीच समन्वय गरी सहलगानीमा कार्य सञ्चालन गर्न सकिनेछ।

ङ) डिजाइन अनुसारको भौतिक संरचना निर्माण (पार्क उद्यानभित्र पदमार्ग, विश्राम स्थल, खानेपानी, अवलोकन स्थल, पहुँच मार्ग लगायतका भौतिक संरचना निर्माण र विद्यालयमा विद्यार्थीले खेल्ने संरचना समेतका लागि खर्च गर्नु पर्नेछ।

च) यस कार्यक्रम अन्तरगत कम्तीमा १०% रकम हरियाली प्रवर्धनमा अनिवार्य खर्च गर्नु पर्नेछ।

छ) बाँदर लगायतका वन्यजन्तुहरूले मन पराउने वनजन्य फलफूल प्रजातिको रोपण संरक्षण र व्यवस्थापन गर्न सकिनेछ।

ज) नक्षत्र बाटिका स्थापनाका लागि २७ नक्षत्र अनुसारको २७ प्रजातिका बिरुवा नक्षत्र बाटिकामा रोपण गर्नुपर्ने छ। बाटिकामा अमला, शमी, जामुन, आँक, बाँस, मौलाश्री, रिठ्ठा, पलाँस, डुम्री, सिसौ, पिपल, नागकेशरी, बर, बेल, अर्जुन, कंकेरो, सिमल, राजबृक्ष, कटहर, कदम, आँप, नीम, केरा, महुवा, खयर, लहरेपिपल र वेतका बिरुवा रोप्नु पर्नेछ।

झ) पाँच लाख रुपैयाँ वा सो भन्दा बढी रकमको पार्क/उद्यान निर्माण गर्दा अनिवार्य रुपमा आयोजनाको विवरण सहितको फलामे होडिङ्‌बोर्ड राख्नु पर्नेछ।

ञ) पार्कको दिगो व्यवस्थापनका लागि निर्माण पश्चात स्थानीय समुदायलाई संरक्षण गर्ने गरी हस्तान्तरण गर्न सकिनेछ।

ट) कार्य सम्पन्न भएपछि फोटो सहितको प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) यस कार्यक्रमका लागि विनियोजित बजेट स्वीकृत डिजाइन र लागत अनुमान बमोजिमका कार्यहरू सम्पन्न गर्न र सोको अनुगमन एवम् निरीक्षण लगायतका व्यवस्थापन सम्बन्धी कार्यहरूमा खर्च गर्न सकिनेछ।

४४. <u>पञ्चासे वन संरक्षण क्षेत्रमा संचालन हुने मेला, महोत्सव सहयोग/अनुदान कार्यक्रमः</u> (१) सुनाखरीको राजधानीको रुपमा परिचित पञ्चासे क्षेत्रमा पर्व विशेषका रुपमा सञ्चालन हुने धार्मिक एवम् साँस्कृतिक मेला महोत्सवमा सहयोग गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्न सकिनेछः

क) समूह/परिषद्का पदाधिकारीहरूको समन्वयमा बैठक वसी धार्मिक, साँस्कृतिक कार्यको प्रवर्द्धन योजना बनाउने।

ख) स्थानीय चाडपर्वहरूमा सरसफाई, प्रचारप्रसार र सम्पदाहरूको संरक्षण गर्ने कार्य।

ग) धार्मिक तथा साँस्कृतिक कार्यहरूमा कर्मचारी एवम् स्वयंसेवक परिचालन गर्ने।

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नन्दु गुरुङ
माननीय मन्त्री

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

(३) उपदफा (१) मा उल्लेख भए बमोजिमका कार्यहरू गर्न गराउन यस कार्यक्रमका लागि विनियोजित बजेट खर्च गर्न सकिनेछ। बजेट भुक्तानीको लागि खर्च पुष्टी हुने फोटो सहितको कागजात समावेश गरी प्रतिवेदन पेस गर्नु पर्नेछ।

४५. **ढलापडा, बेवारिसे तथा बरामदी काठ संकलनः** (१) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) ढलापडा, बेवारिसे तथा बरामदी काठ कानूनी प्रक्रिया पुरा गरी फेला परेको स्थानको जि.पि.एस. लोकेशन, प्रजातिको नाम र नाप साइज समेतको लगत विवरण तयार गर्नु पर्नेछ। सार्वजनिक आवत जावतमा अवरोध हुने गरी ढलेका रुखहरूको हकमा डिभिजन वन कार्यालयको कार्य क्षेत्रभित्रको हकमा डिभिजन वन कार्यालयले र सो भन्दा बाहिरको क्षेत्रको हकमा सम्बन्धित निकायसँग समन्वय गरी प्रचलित वन ऐन नियमावलीमा व्यवस्था भए बमोजिम तत्काल हटाउन सकिनेछ।

ख) ढलापडा रुखको आवश्यकता अनुसार टुनटुक्रा समेत गर्न सकिनेछ।

ग) लगत बमोजिमका काठको संकलन र ढुवानी गरी सुरक्षित घाटगद्दी गर्नु पर्नेछ।

घ) वन मुद्दा अन्तर्गतका बरामद गरिएका काठको हकमा छुट्टै तेरिज बनाइ जिम्मा जमानी दिनु पर्नेछ।

ङ) ढलापडा, बेवारिसे तथा बरामदी काठको लगत विवरण संलग्न राखी फोटो सहितको प्रतिवेदन डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(२) यस कार्यक्रमका लागि विनियोजित बजेट कर्मचारी परिचालन, काठ दाउरा कटान, मुछान, ढुवानी र घाटगद्दी, खाजा, सञ्चार, स्टेशनरी, अनुगमन तथा निरीक्षण आदि कार्यमा खर्च गर्न सकिनेछ।

४६. **वन व्यवस्थापन गरी काठ दाउरा उत्पादनः** (१) यस कार्यक्रमको कार्यान्वयनका लागि देहायका क्रियाकलापहरू समेट्न सकिनेछः

क) सब डिभिजन वन कार्यालयले वन व्यवस्थापन गर्न आवश्यक र उपयुक्त सामुदायिक वनको नाम, ठेगाना, खण्ड, क्षेत्रफल, मुख्य प्रजाति, समूहको वन कार्ययोजना तथा कार्यतालिका सहितका विवरण खुलाइ सिफारिस गरी डिभिजन वन कार्यालयमा पठाउन पत्राचार गर्नु पर्नेछ।

ख) डिभिजन वन कार्यालयबाट आवश्यक परे स्थलगत निरीक्षण र उपभोक्ता समूहसँग छलफल समेत गरी सिफारिस भई आएका सामुदायिक वनहरू मध्येबाट सामुदायिक वनको छनोट गर्नु सकिनेछ।

ग) यस कार्यक्रममां प्राविधिक सहयोग सम्बन्धित सब डिभिजन वन कार्यालयबाट उपलब्ध गराउनु पर्नेछ।

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

घ) यस कार्यक्रम कार्यान्वयनको लागि सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा सञ्चालन गरिनेछ।

ङ) स्वीकृत वन कार्ययोजनाको वार्षिक स्वीकार्य कटानको परिधिभित्र रही कार्य सञ्चालन गर्ने पर्नेछ।

(२) यस कार्यक्रमका लागि विनियोजित बजेट काठ दाउरा कटान, मुछान, ढुवानी र घाटगद्दी, वन व्यवस्थापन सम्बन्धी आधुनिक औजारहरू खरिद, खाजा, सञ्चार, स्टेशनरी, अनुगमन तथा निरीक्षण आदि कार्यमा खर्च गर्न सकिनेछ।

४७. **विकास र वातावरण विच समन्वय तथा जलवायू परिवर्तनको असरलाई न्यून गर्नका लागि स्थानिय तहसँग समन्वय गोष्ठीः** (१) दिगो विकासको लागि वातावरण संरक्षण र भौतिक पूर्वाधार विकास बिच सन्तुलन आवश्यक छ। यस कार्यक्रमको उद्देश्य भौतिक पूर्वाधार विकास गर्दा वातावरण तथा जलवायूमा पर्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने सम्वन्धमा प्रचलित वन ऐन नियम, वातावरण संरक्षण ऐन नियम, जलवायू परिवर्तन नीति र स्थानीय सरकार सञ्चालन ऐन नियममा व्यवस्था भएका प्रावधानहरू बारेमा सरोकारवाला निकायलाई सुसूचित गराई बुझाईमा एकरुपता कायम गर्ने र वातावरणमैत्री पूर्वाधार विकास सञ्चालन गरी वन संरक्षण र विकास गर्ने रहेको छ।

(२) यस कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहका निर्वाचित पदाधिकारी र कर्मचारीहरू सहभागी गरी गर्नु पर्नेछ।

(३) जिल्लास्तरमा कार्यक्रम गर्नु परेमा जिल्ला समन्वय समितिसँग समन्वय गरी स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, कार्यकारी प्रमुख, वातावरण शाखा प्रमुख समेत आमन्त्रण गरी गर्न सकिनेछ।

(४) यस कार्यक्रमको लागि स्वीकृत रकम गोष्ठीका सहभागी भत्ता, सेसन/ सहजीकरण शुल्क, समन्वय वैठक भत्ता, खाजा, हल भाडा, सञ्चार, स्टेशनरी, यातायात खर्च आदिमा खर्च गर्न सकिनेछ।

४८. **भूसंवेदनशील क्षेत्रमा समुदाय मार्फत अम्रिसो/बाँस लगायतका प्रजाति रोपण कार्यक्रमः** (१) यस कार्यक्रम अन्तर्गत विभिन्न गल्छी उपचार, पहिरो उपचार, सडक पाखो संरक्षण, र क्षतिग्रस्त भूमि पूनर्उत्थान गर्नका लागि उपभोक्तामार्फत अम्रिसो/बाँस लगायतका बिरुवा तथा राइजोम उत्पादन, खरिद र रोपण गरी संरक्षण कार्यलाई प्रभावकारी बनाउन सकिनेछ।

(२) यस कार्यक्रम कार्यालयको मौजुदा जनशक्ति परिचालन गरी देहायका प्रक्रिया पूरा गरी गर्नु पर्नेछः

क) स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति, टोल सुधार समिति वा यस्तै प्रकृतिका सरकारी निकायमा दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नु पर्नेछ। स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य सञ्चालन गर्न सकिनेछ। तर सहभागिताको

वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव नम्डु गुरुङ माननीय मन्त्री

सुनिश्चितता नभएको स्थानहरूमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई ठेक्काबाट पनि कार्य सञ्चालन गर्न सकिनेछ।

ख) कार्यक्रम सम्पन्न पश्चात मर्मत संभार र रेखदेख गर्न जनसहभागिता सुनिश्चित गराउनु पर्नेछ।

ग) स्थानीय तहसँगको समन्वयमा योजना सन्चालन गर्न सकिनेछ।

घ) यस कार्यक्रम कम खर्चिलो प्रविधि अपनाई स्थानीय रुपमा उपलव्ध हुने बाँस/काठको प्रयोग गरी बारबन्देज, घेरबार गर्न सकिनेछ।

ङ) छनोट भएको स्थानको हालको र संरक्षण पश्चातको फोटो, नक्सा, सम्पन्न क्रियाकलापको विवरण सहित प्रतिवेदन तयार गरी कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) यस कार्यक्रमका लागि विनियोजित बजेटबाट स्वीकृत डिजाइन लागत अनुमान बमोजिम बाँस/अम्रिसोको राइजोम उत्पादन/खरिद, ढुवानी, रोपण र संरक्षणको कार्य सम्पन्न गर्न, अनुगमन तथा निरीक्षण कार्यमा खर्च गर्न सकिनेछ।

४९. <u>**जोखिमयुक्त रुखको व्यवस्थापनः**</u> (१) जोखिम अवस्थामा रहेका रुखहरू तत्काल नहटाएमा सर्वसाधारणको धनजनमा क्षति पुग्न सक्ने खतरा रहको अवस्थाका रुखहरूको व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्नु पर्नेछः

क) सम्बन्धित स्थानीय तहको सिफारिस साथ व्यक्ति विशेषको निवेदन वा समुदाय/संस्थाको पत्र प्राप्त भएपछि त्यस्ता जोखिमयुक्तख रुखहरूको निरीक्षण एवम् छानबिन गरी जि.पि.एस. लोकेशन र फोटो सहितको लगत विवरण पेस गर्न डिभिजन वन कार्यालयले वन प्राविधिक खटाउने।

ख) वन नियमावली, २०७९ को नियम २६ मा भएको व्यवस्था बमोजिमको समितिको निर्णयको आधारमा लगत बमोजिमको रुखको कटान, मुछान र सुरक्षित घाटगद्दी एवम् संकलन गर्न डिभिजनल वन अधिकृतले त्यस्तो जोखिमयुक्त रुखहरू हटाउन अनुमति दिने र उत्पादन हुने काठ दाउराको समयमा नै व्यवस्थापन गर्ने।

(३) यस कार्यक्रमका लागि विनियोजित बजेट जोखिमयुक्त रुखको स्थलगत निरीक्षण एवम् छानबिन, रुख कटान, मुछान तथा काठ दाउरा संकलन एवम् ढुवानी र घाटगद्दी गर्ने, समितिको वैठक व्यवस्थापन, खाजा (फिल्डमा खटिने कर्मचारीको खाजा समेत), इन्धन, यातायात, सञ्चार, अनुगमन तथा निरीक्षण आदि कार्यमा खर्च गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

५०. **<u>वन्यजन्तुबाट भएको क्षतिको राहत सम्बन्धी जाँचबुझ तथा प्रतिवेदन तयारी</u>:** (१) मानव, पशुधन, अन्नपात र खेतीवालीमा वन्यजन्तुबाट भएको क्षतिको स्थलगत जाँचवुझ गरी प्रतिवेदन तयार गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको लागि विनियोजित बजेट वन्यजन्तुबाट भएको क्षतिको जाँचबुझका लागि कर्मचारी परिचालन, खाजा, खाना, इन्धन, सञ्चार, यातायात खर्च, राहत सिफारिस समितिको बैठक भत्ता, जाँचबुझका क्रममा खटिएका कर्मचारीको दैनिक भ्रमण भत्ता, मसलन्द, प्रतिवेदन तयारी लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

५१. **<u>वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण</u>:** यस कार्यक्रममा विनियोजित बजेट "वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०" बमोजिम वितरण गर्नु पर्नेछ।

५२. **<u>वर पिपल शमी रोपण चौतारा निर्माण, मर्मत तथा सौन्दर्यीकरण/चौतारो संरक्षण/ स्तरोन्नति</u>:** (१) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्न सकिनेछः

क) चौतारा निर्माण, मर्मत, संरक्षण तथा व्यवस्थापन कार्य गर्न,

ख) चौतारामा सकेसम्म जैविक प्रविधि र स्थानीय सामग्रीको प्रयोग गरी मर्मत र स्तरोन्नति तथा सौन्दर्यीकरण गर्ने,

ग) चौतारामा वर, पिपल, शमीको बिरुवा रोपणको लागि खरिद र रोपण समेत,

घ) यस कार्यक्रम कार्यान्वयनमा यथासम्भव स्थानीय समुदायलाई सहभागी गराउन सकिनेछ।

(२) कार्यक्रम सम्पन्न भएपछि कागजात र फोटो सहितको प्रतिवेदन कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) यस कार्यक्रमका लागि विनियोजित बजेट स्वीकृत लागत अनुमान बमोजिम कार्य सम्पन्न गर्न, अनुगमन गर्न र अन्य व्यवस्थापन सम्बन्धी कार्यमा खर्च गर्न सकिनेछ।

५३. **<u>वन्यजन्तु उद्दार, व्यवस्थापन तथा पुनर्स्थापना</u>:** (१) प्रदेशको वन क्षेत्रभित्र र बाहिर पाइने टुहुरा, अशक्त, घाइते, अङ्गभङ्ग र समस्याग्रस्त वन्यजन्तुहरूको समयमैउद्दार, व्यवस्थापन तथा पुनर्स्थापना गरी मानव वन्यजन्तु बिच सहअस्तित्व कायम गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्न सकिनेछः

(क) यस कार्यक्रम अन्तर्गत गर्नु पर्ने वन्यजन्तुको उद्दार तथा प्राकृतिक अवस्थामा पुनःस्थापना, ओसारपसार, उद्दार केन्द्रका कर्मचारी एवं वाह्य विज्ञहरुको परिचालन, केयरटेकर लगायतका कर्मचारीको बिमा, भेटेरिनरी सेवा प्रदायकको व्यवस्था, बैठक सञ्चालन खर्च, इन्धन, सञ्चार, वन्यजन्तुहरूको आहारा, औषधीउपचार, पानी,

वन अधिकृत   महाशाखा प्रमुख   प्रदेश सचिव   नम्दु गुरुङ मानीय मन्त्री

बिजुली, खाजा, खाना, यातायात/सवारी भाडा खर्च, उद्दार सामाग्री मर्मत सुधार/खरिद, दैनिक भ्रमण भत्ता, सवारी साधन मर्मत आदि कार्यहरूको लागि रकम खर्च गरी क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(ख) यस कार्यक्रमबाट सम्पादित समग्र कार्यहरूको फोटो सहितको प्रतिवेदन तयार गरी कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) यस कार्यक्रमका लागि विनियोजित बजेट उपदफा (२) खण्ड (क) बमोजिमको कार्यहरू सञ्चालन गर्न र अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा खर्च गर्न सकिनेछ।

५४. <u>पचभैया प्राणी उद्यान विकास तथा वन्यजन्तु उद्दार केन्द्रमा पुर्वाधार निर्माण / उद्दार केन्द्रको सुरक्षाको लागि ट्रष्ट हाउस निर्माण:</u> (१) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप समेट्न सकिनेछ:

क) डिजाइन, लागत अनुमान तयार गरी प्रचलित कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ।

ख) स्वीकृत लागत अनुमान बमोजिमको पूर्वाधारका कार्यहरू सम्पन्न भएपछि नापी किताब, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन, ठेक्का बिल तथा भरपाईहरू लगायतको कागजात कार्यालयमा पेस गर्नु पर्नेछ।

ग) निर्माण कार्यका लागि पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्दार केन्द्र व्यवस्थापन समितिसँग समन्वय गर्न सकिनेछ।

(२) यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत लागत अनुमान बमोजिमको पूर्वाधारका कार्यहरू सम्पन्न गर्न र उक्त कार्यहरूको अनुगमन तथा निरीक्षणमा खर्च गर्न सकिनेछ।

५५. <u>वन तथा वन्यजन्तु सम्बन्धी उजुरीको अनुसन्धान, तहकिकात र मुद्दा दायरी:</u> (१) वन र वन्यजन्तु अपराध सम्बन्धी उजुरीको छानबिन, अनुसन्धान, तहकिकात तथा अभियोजन कार्य पूरा गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) मुद्दा सम्बन्धी कार्य सम्पन्न भएपछि कागजात विवरण सहितको प्रतिवेदन पेस गर्नु गर्नेछ।

(३) यस कार्यक्रमको बजेट रकम वन र वन्यजन्तु अपराध सम्बन्धी उजुरीको छानबिन, अनुसन्धान, तहकिकात तथा अभियोजन कार्यमा कर्मचारी परिचालन गर्न, इन्धन, खाजा, सञ्चार, स्टेशनरी, यातायात, बकपत्र गर्न आउने साक्षीहरूको भ्रमण खर्च र बरामदी र दसीका मालबस्तुको ढुवानी र सुरक्षा व्यवस्थापन आदिमा खर्च गर्न सकिनेछ।

५६. <u>पुरानो काठ दाउराको पुन नापजाँच गरी रेकर्ड अद्यावधिक गर्ने कार्य/घाटगद्दी व्यवस्थापन गर्ने:</u> (१) यस कार्यक्रम अन्तर्गत सरकारद्वारा व्यवस्थित वन, चक्ला वन, सार्वजनिक जग्गा, विकास आयोजनाहरु बाट



वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

हस्तान्तरण भएका, वन मुद्दाको क्रममा बरामदी, बेबारिसी, दहत्तर बहत्तरबाट सङ्कलित सम्पूर्ण काठ/दाउरा वन नियमावली, २०७९ र गण्डकी प्रदेश वन ऐन २०८० तथा नियमावली २०८१ अनुसार पुराना काठ दाउरको पुन नापजाँच गरी विवरण अद्यावधिक गर्ने, नम्बरिङ र ग्रेडिङ गरी नापी लगत तयार गर्ने, घाटगद्दीको व्यवस्थापन तथा प्रमाणित गरी अद्यावधिक गर्नु पर्नेछ।

(२) कार्य सम्पन्न भएपछि सोको फोटो सहितको प्रतिवेदन कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेट ज्यामी ज्याला, इन्धन, इनामेल, ब्रस खरिद, नापी लगत तयारी (टाइपिङ, प्रिन्टिङ, बाइण्डिङ), वन पैदावार पुनर्मूल्याङ्कन समितिको बैठक भत्ता, खाजा लगायत कार्यमा खर्च गर्न सकिनेछ।

५७. <u>गण्डकी प्रदेश स्थापना देखि हालसम्म भएको वन पैदावार उत्पादन एवं विक्री वितरण, मानव वन्यजन्तु राहतउद्दार लगायतका उपलब्धिहरुको एकिकृत तथ्याङ्क प्रतिवेदन तयारीः</u> (१) गण्डकी प्रदेशको स्थापना देखि हालसम्म वन पैदावार उत्पादन एवं विक्री वितरण, मानव वन्यजन्तु राहतउद्दार लगायतका उपलब्धिहरुको एकिकृत तथ्याङ्क सहितको विस्तृत प्रतिवेदन तयार गर्ने उद्देश्यले यस कार्यक्रम राखिएको हो।

(२) उपदफा (१) बमोजिमको विस्तृत प्रतिवेदनमा गण्डकी प्रदेशको स्थापना देखि हालसम्म जिल्लागत रुपमा भए गरेका देहायका क्रियाकलापहरु समेट्नु पर्नेछ।

क) वन व्यवस्थापन पद्धती अनुसार वन पैदावार (काठ, दाउरा, जडीबुटी लगायतका) उत्पादन एवं विक्री वितरण तयार गर्ने।

ख) मानव वन्यजन्तु द्वन्द्वबाट मानवीय, पशुधन, भण्डारण गरेको अन्न, घरगोठ, खेतीबाली, माछा, कुखुरा क्षति र वन्यजन्तु उद्दार र राहत वितरणको विवरण तयार गर्ने ।

ग) यस कार्यको लागि आवश्यक पर्ने तथ्याङ्क डिभिजन वन कार्यालयहरुले उपलब्ध गराउनु पर्नेछ।

(३) यस कार्यक्रम सञ्चालन गर्दा विनियोजित रकम तथ्याङ्क संकलन, दैनिक भ्रमण भत्ता, इन्धन, सवारी साधन मर्मत, खाजा, खाना, सञ्चार, यातायात, प्रतिवेदन तयारीका लागि छपाई तथा प्रिन्टिङ्ग लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

५८. <u>अन्य प्रयोजनका लागि वन क्षेत्रको जग्गाको यथोचित उपयोग, अनुगमन र प्रतिवेदन तयारीः</u> (१) प्रदेश भित्रका राष्ट्रिय वन क्षेत्रको जग्गा कुन कुन प्रयोजनका लागि उपलब्ध गराइएको छ, सो सम्बन्धमा विस्तृत तथ्याङ्क संकलन गरी दस्तावेज तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दस्तावेज तयार गर्दा नेपाल सरकारबाट भएको निर्णय, वन तथा भूसंरक्षण विभाग (साविक वन विभाग) र सम्बन्धित आयोजना/निकायसँग भएको सम्झौतामा उल्लेखित

वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव नम्डु गुरुङ माननीय मन्त्री

सर्त बमोजिम, कार्यान्वयनको अवस्था आयोजनाले/निकायले सर्त पालना गरेको वा नगरेको विवरण समेतको विषयहरू समावेश गर्नु पर्नेछ।

(३) कार्य सम्पन्न भएपछि प्रतिवेदन तयार गरी एक प्रति मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) यस कार्यक्रममा विनियोजित बजेट दैनिक भ्रमण भत्ता, इन्धन, सवारी साधन मर्मत, बैठक तथा छलफलमा खाजा, बैठक भत्ता, दस्तावेज तयारीका लागि छपाई तथा प्रिन्टिङ्ग लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

५९. <u>**वातावरण अध्ययन प्रतिवेदन सम्बन्धमा प्राविधिक समितिको व्यवस्थापन, सञ्चालन तथा स्वीकृत प्रतिवेदन कार्यान्वयनको नियमनः**</u> (१) मन्त्रालयमा पेस भएका योजना/आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन उपर क्षेत्रगत विज्ञ सहितको प्राविधिक समितिको बैठक अध्ययन एवम् छलफल गरी राय सुझाव उपलव्ध गराउन तथा सो समितिबाट हाल सञ्चालन तथा स्वीकृत प्रतिवेदन कार्यान्वयनको अनुगमन गर्न यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलाप गर्न सकिनेछः

क) मन्त्रालयमा पेस हुन आएको वातावरणीय अध्ययन प्रतिवेदन उपर राय सुझाव दिने प्रयोजनका लागि बिषय विज्ञ सहितको प्राविधिक समितिको बैठक गर्नु पर्नेछ।

ख) प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गर्न सक्नेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेट सम्बन्धित प्राविधिक समितिको बैठक सञ्चालन, खाजा/खाना, बैठक भत्ता, यातायात, सञ्चार, स्थलगत अनुगमन, निरीक्षण तथा प्रतिवेदन तयारी आदि कार्यमा खर्च गर्न सकिनेछ।

६०. <u>**आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रमः**</u> (१) प्रदेशभित्र रहेका पर्यटकीय सम्भावनाहरूलाई उजागर गर्न, राष्ट्रसेवक कर्मचारीहरूलाई उत्प्रेरित गरी जिम्मेवारी प्रति उत्साह बढाउन र आन्तरिक तथा ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्नका लागि मन्त्रालय र अन्तर्गतका निकायहरूमा कार्यरत कर्मचारीहरूलाई बिदा पर्यटनमा पठाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रमको कार्यान्वयन र विनियोजित बजेट खर्च गर्दा गण्डकी प्रदेश बिदा पर्यटन सम्बन्धी कार्यविधि बमोजिम गर्नु पर्नेछ।

६१. <u>**वन डढेलो नियन्त्रणका लागि** Rapid Response **टिम गठन र परिचालनः**</u> (१) डिभिजन वन कार्यालयले प्राविधिक अधिकृत कर्मचारीको संयोजकत्वमा वन प्राविधिक, सुरक्षा निकाय, जिल्ला/इलाका प्रशासन कार्यालय, नजिकका वन समूहका प्रतिनिधिहरू समेत रहने गरी वन डढेलो नियन्त्रणका लागि एक Rapid Response टिम गठन गर्नु पर्नेछ।



वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव नम्डु गुरुङ माननीय मन्त्री

(२) उपदफा (१) बमोजिम गठन भएको टिमलाई डिभिजन वन कार्यालयले सुरक्षा निकायसँगको समन्वयमा आवश्यकता अनुसारको अभिमुखीकरण तालिमको व्यवस्था गर्न सक्नेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेटबाट Rapid Response टिम परिचालन गर्ने क्रममा खाजा/खाना, सञ्चार, इन्धन, यातायात लगायतका शीर्षकमा खर्च गर्न सकिनेछ।

६२. **<u>सरोकारवालासँग समन्वय गोष्ठी (पञ्चासे समेत)/ वन डढेलो नियन्त्रण वन व्यवस्थापन र चोरी शिकार नियन्त्रण गोष्ठी:</u>** (१) यस कार्यक्रममा प्रचलित नियमानुसार विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग वन, वातावरण तथा जैविक विविधता संरक्षण र व्यवस्थापन, वन डढेलो नियन्त्रण वन व्यवस्थापन र चोरी शिकार नियन्त्रण लागि सरोकारवाला तथा लाभग्राही निकायको सहभागितमा गोष्ठी सञ्चालन गर्न सकिनेछ।

(२) पञ्चासे वन क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि गठित वन समूहहरू र इकाई परिषद्को प्रतिनिधित्व हुने गरी स्रोतको आधारमा छुट्टाछुट्टै वा एकीकृत रुपमा प्रस्तावित मूल परिषद्को बैठक गर्न सकिनेछ।

(३) यस कार्यक्रम अन्तर्गतको गोष्ठी सञ्चालनका लागि विनियोजित बजेट सहभागीले नियमानुसार पाउने दैनिक तथा भ्रमण भत्ता, खाजा, हल भाडा, सञ्चार, स्टेशनरी आदिमा प्रदेश खर्चको मापदण्ड, २०७९ र प्रचलित सार्वजनिक खरिद ऐन नियमको परिधिभित्र रही खर्च गर्न सकिनेछ।

(४) कार्यक्रम सम्पन्न गर्ने निकाय तथा कर्मचारीले बैठकँ/गोष्ठी सम्पन्न भएपछि नियमानुसार आवश्यक कागजात सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेस गर्नु पर्नेछ।

६३. **<u>सब डिभिजन वन कार्यालय मार्फत संवेदनशील वन क्षेत्रको पहिचान गरी अग्निरेखा सरसफाई तथा</u>** <u>Control Burning:</u> (१) वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रण कार्यलाई प्रभावकारी बनाउनको लागि वन डढेलोको प्रकोप बढी भएको संवेदनशील वन क्षेत्रभित्र वा वन र निजी जग्गाको सिमानामा अग्निरेखा निर्माण, मर्मत सम्भार, सरसफाई तथा Controlled/Prescribed Burning गरी संभावित वन डढेलोको जोखिम न्यूनीकरण तथा रोकथाम गर्नु यस कार्यक्रमको उद्धेश्य हो ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न सामुदायिक वन उपभोक्ता समूहको लागत सहभागिता तथा स्थानीय श्रम प्रयोग समेतबाट कार्य संचालन गर्न सकिनेछ।

(३) यस शीर्षकमा विनियोजित रकम यस कार्यमा प्रयोग गरिने मेशिनको भाडा, ज्यामी खर्च, खटिने कर्मचारीको लागि खाजा, इन्धन आदिमा खर्च गर्न सकिनेछ।

(४) कार्यक्रम सम्पन्न भए पश्चात् मर्मतसम्भार तथा सरसफाई र निर्माण गरिएको अग्निरेखा लगायतका क्रियाकलापको फोटो, खर्चको बिल भरपाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ।

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

६४. <u>**प्रदुषण र फोहरमैला व्यवस्थापन कार्यक्रमः**</u> (१) वातावरण संरक्षण गर्नका लागि जिल्लास्तरमा सचेतना अभिबृद्धि गराई प्रदुषण तथा फोहरमैला सम्बन्धी कार्यात्मक व्यवस्थापन गर्नु यो कार्यक्रमको उद्देश्य हो।

(२) उपदफा (१) बमोजिमको कार्य सञ्चालन गर्दा स्थानीय तह, वन तथा वातावरण क्षेत्रमा कार्यरत संस्था/समूहसँगको सहकार्यमा फोहरमैला प्रशोधन कार्य, तालहरुको मिचाहा प्रजाति व्यवस्थापन तथा सरसफाई लगायतका कार्य सञ्चालन गर्न सकिनेछ।

(३) यस शीर्षक अन्तर्गतको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रदुषण र फोहरमैला व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद, प्रचार सामग्री, पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, ब्यानर, खाजा, खाना, वातावरणमैत्री झोला, डस्टविन, पानी, होर्डिङ बोर्ड, ज्यामी खर्च लगायतमा खर्च गर्न सकिनेछ।

६५. <u>**सिमसार संरक्षण तथा व्यवस्थापन कार्यक्रमः**</u> (१) सिमसार क्षेत्रको संरक्षण भइ आश्रित समुदायको जीविकोपार्जन सुधारमा टेवा पुर्याउनुका साथै संवेदनशील एवम् लोपोन्मुख सिमसार क्षेत्रको जीवन्तता, दिगो व्यवस्थापन र विकास मार्फत बहुउपयोग प्रवर्द्धन गर्नु यो कार्यक्रमको उद्धेश्य रहेको छ।

(२) उपदफा (१) बमोजिमका कार्य संचालन गर्न आवश्यकता अनुसार स्थानीय तह र उपभोक्ता समेत समन्वय र सहकार्य गर्ने सकिनेछ।

(३) यस कार्यक्रमको रकम प्रचलित नियम अनुसार सिमसार वरिपरिको मिचाहा प्रजाति तथा झाडी हटाउने, फोहोर सरसफाई गर्ने, बिरुवा खरिद तथा वृक्षारोपण, माटो र पानी संरक्षणका लागि ईन्जिनियरिङ्ग तथा जैविक संरचना निर्माण, माटो तथा वालुवाले पुरिएको भए सो समेत खनि हटाउने लगायतका कार्यहरू गर्न सकिनेछ।

(४) कार्यक्रम सम्पन्न पश्चात कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको विवरण, नक्सा, क्रियाकलापको विवरण, फोटो, विल भरपाई, कार्यसम्पन्न प्रतिवेदनको लगायतका कागजातहरू संलग्न गरी पेश गर्नुपर्ने छ।

६६. <u>**वृक्षारोपणः**</u> (१) स्थानीयस्तरमा हुर्कन सक्ने बिरुवा रोपण गरी हरियाली प्रवर्द्धन, वन, वातावरण तथा भू संरक्षण गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वनका लागि डिभिजन वन कार्यालयले जिल्लास्तरमा सम्भाव्य वृक्षारोपण क्षेत्र (सार्वजनिक, खाली, पर्ति, अतिक्रमण हटाईएको वा अतिक्रमण हुन सक्ने जग्गा) को पहिचान गरी वार्षिक वृक्षारोपण योजना (स्थान, GPS नक्शा, क्षेत्रफल, संख्या, प्रजाति समेत) तयार गर्नु पर्नेछ।

(३) डिभिजन वन कार्यालय स्वयम् वा समुदाय वा सम्बन्धित सरोकारवाला निकायमार्फत यो कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

वन अधिकृत | महाशाखा प्रमुख | प्रदेश सचिव | नम्दु गुरुङ माननीय मन्त्री

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

(४) यस कार्यक्रमको रकम प्रचलित नियम अनुसार बिरुवा/कटिङ उत्पादन तथा खरिद, खाल्डो खन्ने कार्य, मल खरिद, बिरुवा रोपण, ढुवानी तथा ओसारपसार, आवश्यकता अनुसार तारबार/घेरबार, हेरालु लगायतका क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

(५) कार्य सम्पन्न पश्चात वृक्षारोपण गरिने स्थानको जि.पि.एस. लोकेशन सहित GIS नक्शा, क्षेत्रफल, प्रजाति, रोपण गरिएका बिरुवा संख्या, फोटो आदिको विस्तृत विवरण संलग्न राखी प्रतिवेदन पेस गर्नुपर्नेछ।

६७. **सामुदायिक वनमा वन उद्यम प्रवर्धन कार्यक्रम:** (१) आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गरी वनजन्य कच्चा पदार्थमा आधारित वन उद्यमको स्थापना, प्रवर्धन र विकास गर्ने र सो कार्यबाट सामुदायस्तरमा हरित रोजगारी बृद्धि गर्दै हरित अर्थतन्त्र निर्माणमा सहयोग पुऱ्याउने यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न सामुदायिक वन समूहलाई आवश्यक पर्ने वनजन्य कच्चा पदार्थ संकलन, प्रशोधन र भण्डारण जस्ता प्रर्वधनात्मक कार्यहरूमा सहयोग पुग्ने प्रविधि, उपकरण उपलब्ध गराउन सहयोग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको कार्यक्रम संचालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम देहायको प्रकृया अवलम्बन गरी कार्यान्वयन गरिनेछ।

(४) यस कार्यक्रम सञ्चालन गर्नका लागि कुल लागत अनुमानको कम्तिमा दश प्रतिशत रकम सामुदायिक वन उपभोक्ता समूहको लगानी हुनु पर्नेछ।

(५) कार्य सम्पन्न पश्चात वन समूहले आवश्यक कागजात, बिल भरपाई, फोटो, कार्य सम्पन्न प्रतवेदन पेस गर्नुपर्नेछ।

६८. **अन्नपूर्ण जलवायु सम्मेलनः कालीगण्डकी संवादः** (१) राष्ट्रिय तथा अन्तराष्ट्रिय विज्ञहरु समेतको विभिन्न सरोकारवाला निकायहरुको सहभागीतामा गण्डकी प्रदेशको मुलतः हिमाली क्षेत्रमा जलवायु परिवर्तनबाट सिर्जित नकारात्मक प्रभावलाई उजागर गर्दै हिमनदी, हिमताल र हिम श्रृङ्खलाको दिगो संरक्षणमा साझा बुझाइ र धारणा तय गरी हानी नोक्सानीको बहस र पैरवीलाई निरन्तरता दिनु यस सम्वाद कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैह सरकारी, विकास साझेदार, निजी क्षेत्र समेतसँग सहकार्य गर्न सकिनेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेट पूर्व तयारी बैठक, कार्यपत्र तयारी, सहजिकरण शुल्क, व्यवस्थापन खर्च, खाजा, खाना, होटल वास, इन्धन, सञ्चार, प्रचार प्रसार/ मिडिया परिचालन, दैनिक भ्रमण भत्ता, यातायात, प्रतिवेदन तयारी, मसलन्द लगायतका शीर्षकमा खर्च गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

६९. **<u>प्रदेशको उत्कृष्ट सामुदायिक वन उपभोक्ता समूह र कबुलियती वन उपभोक्ता समूहलाई पुरस्कार:</u>** (१) सामुदायिक वन तथा कबुलियती वन उपभोक्ता समूहको विधान र कार्ययोजना बमोजिम तोकिएको कार्यहरू गर्न उत्प्रेरित तथा अभिप्रेरित गरी निरन्तर वनको संरक्षण, व्यवस्थापन, विकास, उपयोग, सुशासन, समावेशी सहभागिताका पक्षहरुमा उत्कृष्ट कार्यसम्पादन गर्ने समूहलाई प्रोत्साहन गर्नका लागि यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम सञ्चालन गर्नका लागि देहाय अनुसारको मुल्याङ्कन समित गठन गरिनेछ।

क) महाशाखा प्रमुख, वन संरक्षण तथा व्यवस्थापन महाशाखा- संयोजक

ख) शाखा प्रमुख वा निर्देशनालयले तोकेको वन अधिकृत, प्रदेश वन निर्देशनालय-सदस्य

ग) लेखा शाखा प्रमुख, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश- सदस्य

घ) शाखा प्रमुख, योजना शाखा, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश-सदस्य

ङ) शाखा प्रमुख, वन व्यवस्थापन शाखा, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश- सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ र बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) मूल्याङ्कन समितिले मुल्याङ्कन आधार एवं सूचकहरु तयार गरी तुलनात्मक मूल्याङ्कन र स्तरिकरण गर्न सकनेछ।

(५) मुल्याङ्कन समितिले तयार गरेको स्वीकृत मूल्याङ्कन आधार र सूचकको आधारमा प्रत्येक डिभिजन वन कार्यालयबाट एक एक वटा सामुदायिक वन उपभोक्ता समूह तथा कबुलियती वन उपभोक्ता समूहको सिफारिस गरी पठाउनु पर्नेछ। पुरस्कार छनोट गर्दा वन संरक्षण तथा व्यवस्थापन, सुशासन, वित्तीय पारदर्शिता, महिला तथा विपन्न वर्गको सहभागिता, वनमा आधारित आयआर्जन, नवप्रवर्तन, वातावरण संरक्षण तथा स्थानीय समुदायमा पुऱ्याएको योगदानलाई मुख्य आधार मानिनेछ।

(६) समितिबाट मूल्याङ्कन भइ पेस भएको बढिमा तीन वटा (पहिलो, दोस्रो, र तेस्रो) उत्कृष्ट समूहहरूलाई नगद पुरस्कार र प्रमाण पत्र प्रदान गर्न सकिनेछ।

(७) यस कार्यक्रममा विनियोजित बजेटबाट पुरस्कार राशि, ब्यानर, प्रमाणपत्र वा कदरपत्र, मूल्याङ्कन तथा स्थलगत अनुगमन, मुल्याङ्कन समितिको बैठक भत्ता, पुरस्कार वितरण समारोह सञ्चालन, खाजा/खाना, सञ्चार, मसलन्द तथा कार्यक्रम सञ्चालनसँग प्रत्यक्ष सम्बन्धित अन्य आवश्यक शीर्षकमा प्रचलित कानुन बमोजिम खर्च गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

७०. **<u>वन व्यवस्थापन सूचना प्रणाली (Forest Management Information System-FMIS) को विकास तथा सञ्चालन</u>:** (१) वन तथा वातावरण मन्त्रालयको कार्यविभाजनसँग सम्बन्धित व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्क, अभिलेख तथा सूचनाको व्यवस्थित सङ्कलन, अद्यावधिक, विश्लेषण, भण्डारण, आदान प्रदान तथा प्रतिवेदन प्रणालीलाई प्रविधिमैत्री, एकीकृत, विश्वसनीय र प्रभावकारी बनाउन वन व्यवस्थापन सूचना प्रणाली (Forest Management Information System-FMIS) को विकास, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रम अन्तर्गत FMIS को सफ्टवेयर तथा वेब आधारित प्रणालीको विकास, स्तरोन्नति, परीक्षण, सञ्चालन तथा मर्मत, आवश्यक हार्डवेयर तथा नेटवर्क व्यवस्थापन, डाटाबेस निर्माण तथा अद्यावधिक, विद्यमान सूचना प्रणालीसँग अन्तरआबद्धता (Integration), मोबाइल एप्लिकेसन विकास (आवश्यकता अनुसार), प्रयोगकर्ता प्रशिक्षण, प्राविधिक परामर्श सेवा तथा प्रणाली सञ्चालनका लागि आवश्यक अन्य कार्यहरू गर्न सकिनेछ।

(३) यस शीर्षक अन्तर्गत विनियोजित बजेट सार्वजनिक खरिद ऐन बमोजिम खर्च गर्नु पर्नेछ।

७१. **<u>वन, वातावरण, जलाधार, जलवायु परिवर्तन तथा वन्यजन्तु संरक्षण एवं सेवामूलक कार्य गर्ने संस्थाहरूलाई दिइने अनुदान</u>:** (१) वन, वातावरण, जलाधार संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण, वन्यजन्तु संरक्षण, जैविक विविधता संरक्षण, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा वातावरणीय सेवामूलक कार्य गर्ने गैरनाफामूलक संस्था, सामुदायिक संस्था, शैक्षिक संस्था, स्वंयमसेवी संस्था लगायतका संस्थाहरूलाई स्वीकृत वार्षिक कार्यक्रम र बजेटको अधीनमा रही प्रस्तावित बमोजिमका कार्यक्रम संञ्चालन गर्न रकम उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) सम्झौतामा उल्लेख भएका क्रियाकलापहरूमा मात्र रकम खर्च गर्नु पर्नेछ। यस रकमबाट, जनचेतनामूलक कार्यक्रम, संरक्षण तथा पुनर्स्थापना कार्य (वृक्षारोपण तथा सरसफाई कार्यक्रम), क्षमता विकास, सामग्री खरिद, प्रचारप्रसार तथा कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्यमा खर्च गर्न सकिनेछ।

(३) कार्यक्रम सम्पन्न भएपछि खर्चको विवरण, बिल भरपाई, फोटो, आवश्यक कागजात सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ। मन्त्रालयले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।

७२. **<u>जलवायु परिवर्तन तथा वातावरण संरक्षण सम्बन्धी सचेतनामूलक कला प्रदर्शनी कार्यक्रम</u>:** (१) जलवायु परिवर्तनका प्रभाव, वातावरण संरक्षण, जैविक विविधता, प्रदूषण न्यूनीकरण, हरित विकास तथा दिगो प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी सचेतनामूलक कला प्रदर्शन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम प्रदेशस्तरमा आयोजना गरिनेछ र आवश्यकता अनुसार अन्य सरकारी निकाय, शैक्षिक संस्था, स्थानीय तह, विकास साझेदार, गैरसरकारी संस्था तथा सरोकारवाला संघसंस्थासँग समन्वय गरी गर्न सकिनेछ। हिमाली जलवायुबाट प्रभावित क्षेत्रको प्रतिनिधित्व गर्ने, जलवायु अनुकूलनका क्षेत्रमा

वन अधिकृत



महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

कलामार्फत योगदान गरेका तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय पुरस्कार विजेता, सम्बन्धित क्षेत्रमा अनुभव भएका गैरसरकारी संघसंस्था वा विज्ञहरूलाई प्राथमिकता दिनु पर्नेछ।

(३) कार्यक्रममा विद्यालय, क्याम्पस तथा विश्वविद्यालयका विद्यार्थी, कलाकार, वातावरण तथा वन क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, सञ्चारकर्मी, स्थानीय तहका प्रतिनिधि, वन उपभोक्ता समूह, युवा तथा महिला समूह, निजी क्षेत्र तथा अन्य सरोकारवालाको सहभागिता गराउन सकिनेछ। प्रदर्शनीमा चित्रकला, पोस्टर, संस्कृतिक कलाकृति, सिर्जनात्मक वातावरणीय सन्देशमूलक सामग्री तथा अन्य उपयुक्त कलाकृतिहरू समावेश गर्न सकिनेछ। आवश्यकता अनुसार उत्कृष्ट कलाकृतिको मूल्याङ्कन गरी प्रमाणपत्र वा पुरस्कार प्रदान गर्न सकिनेछ।

(४) यस कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेटबाट प्रदेश सरकारको प्रचलित खर्च मापदण्ड तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम प्रदर्शनी स्थल व्यवस्थापन, स्टल तथा डिस्प्ले सामग्री, प्रचार प्रसार, सूचना प्रकाशन, ब्यानर, निमन्त्रणा, प्रमाणपत्र, पुरस्कार, निर्णायक/विशेषज्ञको सेवा सुविधा, खाजा, खाना, हल भाडा, सञ्चार, स्टेशनरी, आवश्यक सामग्री खरिद वा भाडा तथा कार्यक्रम सञ्चालनसँग सम्बन्धित अन्य आवश्यक शीर्षकमा खर्च गर्न सकिनेछ।

(५) कार्यक्रम सम्पन्न भएपछि कार्यक्रमको उद्देश्य, सञ्चालन प्रक्रिया, सहभागी तथा प्रदर्शित कलाकृतिको विवरण, फोटो तथा अन्य आवश्यक कागजात सहितको प्रतिवेदन तयार गरी अभिलेखीकरण गर्नुपर्नेछ।

७३. <u>ठोट्नेखोला सा.व. पोखरा १८ मा सिताके च्याउ उत्पादनको लागि आवश्यक पूर्वाधार निर्माण (प्लास्टिक टनेल समेत):</u> १) सामुदायिक वन उपभोक्ता समूहका विपन्न वर्गका समुदायलाई लक्षित गरी आयआर्जनका क्रियाकलाप संचालन गरी जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्य रहेको छ ।

२) यस कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिमका क्रियाकलाप गर्न सकिनेछ;

क) सिताके च्याउ उत्पादन तथा बजारिकरण सम्बन्धी तालिम संचालन गर्ने।

ख) प्लास्टिक टनेल सहितको पूर्वाधार निर्माण गर्ने।

ग) च्याउ उत्पादनको लागि वन व्यवस्थापन/पोल थिनिङवाट प्राप्त हुने मुढाहरु प्रगोग गर्ने, नपुग भएमा आवश्यक पर्ने मुढाहरु व्यवस्थापन तथा खरिद गर्ने, आवश्यक औजार उपकरण (ड्रिल मेसिन, मैन, ब्रस, पाईप आदि) खरिद गर्ने, बिउ खरिद तथा ढुवानी, रुखको मुडाहरु डुवाउने पोखरी निर्माण लगायतको कार्य गर्न सकिनेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेट डिभिजन वन कार्यालय, कृषि विकास कार्यालय समेतको प्राविधिक सहयोगमा उपभोक्ता समूह समेतको सहलगानीमा मार्फत् कार्यान्वयन गर्न सकिनेछ।

(४) यस शीर्षक अन्तर्गतको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सिताके च्याउ उत्पादनको लागि आवश्यक पूर्वाधार निर्माणसँग सम्बन्धित सामग्रि खरिद, ढुवानी, निर्माण कार्यमा खटिने कामदारको पारिश्रमिक, खाजा लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

वन अधिकृत   महाशाखा प्रमुख   प्रदेश सचिव

नन्दु गुरुङ
माननीय मन्त्री

७४. **ठोट्नेखोला सामुदायिक वनमा अग्नी रेखा तथा वन पथ निर्माणः** (१) वन डढेलो रोकथाम तथा नियन्त्रण गर्नको लागि संवेदनशिल स्थानको पहिचान गरी अग्नी रेखा तथा वन पथ निर्माण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) अग्नी रेखा तथा वन पथ कम्तिमा ३ देखि ५ मिटर सम्म चौडा हुनु पर्नेछ।

(३) डिभिजन वन कार्यालयबाट लागत अनुमान स्वीकृत गराई अग्नी रेखा तथा वन पथ निर्माणको कार्य सामुदायिक वन उपभोक्ता समूहले गर्नु पर्नेछ।

(४) यस शीर्षक अन्तर्गतको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सामाग्री खरिद, ज्यामी खर्च लगायतमा खर्च गर्न सकिनेछ।

७५. **अर्किड संरक्षणका लागि अर्किड पथ/ सर्किट विकास निर्माणः** (१) जलवायु परिवर्तन, वन डढेलो समेतका कारणले लोपहुदै गएको वन जगंल लगायत प्राकृतिक/निजी स्थानमा रहेका अर्किड/सुनाखरीलाई संरक्षणमा टेवा पुग्ने गरी डिभिजन वन कार्यालयको संयोजनमा सकंलन गरि कास्की जिल्ला भित्र उपयुक्त सर्किट पथ छनोट गरी संरक्षण सचेतना प्रवर्धन र पर्यापर्यटन विस्तार गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिमका क्रियाकलाप गर्न सकिनेछ;

क) सामुदायिक वन समुहको सहयोग र डिभिजन वन कार्यालयको संयोजनमा कास्की जिल्लाका वन जगंलमा रहेका अर्किड/सुनाखरीको बिरुवा संकलन गर्ने ।

ख) संकलित अर्किड/सुनाखरीलाई कास्की जिल्लाको छनोट गरिएको सर्किट पथमा पुनस्थापन गर्ने ।

ग) अर्किड/सुनाखरी संरक्षण स्थानीय समूह/समितिको सहभागितमा संरक्षण र विकास गर्ने ।

घ) सर्किट पथमा राखिएका अर्किड/सुनाखरी को पहिचान खुल्ने गरी Tagging गर्ने।

(३) यस कार्यक्रम स्थानीय समूह/समिति वा वन तथा वातावरण क्षेत्रमा कार्य गर्ने गैह्रसरकारी संस्थासँग सम्झौता गरी वा सिधै डिभिजन वन कार्यालय कास्कीवाट संचालन गर्न सकिनेछ।

(४) यस शीर्षक अन्तर्गतको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खर्च गर्नु पर्नेछ।

७६. **जडीबुटी तथा गैरकाष्ठ खेती प्रवर्द्धन प्रोत्साहन कार्यक्रमः** (१) जिल्लामा खेती विस्तारको सम्भावना भएका महत्त्वपूर्ण जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रवर्द्धन गर्न र खेतीमा संलग्न वा इच्छुक किसानहरूलाई प्रोत्साहन गर्नु यो कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमबाट देहायका कार्यमा सहयोग/खर्च गर्न सकिनेछः जिल्लास्तरीय जडीबुटी फोकल टिम बैठक; ब्रोसर छपाई तथा वितरण; मेला/महोत्सव आयोजना सहयोग; खेती



वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

प्रवर्द्धन/पुनर्ताजगी तालिम; सफल अभ्यास अध्ययन अवलोकन भ्रमण; र जडीबुटी खेती किसान तथा नर्सरी फर्मलाई ग्रिननेट, पाइप, हजारी, कुटो, कोदालो, बेल्चा, गैंची, सिकेचर, हँसिया, पोलिब्याग, जैविक मल, पानी ट्यांकी खरिद, बीउ संकलन, कुवा/कुलेसो/पोखरी निर्माणमा प्रोत्साहन सहयोग।

(३) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्यसम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमका कार्यक्रम कार्यान्वयन, अनुगमन तथा निरीक्षणमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

७७. <u>कालिका सामुदायिक वनमा दिगो वन व्यवस्थापन मार्फत जलवायु परिवर्तन अनुकूलन कार्यक्रम, राइनास न.पा.-८, लमजुङः</u> (१) जलवायु परिवर्तनको दृष्टिले लमजुङ जिल्लाको संवेदनशील क्षेत्र पहिचान भई सो क्षेत्रमा जाइकाको प्राविधिक र प्रदेश सरकारको आर्थिक सहयोगमा नमूना परियोजनाका रूपमा कार्यान्वयन गर्न छनौट भएको कालिका सामुदायिक वन उपभोक्ता समूह मार्फत यो कार्यक्रम प्याकेजको रूपमा राखिएको हो।

(२) यस कार्यक्रम कालिका सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गर्नेछ। अनुगमन तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने जिम्मेवारी सम्बन्धित डिभिजन वन कार्यलायको हुनेछ।

(३) यस कार्यक्रमबाट देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ

क) पानी पोखरी, पानी संञ्चित पूर्वाधार तथा सिचाई कुलो निर्माण;

ख) अलैंची र शिताके च्याउ खेतीको सुदृढीकरण;

ग) वायोईन्जिनियरिङ्ग मार्फत भू तथा जलाधार संरक्षण सम्बन्धी क्रियाकलापहरु

घ) फलफूल तथा जडीबुटी बिरुवा रोपण; नर्सरी स्थापना, बिरुवा उत्पादन, वृक्षारोपण (घाँस प्रजाति समेत), मिचाहा प्रजाति नियन्त्रण, वन डढेलो नियन्त्रण सम्बन्धी क्रियाकलापहरु जस्तै अग्निरेखां/वनपथ निर्माण, कन्ट्रोल बर्निङ साथै वन डढेलो नियन्त्रण सामग्री/औजार खरिद, वन व्यवस्थापनका क्रियाकलापहरु जस्तै पोल थिनिङ, प्राङ्गारिक मल उत्पादन लगायत।

(४) यस कार्यक्रम सम्पन्न भएपछि फोटो सहितको कार्यसम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

७८. <u>गैरकाष्ठ तथा जडिबुटी जन्य बिरुवा उत्पादन जलवायु अनुकुलन हाइ टेक नर्सरी स्थापना लोमानथाङ गा.पा. मुस्ताङः</u> १) मुस्ताङ जिल्लाको लोमान्थाङ गाउँपालिकामा जलवायु परिवर्तन अनुकूलन हुने स्थानीय तथा सम्भाव्य गैरकाष्ठ वन पैदावार र जडिबुटीजन्य वनस्पतिको संरक्षण, प्रवर्द्धन तथा उत्पादन विस्तारका लागि गुणस्तरीय बिरुवा उत्पादन गर्न जलवायु अनुकूलन प्रविधियुक्त हाईटेक नर्सरी स्थापना गरिनेछ।

उक्त कार्यक्रम सञ्चालन गर्दा देहायका आधारहरु अवलम्बन गर्नुपर्नेछः

क) नर्सरी स्थापनाका लागि उपयुक्त स्थान छनोट गर्नुपर्नेछ।

ख) नर्सरी स्थापना गरिने स्थानमा पानीको स्रोत, पहुँचमार्ग, विद्युत, सुरक्षा तथा दीर्घकालीन सञ्चालनको व्यवस्था मिलाउनु पर्नेछ।

वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव नम्डु गुरुङ मानलीय मन्त्री

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

ग) सम्बन्धित डिभिजन वन कार्यालयले नर्सरी स्थापनाको स्थान छनोट, स्पेसिफिकेशन, डिजाइन, लागत अनुमान तयारी, निर्माण, सञ्चालन तथा अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ।

घ) नर्सरी संरचना निर्माण गर्दा उच्च हिमाली क्षेत्रको चिसो, सुख्खा तथा प्रतिकूल मौसमलाई मध्यनजर गरी Hi-Tech संरचना निर्माण, तापक्रम तथा आर्द्रता व्यवस्थापन प्रणाली, उपयुक्त सिंचाइ प्रणाली लगायतका जलवायु अनुकूल प्रविधिको प्रयोग गर्नु पर्नेछ।

ङ) नर्सरीमा स्थानीय वातावरणसँग अनुकूलन हुने गैरकाष्ठ वन पैदावार तथा जडिबुटीजन्य प्रजातिहरूको गुणस्तरीय बिरुवा उत्पादन गर्नु पर्नेछ।

च) डिभिजन वन कार्यालयले स्थानीय लाभग्राही समुदायबाट उपभोक्ता समिति गठन गरी समितिसँगको समन्वय र सहकार्यमा नर्सरी स्थापना, विरुवा उत्पादन, रेखदेख, संचालन तथा व्यवस्थापन कार्य गर्नु पर्नेछ।

छ) नर्सरी निर्माण कार्य गर्दा प्रचलित खरीद कानूनको प्रक्रिया अवलम्बन गरी गर्नु पर्नेछ।

ज) आवश्यक प्राविधिक सहयोगका लागि वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा सम्बन्धित विषय विज्ञसँग समन्वय गर्न सकिनेछ।

## परिच्छेद-३

## भू तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित कार्यक्रम

७९. **सिंचाई कुलो संरक्षण/स्तरोन्नति/कुलो मुहान संरक्षण/बाँध संरक्षण:** (१) भूगोलको हिसावले संवेदनशील अवस्थामा रहेका तथा मर्मत सम्भार गर्नु पर्ने सिंचाई कूलो/कुलो मुहानहरूको आवश्यकता र औचित्यताको आधारमा संरक्षण गरी कृषि उत्पादनमा बृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रममा देहायका क्रियाकलापहरू समेट्न सकिनेछः

क) यस कार्यक्रम अन्तर्गत सिंचाइ कुलो पुनर्निर्माण एवम् सुधार, माथिल्लो र तल्लो भाग (Up-slope and Down-slope) को संरक्षणका लागि वाल, तटवन्धन, इन्टेक (Intake), वितरण प्रणाली र सेडिमेन्ट ट्र्याप (Sediment Trap) को निर्माण तथा सुधार र कठिन भूबनोट भइ माटोको कुलो निर्माण संभव नभएको स्थानमा विभिन्न साइज/ किसिमका पाइपहरूको प्रयोग गरी पानी ल्याउने व्यवस्था मिलाउने लगायतका आवश्यक कार्यहरू गर्न सकिनेछ।

ख) स्थानीय तहसँगको समन्वयमा जनसहभागिता परिचालन गरी गर्नु पर्नेछ।

ग) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरी कार्यालयमा पेस गर्नु पर्नेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

(३) उपदफा (२) को खण्ड (क) बमोजिमको क्रियाकलापहरूको कार्यान्वयन र कार्यक्रम अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

८०. **खोला नियन्त्रण/बाढी नियन्त्रण/नदी नियन्त्रण/खोला तटवन्धन/कटान संरक्षण/खोल्सी संरक्षण/नियन्त्रण/ तटवन्धन कार्यः** (१) खोला किनार छेउछाउमा रहेका खेती योग्य कृषिभूमि, मानव वस्ती तथा भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्ने, डुवानबाट् हुने क्षतिको न्यूनीकरण गर्ने र वन क्षेत्र संरक्षणसंगै खोला किनारमा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू समेट्न सकिनेछः

क) Revetments, Retaining wall, Spurs आदि संरचना निर्माण, वहावलाई व्यवस्थापन गर्न Channelization गर्ने कार्य, Bio-engineering प्रविधिबाट डुबान क्षेत्र स्थिरिकरण (Flood Plain Stabilization) गर्ने कार्य, बाँधमा घाँस/बाँस लगायतका बिरुवा लगाउने र संरक्षण गर्ने जस्ता कार्यहरू गर्न सकिनेछ।

ख) यस कार्यक्रम गर्दा स्थानीय तहसँगको समन्वयमा जनसहभागिता परिचालन गरी गर्नुपर्नेछ।

(३) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (क) बमोजिमको क्रियाकलापहरूको कार्यान्वयन र कार्यक्रम अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

८१. **खेतवारी संरक्षण कार्यक्रमः** (१) भू तथा जलाधार व्यवस्थापन कार्यालयले भूसंरक्षणमैत्री प्रविधि र कृषकहरूले विगत देखि गर्दै आएको खेतीपातीको अभ्यासलाई समायोजन र आन्तरिकीकरण गरी अभ्यासको निरन्तरतासंगै कृषि भूमिको उत्पादकत्व बृद्धि गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिमका कार्यहरू गर्न सकिनेछः

क) कन्टुर टेरेसिङ (Contour Terracing), कृषि वन कार्यक्रम, कन्टुर ट्रेन्चिङ (Contour Trenching) र कन्टुर बन्डिङ (Contour Bunding), साना गल्छी रोकथाम (Micro-gully Plugging), कन्टुर वाटलिङ (Contour Wattling), चेक ड्याम (Checkdam), रिटेनिंग वाल (Retaining Wall), सिंचाई पोखरी निर्माण आदि क्रियाकलापहरू।

ख) फलफुल, गैरकाष्ठ, जडिबुटि र डालेघाँसका बिरुवा रोपण।

(३) सम्बन्धित जिल्लामा रहेका कृषि, भेटेरेनरी, वन लगायतका विषयगत कार्यालयहरू र स्थानीय तहसँगको समन्वयमा विशेष गरी कृषि पकेट क्षेत्रका किसानहरूको खेतबारीमा भूसंरक्षण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(४) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

वन अधिकृत



महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

(५) उपदफा (२) को खण्ड (क) बमोजिमको क्रियाकलापहरूको कार्यान्वयन र कार्यक्रम अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

८२. <u>पोखरी संरक्षण/पोखरी निर्माण/रिचार्ज पोखरी निर्माण/ ताल दह संरक्षण व्यवस्थापन/ताल सिमसार संरक्षण:</u> (१) कार्यक्रमको आवश्यकता र औचित्यताको आधारमा सतहमा भइरहेका पानीका स्रोतको व्यवस्थापन गरी जमिनमुनिको पानीको पुनर्भरण गर्ने र सतहमा मौज्दात रहेका पानी स्रोतको संरक्षण र विकास मार्फत बहुउपयोगमा ल्याउने यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका कार्यहरू गर्न सकिनेछ:

क) पानी संकलन गर्न निर्माण गरिने जलाधार संरक्षण पोखरी (Conservation Pond/ Catchment Pond), भल तर्काउने नाला (Diversion Channels), रनअफ हार्भेष्टिङ ड्याम (Run-off Harvesting Dam), Inlet/ Outlet water structure र भूमिगत जलसेचनका अन्य संरचनाहरूको निर्माण ।

ख) यस कार्यक्रमबाट ताल, पोखरी र सिमसार क्षेत्र (Wetland Conservation) मा रहेका मिचाहा प्रजाति हटाउने लगायतका संरक्षण सम्बन्धी कार्यहरू।

ग) पानी संरक्षण पोखरी (Earthen Pond) निर्माण गर्दा स्थानीय स्रोतसाधन (ढुंगा र माटो) को प्रयोग गरी गाईवस्तु तथा वन्यजन्तु सहज रुपमा पोखरीमा पानी पिउन जान आउन सक्ने कम्तीमा साढे एक मिटर चाक्लो संरचना (सिंढी) को निर्माण गर्नु पर्नेछ। अन्य पोखरी निर्माण गर्दा आवश्यकता अनुसार सिमेन्ट कन्क्रिटको प्रयोग समेत गर्न सकिनेछ।

(३) यस कार्यक्रम गर्दा कम खर्चिलो भूसंरक्षण प्रविधिको प्रयोगलाई प्राथमिकता दिनु पर्नेछ।

(४) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(५) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको क्रियाकलापहरूको कार्यान्वयन र कार्यक्रम अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

८३. <u>कम खर्चिलो भू संरक्षण प्रविधिको प्रयोग गरी पहिरो रोकथाम तथा खोला कटान नियन्त्रण:</u> (१) भूक्षयको हिसावले सम्वेदनशिल र क्षतिग्रस्त जमिन, खोला किनार छेउछाउमा रहेका खेतीयोग्य कृषिभूमि, मानवबस्ती तथा भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्ने, नदी उकास जग्गा र वन क्षेत्रको संरक्षणसँगै खोला किनारमा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ:

क) कम खर्चिलो भू-संरक्षणका प्रविधिहरू जस्तैः ब्रसउड चेकड्याम (Brushwood Checkdam), ब्रस लेयरिङ (Brush Layering), फेसिन (Fascine), पालिसेड (Pallisade),



वन अधिकृत
महाशाखा प्रमुख
प्रदेश सचिव
नम्डु गुरुङ
माननीय मन्त्री

संरक्षण वृक्षारोपण (Conservation Plantation), बाँस रोपण (Bamboo Plantation), वाटलिङ्ग (Wattling), हेजरो (Hedge Row), जैविक वार (Live Fencing), टालटुल (Riprap), कृषि वन प्रणाली (Agroforestry), सुख्खा ढुंगाको पर्खा आदि।

ख) बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्दा स्थानीयस्तरमा पाइने बोटबिरुवा बाँस, निगालो, अम्रिसो, नेपियर, फलफूलका बिरुवा र हाँगा सर्ने प्रजातिका बोटबिरुवाको रोपणलाई प्राथमिकता दिनु पर्नेछ।

(३) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको क्रियाकलापहरूको कार्यान्वयन र कार्यक्रम अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

८४. <u>गल्छी तथा पहिरो उपचार/पहिरो नियन्त्रण/पहिरो भू संरक्षण/पहिरो रोकथाम/भूक्षय नियन्त्रण/ भलबाढी नियन्त्रण/पहिरो व्यवस्थापन/जग्गा संरक्षण/जलाधार क्षेत्र संरक्षण/भू संरक्षण/संरक्षण:</u> (१) भूक्षयको हिसावले क्षतिग्रस्त जमिन संरक्षण, पहिरोको उपचार र नियन्त्रण गरी मानवबस्ती, खेतीयोग्य जमिन तथा भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्ने र पहिरोग्रस्त क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यमा देहाय बमोजिमका क्रियाकलापहरूलाई समावेश गर्नुपर्नेछः

क) पानी व्यवस्थापनसँगै आसपासमा भल तर्काउने नाला (Diversion Channels), Retaining Wall र Checkdam निर्माण/मर्मत, गल्छी पहिरो गएको स्थानलाई घांस र बिरुवा रोपण गर्ने, वाटलींग (Wattling), कन्टुर (Contour) बाट भिरालोपना कम गर्दै लैजाने, गल्छीको शिरमा Diversion Ditches बनाउने तथा माटोले पुर्ने (Gully Head Plugging), गल्छीको वाहिरी धार निर्माण गर्ने (Gully Rim Edging), Bioengineering/कम खर्चिलो भूसंरक्षण प्रविधिबाट गल्छी/ पहिरो उपचार गर्ने आदि।

ख) स्थानीयस्तरमा पाइने बोटबिरुवा जस्तैः बाँस, निगालो, अम्रिसो, नेपियर, हाँगा सर्ने प्रजातिहरूका अलावा स्थानीय हावापानी सुहाउँदो फलफूलका बिरुवाहरू रोपण गरी गल्छी तथा पहिरो उपचार गर्ने।

(३) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको क्रियाकलापहरूको कार्यान्वयन र कार्यक्रम अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

वन अधिकृत



महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

८५. **बाँसको कल्म कटिङ तयारी रोपण/बाँस, निगालो तथा राइजोम खरिद/वितरण:** (१) भूसंरक्षणका हिसावले सम्वेदनशिल क्षेत्र/जमिनमा बाँस, निगालो तथा राइजोम रोपण गरी भू तथा जलाधार संरक्षण तथा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) बांसको कल्म कटिङ तयारी कार्यक्रममा देहाय बमोजिमका क्रियाकलापहरू समेट्नु पर्नेछः

क) स्थानीय माग बमोजिम र भू-संरक्षणलाई टेवा हुने बाँसका प्रजातिका कटिङ तयारी,

ख) १ देखि १.५ वर्षको बाँसको बिरुवाबाट कटिङ तयारी गर्नुपर्ने छ,

ग) नर्सरी नाइकेको पारिश्रमिक,

घ) यस कार्यक्रमबाट बाँसको कल्म कटिङ तयारी नर्म्स अनुसारको रोप्न योग्य १.५ देखि २ वर्षे बिरुवाको उत्पादन।

(३) यस कार्यक्रम अन्तर्गत विभिन्न गल्छी, पहिरो उपचार, सडक पाखो संरक्षण, नदी उकास जग्गा संरक्षण र क्षतिग्रस्तभूमि पूनर्उत्थान गर्नका लागि उपभोक्तालाई बाँस/निगालोको बिरुवा तथा राइजोम उत्पादन, खरिद तथा वितरण गरिनेछ साथै यस अन्तर्गत अम्रिसोको राइजोम समेतलाई समावेश गरेर संरक्षण कार्यलाई थप प्रभावकारी बनाउन सकिनेछ।

(४) यो कार्यक्रम भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिको परिचालन गरी वा उपभोक्ता समूहको सहकार्यमा गर्न सकिनेछ।

(५) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(६) कार्यक्रम कार्यान्वयन र अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

८६. **पानी/खानेपानी मुहान/पधेरो कुवा संरक्षण/मर्मत कार्यक्रमः** (१) प्राकृतिक रुपमा सतहमा रहेका पिउने पानीका स्रोत (कुवा, धारा, पानी मुहान आदि) को संरक्षण एवम् व्यँवस्थापन गरी पिउने पानीको निरन्तर आपूर्ति गर्ने उद्देश्यले यस कार्यक्रम राखिएको हो।

(२) यो कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका क्रियाकलापहरू समेट्न सकिनेछः

क) बाढी, पहिरो, भू-क्षय लगायतका अनुचित भूउपयोगबाट माटो, बालुवा तथा गेग्रान वहावबाट पानी मुहानलाई क्षति हुन नदीन संरक्षण तथा स्तरोन्नतिका लागि आवश्यक संरचना निर्माण गर्न सकिनेछ।

ख) पानीको सञ्चय र पानी मुहान संरक्षणका लागि पानीको व्यवस्थित निकास र समग्र जलाधारको विकासलाई टेवा पुग्ने गरी कम खर्चिलो बायोईन्जिनियरिङ्ग तथा अन्य हरित प्रविधिको विकास र विस्तार, पानी मुहान घेराबार, संरक्षण पोखरी र Recharge pit निर्माण तथा व्यवस्थापन गर्ने।

ग) पानी सञ्चयका लागि पानी टंकी निर्माण, पाइप लाइन विस्तार तथा फिटिङ्सका कार्यहरू गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

(३) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिमका कार्यक्रम कार्यान्वयन र अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

८७. <u>**कम खर्चिलो भू संरक्षण प्रविधिको प्रयोग गरी नमूना क्षेत्र/प्रदर्शन स्थल (Demonstration site) स्थापना**</u>: (१) भू तथा जलाधार सम्बन्धी विभिन्न भूसंरक्षणमैत्री तथा नवप्रवर्धनमा आधारित उपायहरू अवलम्बन गरी जमिनको संरक्षणका लागि कम खर्चिलो प्रविधिमा आधारित नमूना क्षेत्र/ प्रदर्शन स्थल तयार गर्ने उद्देश्यले यस कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रममा देहाय बमोजिमका क्रियाकलापहरूलाई समावेश गर्न सकिनेछः

क) भू तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित कृयाकलापहरू आवश्यक सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भूसंरक्षण विधिहरू (Erosion Control Measures) लाई एकीकृत ढंगले प्रयोग गर्ने,

ख) संरक्षण वृक्षारोपण, घाँस तथा डालेघाँस रोपण,

ग) स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था वा नयाँ समूहमार्फत कार्य सञ्चालन गर्न सकिनेछ।

(३) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिमका कार्यक्रम कार्यान्वयन र अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

८८. <u>**आकस्मिक भूक्षय नियन्त्रण तथा जलउत्पन्न प्रकोप नियन्त्रण कार्यक्रमः**</u> (१) आकस्मिक पहिरो, भूक्षय तथा जलउत्पन्न प्रकोप रोकथाम र नियन्त्रणका गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरूलाई समावेश गर्न सकिनेछः

क) वर्षाको समयमा आकस्मिकरुपमा गएको पहिरो वा खोलाको कटानी वा जान सक्ने पहिरो, पहिरोग्रस्त र जोखिमपुर्ण खोला किनार क्षेत्रलाई मध्यनजर राखी उपलब्ध बजेटबाट आवश्यकता र औचित्यको आधारमा प्रकोप नियन्त्रणका उपयुक्त संरचना निर्माण लगायतका क्रियाकलाप सञ्चालन गर्ने। यसका लागि जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय तथा सहजीकरण र स्थानीय तहको सिफारिसको आधारमा आकस्मिक विपद्जन्य घटना घटेको र घट्न सक्ने स्थानका स्थानीयलाई प्राथमिकता दिइ कार्य गर्नु पर्नेछ।

ख) तत्कालै नियन्त्रणको लागि जनशक्ति परिचालन, घटनास्थलमा आपतकालिन अवस्थामा जानको लागि सवारी साधन भाडामा लिन, तत्काल पहिरो सफा गरी जनधनको क्षतिलाई कम गर्ने कार्य गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नन्दु गुरुङ
माननीय मन्त्री

वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

ग) स्थायी प्रकृतिका समूह/समिति जस्तै सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदाय/संस्था वा नयाँ समूहमार्फत कार्य सन्चालन गर्न सकिनेछ।

(३) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमका कार्यक्रम कार्यान्वयन र अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

८९. **<u>नदी उकास जग्गा पुनर्स्थापना तथा संरक्षणः</u>** (१) नदी, खोला, खहरे र गल्छीले छाडेका नदी उकास जग्गाको पुनर्स्थापना गरी जमिनको संरक्षण र हरियाली प्रवर्द्धन गर्ने यस कार्यक्रमको उद्देश्य रहेकोछ।

(२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरूलाई समावेश गर्न सकिनेछः

क) Revetment/Protection Wall Construction, Spur/Groynes Construction, थिग्रिकरण रोकथाम संरचना निर्माण/Construction of Flow Retarding Structures, जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास/Flood Slope Stabilization through Bioengineering/Vegetative Measures (Tree Grass Planting) on the Bank, Fencing of Area for Livestock Control आदि।

ख) स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था वा नयाँ समूहमार्फत कार्य सन्चालन गर्नुपर्दछ।

(३) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (क) बमोजिमका कार्यक्रम कार्यान्वयन र अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरूमा यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ।

९०. **<u>कम खर्चिलो भू-संरक्षण प्रविधि तालिमः</u>** (१) जिल्लाका सम्वेदनशील एवम् क्षतिग्रस्त जलाधार क्षेत्र, नमुना संरक्षण प्रदर्शन स्थल तथा एकीकृत जलाधार संरक्षण एवम् व्यवस्थापन सम्बन्धी स्थानीय उपभोक्ताहरूलाई कम खर्चिलो भूसंरक्षण प्रविधिको उपयोग र प्रचार समेत गर्ने उद्देश्यले यो तालिम कार्यक्रम राखिएको हो।

(२) तालिममा सहभागीहरूलाई भूसंरक्षण सम्बन्धी सैद्धान्तिकका साथै व्यवहारिक ज्ञान हासिल गर्ने गरी प्रयोगात्मक अभ्यासहरू गराउनु पर्नेछ।

(३) प्रयोगात्मक अभ्यासको क्रममा स्थानीय रुपमा पाईने ढुंगा, बाँस, काठ हाँगा सर्ने जातका बोटबिरुवाका हाँगाहरू (जस्तैः सजिवन, सिमली, खिर्रो, अजम्मरी, वैंस, दवदवे आदि) र अम्रिसो, नेपियर लगायतका सामग्रीहरूलाई प्राथमिकता दिनु पर्नेछ।

(४) तालिममा विनियोजित रकम सहभागीको भत्ता, सेसन शुल्क, समन्वय भत्ता, खाजा, व्यानर, हल भाडा, सञ्चार, स्टेशनरी, तालिम सामग्री आदिमा खर्च गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख



प्रदेश सचिव

नन्दु गुरुङ
माननीय मन्त्री

९१. **स्थानीय तह तथा सरोकारवाला बीच समन्वय गोष्ठी:** (१) कार्यालयको कार्य क्षेत्रभित्रका जिल्लाहरूमा रहेका स्थानीय तहका प्रमुख, उपप्रमुख, जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, समन्वय अधिकारी, सरोकारवाला सरकारी निकायका प्रमुखहरू, संरक्षण क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, सामुदायिक संस्थाका पदाधिकारीहरूलाई यो गोष्ठीमा सहभागी गराउनु पर्नेछ।

(२) गोष्ठीमा योजना तर्जुमा, समन्वय र सहकार्यका बिषयहरू संरक्षण क्षेत्रका समस्या र समाधानका विषयहरू समेटी गोष्ठी सञ्चालन गर्न सकिनेछ।

(३) गोष्ठी शीर्षकमा विनियोजित रकम सहभागीको भत्ता, सेसन शुल्क, समन्वय भत्ता, खाजा, व्यानर, हल भाडा, सञ्चार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ।

९२. **सडक संरक्षण कार्यक्रम:** (१) बर्षातको समयमा विशेषतः ग्रामिण सडक माथिको भाग र सडक समेत तलको भाग पहिरिने तथा सडक माथिको भागबाट लेदो, गेग्रान बगेर आई सडकमा थुप्रिन जाँदा सवारी आवत जावतमा अवरोध सिर्जना हुने गरेको छ। यस्ता समस्यामा कमी ल्याउन तथा सडक पाखाहरूको माटो स्थिरिकरण गर्ने उद्देश्यले भलपानी तर्काउने, गल्छी पहिरो रोकथाम गर्ने तथा घाँस/डालेघाँस/बाँस/अम्रिसो रोपणका लागि यो कार्यक्रम राखिएको हो।

(२) संरक्षण क्रियाकलाप सञ्चालन गर्नु पर्ने ग्रामिण सडकहरूको पहिचान र सडकको दायाँ बायाँ हरित प्रविधिको विकास तथा संरक्षणको लागि उपयुक्त क्रियाकलाप छनोट गर्नु पर्नेछ।

(३) यस कार्यक्रममा देहाय बमोजिमका क्रियाकलापहरूलाई समावेश गर्न सकिनेछः

क) गल्छी तथा पहिरो रोकथाम,

ख) वृक्षारोपण, घाँस, डालेघाँस, बाँस, अम्रिसो, भुजेत्रो रोपण,

ग) भलपानीको व्यवस्थापन,

घ) एकीकृत भू तथा जलाधार संरक्षणका अन्य कार्यहरू

(४) यस कार्यक्रम स्थानीय तहसँग साझेदारी तथा सहकार्य गरी सञ्चालन गर्न सकिनेछ।

(५) स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत वा नयाँ समूह गठन गरी कार्य सञ्चालन गर्नु पर्दछ। सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरूमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्न सकिने छ।

(६) कार्य सम्पन्न भएपछि फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(७) यस कार्यक्रममा विनियोजित बजेट लागत अनुमान बमोजिमको कार्यहरू गर्न तथा सोको अनुगमन तथा निरीक्षण कार्यहरूमा खर्च गर्न सकिनेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

९३. <u>**ताल पूर्वाधार निर्माण तथा सौन्दर्यीकरण:**</u> (१) ताल तथा सिमसार क्षेत्रको संरक्षण भइ आश्रित समुदायको जीविकोपार्जन सुधारमा टेवा पुग्नुको साथै संवेदनशील एवम् लोपोन्मुख ताल तथा जलासय सिमसार क्षेत्रको जीवन्तता र दीगो व्यवस्थापनमा टेवा पुऱ्याउने उद्देश्य यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका क्रियाकलापहरू गर्न सकिनेछः

क) फिल्ड सर्वेक्षण तथा अनुगमन गर्ने, Retaining wall, Breast wall, Drainage Channel निर्माण तथा मर्मत सम्भार गर्ने,

ख) तालको सरसफाई गर्ने, मिचाह प्रजाति नियन्त्रण गर्ने, थिग्रीकरण हटाउने तथा तालको क्षेत्र विस्तार गर्ने,

ग) ताल, जलाशय कुण्ड आसपासको विश्रामस्थल, पदमार्ग मर्मत सम्भार गर्ने,

घ) ताल र सोको जलाधार क्षेत्र अन्तर्गत भएका भूक्षयजन्य समस्याहरूको पहिचान, रोकथाम र न्यूनीकरण गर्ने।

ङ) तालतलैयाको पुनर्भरणको लागि वैकल्पिक पानीको स्रोत व्यवस्थापन,

(३) निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्यहरूको डिजाइन तथा लागत अनुमानका आधारमा सरकारी निकायमा दर्ता भएका उपभोक्ता समिति वा मान्यता प्राप्त निर्माण व्यवसायी वा नयाँ गठन गरिने उपभोक्ता समितिसँग सार्वजनिक खरिद ऐन बमोजिम सम्झौता गरी कार्य सञ्चालन गर्ने,

(४) कार्य सम्पन्न भएपछि संरक्षण तथा सौन्दर्यकरणका क्रियाकलापहरूको विवरण र फोटो सहितको प्रतिवेदन प्राधिकरणमा पेश गर्नु पर्नेछ।

९४. <u>**वस्ती संरक्षण/वस्ती व्यवस्थापन:**</u> (१) विपद् जोखिम न्यूनीकरण, पर्यावरण संरक्षण, तथा सुरक्षित र दिगो बस्ती निर्माण गर्ने उद्देश्यले भू-क्षय, बाढी, पहिरो, पानी मुहान सुक्दै गइरहेको, असुरक्षित बस्तीको अवस्थालाई सुधार गर्दै स्थानीय स्तरमा सुरक्षित र दीर्घकालीन बसोबासको वातावरण तयार गर्ने उद्देश्यले यस कार्यक्रम राखिएको हो।

(२) यो कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका क्रियाकलापहरू समेट्न सकिनेछः

क) बस्ती क्षेत्रमा आवश्यक पर्ने retaining wall, check dam, diversion canal आदि संरचना निर्माण गर्न सकिनेछ।

ख) पहिरो प्रभावित क्षेत्रमा slope stabilization, landslide fencing, bioengineering कार्यहरू गर्न सकिनेछ।

(३) कार्य सम्पन्न भएपछि फोटो र आवश्यक कागजातहरू सहित कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

९५. <u>**गोरेटो बाटो सुधार/ पदमार्ग निर्माण:**</u> (१) स्थानीय बस्ती र स्रोतसाधनहरू सम्मको पहुँच सहज बनाउने साथै गोरेटो बाटोमा वा भएर हुन सक्ने भू-क्षय नियन्त्रण, पानीको अनियन्त्रित बहाव नियन्त्रण गर्ने



वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव नम्दु गुरुङ माननीय मन्त्री

उद्देश्यले भू तथा जलाधारमैत्री प्रविधिको प्रयोग गरी गोरेटो बाटो तथा पदमार्गहरू सुधार गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

(२) यस कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका क्रियाकलापहरू गर्न सकिनेछः

क) गोरेटो बाटो/ पदमार्ग/ सिंढी मार्गमा ढुंगा छाप्ने, खुड्किला साइड ड्रेन र क्रस ड्रेन निर्माण, रेलिङ्ग निर्माण लगायतका कार्य गर्न सकिनेछ।

ख) पदमार्गको किनारामा हरियाली, छहारी र सौन्दरीकरणको लागि उपयुक्त प्रजातिको बिरुवा रोपण, आवश्यक स्थानमा चौतारा निर्माण गर्न सकिनेछ।

ग) स्थानीयस्तरमा उपलब्ध हुने चाक्ला ढुंगा, माटो लगायतका निर्माण सामाग्रीको प्रयोगमा प्रोत्साहन गर्नुपर्नेछ ।

घ) संवेदनशिल स्थानहरू (Hot Spot) मा मात्रै आवश्यकता अनुसार बाह्य निर्माण सामाग्री (सिमेन्ट, छड, फलामे र स्टिल डण्डी) को प्रयोग गर्नुपर्नेछ ।

ङ) सामुदायिक वनमा परम्परागत गोरेटो बाटो /पदमार्ग सुधार गर्दा प्रचलित कानुन बमोजिम सम्बन्धित समूह र डिभिजन वन कार्यालयको समन्वयमा गर्नुपर्नेछ।

च) स्थानीयस्तरका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/ समिति वा यस्तै प्रकृतिका अन्य संघ संस्था मार्फत कार्य संचालन गर्न सकिनेछ।

छ) सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नुपर्ने स्थानहरूमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कार्य संचालन गर्नुपर्नेछ.

ज) वस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरूसँगको अन्तरक्रिया सहितको विवरण संकलन गर्नुपर्नेछ। सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा, संरचना नक्सा(drawing), unit rate analysis, detail estimate, abstract of cost, कार्यालय र उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम, पालिका/वडाको सिफारिस, उ.स.सँगको सम्झौता फारम, नापी किताब, उ.स.लाई किस्ता भूक्तानी बिल, कार्यसम्पन्न प्रतिवेदन जस्ता सबै प्रक्रिया पूरा गर्ने र अन्तमा Activity Profile तयार गर्नुपर्नेछ।

(३) कार्य सम्पन्न भएपछि योजनाको खर्च सार्वजनिकीकरण गर्नुपर्नेछ र भुक्तानीका लागि फोटो तथा आवश्यक कागजातहरू सहित कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

९६. <u>बायोइन्जिनियरिङ्ग वा कम खर्चिलो भू संरक्षण प्रविधिको प्रयोग गर्नु पर्नेः</u> (१) दफा ७९, ८०, ८१, ८२, ८३, ८४, ८६, ८७, ८८, ८९, ९२, ९३, ९४ र ९५ बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्दा कार्यक्रमको प्रकृति, स्थान तथा औचित्यताको आधारमा बायोइन्जिनियरिङ्ग वा कम खर्चिलो भूसंरक्षण प्रविधिको प्रयोग गर्नु पर्नेछ।

(२) समुदाय वा उपभोक्तासँग सम्झौता गर्दा नै सम्झौता फाराममा बायोइन्जिनियरिङ्ग तथा कम खर्चिलो प्रविधिहरूको प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरी सम्झौता गर्नु पर्नेछ ।



वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव

नन्दु गुरुङ
माननीय मन्त्री

(३) बायोइन्जिनियरिङ्ग तथा कम खर्चिलो प्रविधि प्रयोग गर्न समुदाय वा उपभोक्ता समिति मार्फत सम्पन्न गर्न नसक्ने अवस्थामा सम्बन्धित कार्यालयले नियमानुसार अमानतबाट वा परामर्श सेवा खरिद मार्फत गर्न सकिनेछ।

## परिच्छेद-४

## अध्ययन, अनुसन्धान र तालिम तथा प्रशिक्षण कार्यक्रम

९७. **मर्स्याङ्गदी वृहत जलाधार क्षेत्रमा जलवायू परिवर्तनले जैविक विविधता र पर्यापर्यटनमा पारेको प्रभाव अध्ययनः** (१) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले अध्ययन, अनुसन्धान कार्यक्रमहरूको उद्देश्यका बारेमा सम्बन्धित विषयका कार्यालयहरूसँगको परामर्श, छलफल तथा गोष्ठी सञ्चालन गरी तय गर्नु पर्नेछ।

(२) अध्ययन तथा अनुसन्धानका कार्यक्रमहरू आफ्नै जनशक्तिबाट गर्नेछ र केन्द्रमा विषय विज्ञको उपलब्धता नभएको अवस्थामा प्रचलित कानुन अनुसार परामर्श सेवा खरिद गरी सञ्चालन गर्न सक्नेछ।

(३) अध्ययन अनुसन्धानका कार्य प्रशिक्षण केन्द्र आफैले सञ्चालन गर्नु पूर्व सम्पादन गर्नु पर्ने कामको अवधारणा पत्र र कार्यसूचि (Concept Paper and TOR) सहितको प्रस्ताव पेश गरी निर्देशकवाट स्वीकृत गराउनु पर्नेछ।

(४) प्रचलित नर्म्स र स्वीकृत जिल्ला दररेटको अधिनमा रही लागत अनुमान तयार गरी निर्देशकवाट स्वीकृत गराई अध्ययन अनुसन्धान कार्य सञ्चालन गरिनेछ।

(५) अध्ययन अनुसन्धानका लागि विनियोजित रकम अनुसन्धानका लागि आवश्यक पर्ने सामग्री खरिद, फिल्डमा खटिने प्राविधिक कर्मचारीहरूको लागि दैनिक भत्ता, यातायात, अनुसन्धान कार्यका लागि आवश्यक भौतिक सामाग्री खरिद, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, सवारी साधन मर्मत लगायतका शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ।

(६) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीले स्वयं अध्ययन अनुसन्धान गर्न सम्भव नभएको अवस्थामा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावाली २०६४ ले निर्दिष्ट गरेका विधि र प्रक्रियाहरू अवलम्बन गरी परामर्श सेवाबाट कार्यक्रम सञ्चालन गरिनेछ।

९८. **वन विज्ञान अध्ययन संस्थानसँगको सहकार्यमा वन क्षेत्रगत अनुसन्धानः** (१) अध्ययन संस्थानसँगको सहकार्यमा गरिने अध्ययन अनुसन्धान सम्बन्धमा देहाय बमोजिम हुने गरि कार्य सञ्चालन गर्नु पर्नेछः

क) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र अध्ययन संस्थानबीच सम्पन्न समझदारी सहमति अनुसार दीर्घकालीन अनुगमनमा आधारित अध्ययनलाई निरन्तरता दिँदै तोकिएका क्षेत्रमा अध्ययन अनुसन्धान कार्य सञ्चालन गर्नु पर्नेछ।

वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव



नम्दु गुरुङ
माननीय मन्त्री

गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

ख) वन विज्ञान अध्ययन संस्थानसँग अनुसन्धानको लागि प्रस्ताव माग गरिनेछ। उक्त प्रस्तावको प्राविधिक तथा आर्थिक मूल्याङ्कन गरी उपयुक्त देखिएमा प्रस्ताव स्वीकृत गरिनेछ।

ग) प्रस्ताव स्वीकृत भए पश्चात सम्बन्धित अध्ययन संस्थानसँग सम्झौता गरी अध्ययन अनुसन्धान कार्य अघि बढाउनु पर्नेछ।

घ) कार्य सम्पन्न पश्चात अध्ययन संस्थानले मस्यौदा प्रतिवेदन तयार गरी केन्द्रमा पेस गर्नु पर्नेछ। अध्ययन प्रतिवेदनको मस्यौदामा मन्त्रालय, निर्देशनालय, केन्द्र र विषय विज्ञहरू उपस्थित गराइ प्रस्तुतिकरणको व्यवस्था मिलाउनु पर्नेछ। प्रस्तुतिकरण पश्चात छलफलबाट प्राप्त सुझावहरु प्रतिवेदनमा समावेश भएपछि प्रतिवेदन स्वीकृत गर्न सकिनेछ।

ङ) स्वीकृत प्रतिवेदनको एक प्रति (Hard copy तथा Digital copy) मन्त्रालयमा अनिवार्य रुपमा बुझाउनुका साथै अनुसन्धान केन्द्रको Website मा upload गर्नु पर्नेछ।

९९. **वन विज्ञान अध्ययन संस्थान पोखराको अनुसन्धात्मक नर्सरी संचालनः** (१) वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसमा अवस्थित क्याम्पसको नर्सरी संचालन गरी विभिन्न प्रजातिका बहुउपयोगी गुणस्तरिय बिरुवाहरू उत्पादन गरि क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको लागि एउटा अनुसन्धान स्थलको रुपमा विकास गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालनका लागि निम्नबमोजिमका क्रियाकलापहरू रहने छन्।

क) वन विज्ञान अध्ययन संस्थान र केन्द्र बिच समन्वय गरि सह-लगानीमा कार्य संचालन गर्नु पर्नेछ। कार्यक्रम कार्यान्वयनका लागि साविक वन तथा भूसंरक्षण मन्त्रालयले जारी गरेको वन, वनस्पति, वन्यजन्तु तथा भू-संरक्षण सम्बन्धी विकास निर्माण कार्याक्रमका लागि दर विश्लेषण नर्मस्, २०७० बमोजिम लागत अनुमान तयार गरि कार्यक्रम संचालन गरिनेछ।

ख) विनियोजित बजेट बिरुवा उत्पादन कार्य, नर्सरी मर्मत, नर्सरी नाईकेको पारिश्रमिक, तथा अध्ययन अनुसन्धान क्रयाकलापमा (नर्सरी सामाग्री खरिद, बिउ खरिद, उपकरण खरिद) लगायतमा कार्यमा खर्च गर्न सकिनेछ।

ग) विभिन्न एक वर्षिय र बहुवर्षिय बिरुवाहरु अध्ययन अनुसन्धान कार्यको लागि आवश्यकता अनुसारको पोलिव्यागको उत्पादन गराउन सकिनेछ।

घ) बिरुवाको उचाई कम्तिमा १ फिटको (ढिलो बढ्ने प्रजाति बाहेक) हुनु पर्नेछ।

ङ) उत्पादन गरिने बिरुवाहरुको प्रजाति सम्झौता पत्रमा उल्लेख गर्नुपर्नेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

च) उत्पादित बिरुवाको अध्ययन अनुसन्धान तथा वितरण गरिएको कार्यको अभिलेख लगायतका विवरणहरु रजिष्टरमा अद्यावधिक गर्नु पर्नेछ।

(३) सम्झौता अनुसारको बिरुवा उत्पादन कार्य सम्पन्न भए पछि अध्ययन संस्थानले उत्पादित बिरुवाहरुको प्रजाति अनुसारको संख्या, फोटो, प्रतिवेदन सहितको आवश्यक कागजातहरु तयार गरी केन्द्रमा पेस गर्नु पर्नेछ। सोको आधारमा केन्द्रबाट जाँचपास गरी नियमानुसार भुक्तानी दिईनेछ।

१००. <u>वन विज्ञान अध्ययन संस्थान पोखराका विद्यार्थीलाई ईन्टर्नसिप मार्फत सेवाप्रवाहमा सवलिकरणः</u> (१) वन विज्ञान अध्ययन संस्थान, पोखरामा वन विज्ञान विषयमा स्नातक तहको अध्ययन गरिरहेका र पाठ्यक्रममा इन्टर्नशिपको व्यवस्था भएका, स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई वन तथा वातावरणको क्षेत्रका कामकाजमा सहभागी गराई वन सम्बन्धी सेवा प्रवाह, तथ्याङ्क संकलन, विश्लेषण, अध्ययन, अनुसन्धान, शोध र क्षमता अभिबृद्धि गराउनुका साथै वन विज्ञानका विद्यार्थीमार्फत वन सम्बन्धी ज्ञान, सीप र प्रविधिलाई प्रदेश सरकारका कार्यालय तथा कार्यक्रममा उपयोग गरी विद्यार्थीहरूको व्यावहारिक ज्ञान र अनुभव बढाउने र सेवा प्रवाहमा सुधार हुने उद्देश्यले यो क्रियाकलाप राखिएको हो।

(२) यस कार्यक्रमका लागि देहाय अनुसार सहजीकरण समिति गठन गरिनेछः

(क) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक- संयोजक

(ख) वन तथा वातावरण मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि- सदस्य

(ग) प्रदेश वन निर्देशनालयले तोकेको अधिकृत प्रतिनिधि- सदस्य

(घ) वन विज्ञान अध्ययन संस्थान, पोखराका प्रमुख वा निजले तोकेको प्रतिनिधि- सदस्य

(ङ) केन्द्रको आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

(च) केन्द्रका निर्देशकले तोकेको अधिकृत- सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(४) समितिको काम कर्तव्य र अधिकारमा केन्द्रको वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए बमोजिम विनियोजित बजेट अनुसार वन विज्ञान अध्ययन संस्थान पोखराबाट ईन्टर्न खटाउने प्रयोजनका लागि विद्यार्थी संख्या र मासिक सुविधा निर्धारण गरि कार्यालय प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ।

(५) केन्द्रले ईन्टर्न परिचालन गर्ने प्रयोजनका लागी अध्ययन्न संस्था सँग सम्झौता गर्नु पर्नेछ।

(६) अध्ययन संस्थानले ईन्टन छनोट गर्दा कम्तीमा सात दिनको सूचना जारी गरी देहाय बमोजिम ईच्छुक र योग्य विद्यार्थीबाट दरखास्त लिनुपर्नेछः

(क) स्नातक तहको अन्तिम वर्ष/सेमेष्टरमा अध्ययनरत,

(ख) अघिल्ला वर्ष/सेमेष्टरहरूको शैक्षिक नतिजा,

(घ) प्रदेशका सबै भौगोलिक क्षेत्रमा गई कामकाज गर्न इच्छुक,

(ङ) अध्ययन संस्थानले तोकिदिएका अन्य आवश्यक विषय

वन अधिकृत    महाशाखा प्रमुख    प्रदेश सचिव    नम्डु गुरुङ माननीय मन्त्री

(७) ईन्टर्नसिपको अवधि कम्तीमा तीन महिना देखि बढीमा पाँच महिना सम्मको हुनेछ। ईन्टर्न परिचालन हुने निकाय समितिले निर्धारण गरे बमोजिम हुनेछ। ईन्टन परिचालन हुने निकाय वा कार्यालय प्रमुखले ईन्टर्नको सुपरिवेक्षक तोकी परिचालन सुपरिवेक्षण तथा प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) सुपरिवेक्षकको प्रत्यक्ष सम्पर्क र सुपरिवेक्षणमा रही ईन्टर्नले काम गर्नुपर्ने हुन्छ र ईन्टर्न अवधिमा आफूले गरेको कार्यविवरण र प्रगति सम्बन्धी संक्षिप्त प्रतिवेदन प्रत्येक महिना केन्द्रमा पठाउनु पर्नेछ।

(९) ईन्टर्नसिपका लागि सहजीकरण समितिको बैठक, अनुगमन तथा मूल्याङ्क, प्रतिवेदन तयारी, प्रमाण पत्र छपाइ, सञ्चार तथा समन्वय लगायतका विषयमा कूल विनियोजित बजेटको बढीमा तीन प्रतिशत नबढ्ने गरी स्वीकृत लागत अनुमान बमोजिम खर्च गर्न सकिनेछ।

(१०) यस सम्बन्धी अन्य व्यवस्था साविक उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको, विद्यार्थीलाई इन्टर्नसीप प्रदान गर्ने सम्बन्धी मापदण्ड २०७८ मा भएको व्यवस्था बमोजिम नै हुनेछ।

१०१. **कर्मचारी टिम विल्डिङ कार्यक्रमः** (१) तालिम सञ्चालन र व्यवस्थापन सम्वन्धमा पाठ्यक्रममा भएका विषयवस्तर र सिकाईलाई अन्तर निकाय बिच समन्वय/सहकार्य बढाई प्रभावकारी बनाउन र प्रदान गरिने सेवाप्रवाहलाई चुस्त, दुरुस्त तथा प्रविधि मैत्री बनाउन यस कार्यक्रम उद्देश्य रहेकोछ।

(२) केन्द्रले यस कार्यक्रममा तालिम सञ्चालन, व्यवस्थापन तथा अध्ययन अनुसन्धानका पाठ्यक्रम सहित तालिम सञ्चालन मोडालिटिका विषयमा मन्त्रालयका सचिव, महाशाखा प्रमुख, शाखा प्रमुख तथा निर्देशनालयका निर्देशक, शाखा प्रमुख लगायत प्रतिनिधिलाई सहभागी गराइ कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यस गोष्ठीमा सम्बन्धित विषय विज्ञलाई स्रोत व्यक्तिको रुपमा आमन्त्रण गर्न सकिनेछ।

(३) यस कार्यक्रममा विनियोजित बजेट प्रशिक्षक सहजीकरण भत्ता, हल भाडा, सहभागी भ्रमण खर्च, खाजा, खाना, सञ्चार, यातायात, मसलन्द लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

(४) कार्यक्रम सम्पन्न पश्चात विल भरपाई, फोटो र गरिएका क्रियाकलाप समावेश गरी कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्ने छ।

१०२. **सार्वजनिक खरिद (E-Bidding) तथा जिन्सी व्यवस्थापन तालिम/GIS सम्बन्धी तालिम /वन श्रोत सर्वेक्षण मापन तथा कार्ययोजना तयारी सम्बन्धी तालिम (वन रक्षक र फरेष्टर)/ वन विकास निर्माण तथा भू संरक्षण कार्यमा लागि डिजाईन तथा लागत अनुमान तयार गर्ने तालिम/ वन संवर्धनमा आधारित दिगो वन व्यवस्थापन तालिम/मुद्दा अनुसन्धान तहकिकात तथा अभियोजन सम्बन्धी तालिम/ कर्मचारीहरुका लागि तनाब व्यवस्थापन र सुशासन प्रवर्धन तालिम कार्यक्रम सञ्चालन प्रक्रिया तथा सेवा सुविधाः** (१) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले तालिम सञ्चालन गर्नुपूर्व अवधारणा पत्र, विस्तृत प्रस्ताव, लागत अनुमान

वन अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव नम्डु गुरुङ माननीय मन्त्री

तथा सेसन प्लान तयार गर्दा मन्त्रालयको परामर्शमा तयार गरी सोही अनुसार केन्द्रका निर्देशकबाट स्वीकृत गराई तालिम सञ्चालन गर्नुपर्नेछ।

(२) तालिममा सहभागी छनोट गर्दा प्रदेश तथा संघ सरकार अन्तर्गतका वन, वातावरण, वन्यजन्तु तथा भूसंरक्षण क्षेत्र सम्बन्धी विषयमा काम गर्ने निकायहरुबाट सहभागी मनोनयन गरी पठाउन पत्राचार गर्नु पर्नेछ। तालिममा सहभागी मनोनयन गर्दा बरिष्ठताका आधारमा बढुवाको सम्भाव्य उमेद्वार भएका, सम्बन्धित कार्यालय र तालिमको अभिलेख हेरी यस अगाडी तालिमको अवसर नपाएका र दुर्गम क्षेत्रमा खटिएका कर्मचारीलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तालिममा सहभागी मनोनयन गर्दा GIS सम्बन्धी तालिम, वन संवर्धनमा आधारित दिगो वन व्यवस्थापन तालिम, मुद्दा अनुसन्धान तहकिकात तथा अभियोजन सम्बन्धी तालिम र वन विकास निर्माण तथा भू संरक्षण कार्यमा लागि डिजाईन तथा लागत अनुमान तयार गर्ने तालिम मा रेन्जर देखि अधिकृतस्तर तहका कर्मचारी मनोनयन गरी तालिममा सहभागी गराउनु पर्नेछ। सार्वजनिक खरिद (E-Bidding) तथा जिन्सी व्यवस्थापन तालिममा प्रशासन र लेखा सेवा/समूहका का कर्मचारीहरू समेतलाई सहभागी गराउन सकिनेछ। वन श्रोत सर्वेक्षण मापन तथा कार्ययोजना तयारी सम्बन्धी तालिम (वन रक्षक र फरेष्टर) मा वन रक्षक र फरेष्टर कर्मचारीहरूलाई सहभागी गराउनु पर्नेछ। कर्मचारीहरुका लागि तनाब व्यवस्थापन र सुशासन प्रवर्धन तालिममा कार्यलय प्रमुख वा निजले तोकेको अधिकृतस्तर तहका कर्मचारीलाई सहभागी गराउनु पर्नेछ।

(५) तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरूवाट मात्र सम्भव नभएको अवस्थामा सम्बन्धित विषयवस्तुको विज्ञहरूवाट प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ।

(६) तालिमका सहभागी, तालिम संयोजक, प्रशिक्षक, प्रतिवेदक तथा सहयोगी, तालिमका उत्तरपुस्तिका परीक्षण र तालिम मुल्याङ्कन समिति बैठक समेतको सेवा सुविधा गण्डकी प्रदेशको खर्चको मापदण्ड अनुसार हुनेछ।

(७) तालिमका सहभागीहरू जिल्ला बाहिरका भएमा भ्रमण खर्च नियमावली बमोजिम दैनिक भ्रमण भत्ता र जिल्ला भित्रका सहभागीहरूलाई यातायात खर्च उपलब्ध गराइनेछ।

(८) तालिम कार्यक्रमका सहभागीहरू, संयोजक, प्रशिक्षक, प्रतिवेदक तथा सहयोगीहरूका लागि प्रति व्यक्ति गण्डकी प्रदेश सरकारको प्रचलित खर्चको मापदण्ड अनुसार खाजा खर्चको व्यवस्था गर्न सकिनेछ।

(९) तालिम कार्यक्रम सम्पन्न भएपछि तोकिएका कर्मचारीले स्वीकृत लागत अनुमान, पाठ योजना, तालिम कार्यक्रमका क्रममा भएको खर्चको विवरण तथा विल भरपाई, सहभागीबाट भएको तालिम मूल्याङ्कन र प्रतिवद्धता सहितको कार्ययोजना, तालिम सञ्चालनका फोटो समावेश गरी प्रतिवेदन पेस गर्नु पर्नेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्दु गुरुङ
माननीय मन्त्री

(१०) तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरू भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, तालिमका लागि आवश्यक भौतिक सामग्री खरिद/भाडामा लिने तथा हस्तान्तरण, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, व्यानर तथा प्रमाणपत्र तयारी, उदघाटन तथा समापन कार्यक्रम लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

१०३. **प्रचलित कानुन बमोजिम हुने:** प्रचलित कानुनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन बमोजिम हुनेछ।

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ
माननीय मन्त्री

## अनुसूची १
### (दफा ६ सँग सम्बन्धित)

| क्र.सं. | क्रियाकलाप | कुल बजेटको खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | वन डढेलो नियन्त्रणका लागि रेपिड रेस्पोन्स टिम गठन तथा परिचालनः | ५ देखि १० | |
| २ | संवेदनशील वन क्षेत्रमा अग्नी रेखा निर्माण, मर्मत तथा ज्वलनशील पदार्थ संकलन तथा व्यवस्थापनः<br>यस शीर्षकमा नयाँ अग्नी रेखा निर्माण वा पुराना अग्नी रेखा सरसफाई तथा मर्मत, नियन्त्रित डढेलो तथा ज्वलनशील पदार्थको संकलन तथा व्यवस्थापन गर्न सकिनेछ। | २० देखि ३० | |
| ४ | वन डढेलो नियन्त्रण सम्बन्धी क्षमता अभिबृद्धि तथा जनचेतनामूलक कार्यक्रमः<br>यस शीर्षकमा मौसमी हेरालु (दस्ता) व्यवस्थापन, स्कुल शिक्षा कार्यक्रम, वन डढेलो सप्ताह, प्रचार प्रसार, वन डढेलो नियन्त्रणको लागि वन उपभोक्ता समूह, कर्मचारी, सुरक्षाकर्मी तथा स्वयंसेवकलाई क्षमता अभिबृद्धि तालिम/अभिमुखीकरण तथा अन्य कार्य गर्न सकिनेछ। | २५ देखि ३० | |
| ५ | सहभागितामुलक वन डढेलो रोकथाम तथा नियन्त्रण :<br>यस शीर्षकमा वन डढेलो नियन्त्रणका लागि सरोकारवालासँग छलफल, वन डढेलो नियन्त्रण कार्य, प्रतिरोधी आगो (Counter Fire) तथा अन्य व्यवस्थापकीय कार्य गर्न सकिनेछ। | १० देखि १५ | |
| ६ | डढेलो नियन्त्रण तथाउद्दार कार्यः<br>यस शीर्षकमा फिल्ड गियर खरिद, स्वयंसेवक परिचालन, आकस्मिक खर्च लगायतमा खर्च गर्न सकिनेछ। | बढिमा १५ | |
| ७ | प्रतिवेदन तयारीः<br>यस शीर्षकमा डढेलो लागेको क्षेत्रको GIS/नक्साङ्कन, क्षतिग्रस्त क्षेत्रफल, धनजनको क्षति सहितको विस्तृत अद्यावधिक विवरण सहित प्रतिवेदन तयार गर्नु पर्नेछ। | ५ देखि १० | |
| ८ | वन डढेलो नियन्त्रणको लागि नियमित गस्ति गर्न इन्धन तथा सवारी मर्मतः | बढिमा २५ | |
| वन डढेलो नियन्त्रणका लागि सामाग्री खरिद तथा अन्य प्रकृतिका कार्यहरु संघीय कार्यविधिको अधिनमा रही संघीय ससर्त अनुदानको कार्यक्रमबाट गर्न सकिनेछ। | | | |

वन अधिकृत

महाशाखा प्रमुख

प्रदेश सचिव

नम्डु गुरुङ
मानवीय मन्त्री